राप्ती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मसुरिया, देउखुरी, दाङ, लुम्बिनी प्रदेश, नेपाल


# मध्यमकालीन खर्च संरचना

(आर्थिक वर्ष २०८१/८२ - २०८३/८४)

## अन्तिम प्रतिवेदन

# विषयसूची


**परिच्छेद - १: परिचय** १

**१.१ पृष्ठभूमि** १

**१.२ अवधारणा तथा उद्देश्य** १

**१.३ कानूनी तथा संस्थागत व्यवस्था** २

१.३.१ संस्थागत व्यवस्था ३

१.३.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति ३

१.३.३ मध्यमकालीन खर्च संरचना कार्यदल ३

१.३.४ विषयगत योजना तर्जुमा समितिहरू ३

१.३.५ बजेट तथा कार्यक्रम तर्जुमा समिति ४

**१.४ तर्जुमा प्रकिया** ५

१.४.१ कार्य तालिका तथा जिम्मेवारी निर्धारण ५

**परिच्छेद - २: मध्यमकालीन खर्च संरचना** ५

**२.१ पृष्ठभूमि** ६

**२.२ सोच, उद्देश्य तथा रणनीति** ६

**२.३ मध्यमकालीन आर्थिक खाका** ८

**२.४ मध्यमकालीन नतिजा खाका** ८

**२.५ मध्यमकालीन बजेट खाका** ११

**२.६ कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण तथा बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट** १३

२.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण १३

२.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४

२.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४

२.६.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४

२.६.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १६

२.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १७

**परिच्छेद - ३: आर्थिक क्षेत्र** १८

**३.१ कृषि, मत्स्य, पशुपन्छी तथा जडीबुटी** १८

३.१.१ पृष्ठभूमि १८

३.१.२ समस्या तथा चुनौती १८

३.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य १८

३.१.४ रणनीति १९

**३.२ जडीबुटी** १९

३.२.१ रणनीति २०

**३.३ पशुपंक्षी विकास तथा मत्स्यपालन** २०

३.३.१ पृष्ठभूमि २०

३.३.२ समस्या तथा चुनौती २०

३.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य २०

३.३.४ रणनीति २१

३.३.५ कार्यक्रमको संक्षिप्त विवरण २१

३.१.६ जोखिम पक्ष तथा अनुमान २६
**३.२ उद्योग, वाणिज्य, खानी, खनिज, तथा आपूर्ति २६**
३.२.१ पृष्ठभूमि २६
३.२.२ समस्या तथा चुनौती २६
३.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य २६
३.२.४ रणनीति २७
३.२.५ कार्यक्रमको संक्षिप्त विवरण २७
३.२.६ जोखिम पक्ष तथा अनुमान २९
**३.३ पर्यटन तथा संस्कृति ३०**
३.३.१ पृष्ठभूमि ३०
३.३.२ समस्या तथा चुनौती ३०
३.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ३०
३.३.४ रणनीति ३१
३.३.५ कार्यक्रमको संक्षिप्त विवरण ३१
३.३.६ जोखिम पक्ष तथा अनुमान ३३
**३.४ भूमि व्यवस्थापन (भू-उपयोग) ३३**
३.४.१ पृष्ठभूमि ३३
३.४.२ समस्या तथा चुनौती ३४
३.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ३४
४.४.४ रणनीति ३४
४.४.५ कार्यक्रमको संक्षिप्त विवरण ३४
४.४.६ जोखिम पक्ष तथा अनुमान ३५
**३.५ सहकारी ३५**
३.५.१ पृष्ठभूमि ३५
३.५.२ समस्या तथा चुनौती ३६
३.५.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ३६
३.५.४ रणनीति ३६
३.५.५ कार्यक्रमको संक्षिप्त विवरण ३६
३.५.६ जोखिम पक्ष तथा अनुमान ३७
**३.६ बैङ्क तथा वित्तीय क्षेत्र ३८**
३.६.१ पृष्ठभूमि ३८
३.६.२ समस्या तथा चुनौती ३८
३.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ३८
३.६.४ रणनीति ३८
३.६.५ कार्यक्रमको संक्षिप्त विवरण ३९
३.६.६ जोखिम पक्ष तथा अनुमान ३९
**३.७ गरीबी निवारण ३९**
३.७.१ पृष्ठभूमि ३९
३.७.२ समस्या तथा चुनौती ४०
३.७.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ४०

| | | |
|---|---|---|
| ३.७.४ | रणनीति | ४० |
| ३.७.५ | कार्यक्रमको संक्षिप्त विवरण | ४० |
| ३.७.६ | जोखिम पक्ष तथा अनुमान | ४१ |
| **परिच्छेद - ४: सामाजिक क्षेत्र** | | **४७** |
| **४.१** | **शिक्षा, विज्ञान तथा प्रविधि** | **४७** |
| ४.१.१ | पृष्ठभूमि | ४७ |
| ४.१.२ | समस्या तथा चुनौती | ४७ |
| ४.१.३ | दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | ४७ |
| ४.१.४ | रणनीति | ४८ |
| ४.१.५ | कार्यक्रमको संक्षिप्त विवरण | ४९ |
| ४.१.६ | जोखिम पक्ष तथा अनुमान | ५३ |
| **४.२** | **स्वास्थ्य** | **५३** |
| ४.२.१ | पृष्ठभूमी | ५३ |
| ४.२.२ | समस्या तथा चुनौती | ५३ |
| ४.२.३ | दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ५४ |
| ४.२.४ | रणनीति | ५४ |
| ४.२.५ | कार्यक्रमको संक्षिप्त विवरण | ५५ |
| ४.२.६ | जोखिम पक्ष तथा अनुमान | ५७ |
| **४.३** | **संस्कृति, भाषा, कला तथा साहित्य** | **५८** |
| ४.३.१ | पृष्ठभूमि | ५८ |
| ४.३.२ | समस्या तथा चुनौती | ५८ |
| ४.३.३ | दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ५८ |
| ४.३.४ | रणनीति | ५८ |
| ४.३.५ | कार्यक्रमको संक्षिप्त विवरण | ५९ |
| ४.३.६ | जोखिम पक्ष तथा अनुमान | ६० |
| **४.४** | **लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण** | **६०** |
| ४.४.१ | पृष्ठभूमि | ६० |
| ४.४.२ | समस्या तथा चुनौती | ६० |
| ४.४.३ | दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ६१ |
| ४.४.४ | रणनीति | ६१ |
| ४.४.५ | कार्यक्रमको संक्षिप्त विवरण | ६१ |
| ४.४.६ | जोखिम पक्ष तथा अनुमान | ६५ |
| **४.५** | **बालबालिका** | **६५** |
| ४.५.१ | पृष्ठभूमि | ६५ |
| ४.५.२ | समस्या तथा चुनौती | ६५ |
| ४.५.३ | दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ६६ |
| ४.५.४ | रणनीति | ६६ |
| ४.५.५ | कार्यक्रमको संक्षिप्त विवरण | ६६ |
| ४.५.६ | जोखिम पक्ष तथा अनुमान | ६७ |

| | | |
|---|---|---|
| **४.६** | **युवा, मानव संसाधन, श्रम तथा रोजगार** | **६७** |
| ४.६.१ | पृष्ठभूमि | ६७ |
| ४.६.२ | समस्या तथा चुनौती | ६७ |
| ४.६.३ | दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ६८ |
| ४.६.४ | रणनीति | ६८ |
| ४.६.५ | कार्यक्रमको संक्षिप्त विवरण | ६८ |
| ४.६.६ | जोखिम पक्ष तथा अनुमान | ६९ |
| **४.७** | **खेलकुद तथा मनोरञ्जन** | **६९** |
| ४.७.१ | पृष्ठभूमि | ६९ |
| ४.७.२ | समस्या तथा चुनौती | ६९ |
| ४.७.३ | दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ७० |
| ४.७.४ | रणनीति | ७० |
| ४.७.५ | कार्यक्रमको संक्षिप्त विवरण | ७१ |
| ४.७.६ | जोखिम पक्ष तथा अनुमान | ७१ |
| **४.८** | **सामाजिक सुरक्षा** | **७२** |
| ४.८.१ | पृष्ठभूमि | ७२ |
| ४.८.२ | समस्या तथा चुनौती | ७२ |
| ४.८.३ | दीर्घकालनीन सोच, लक्ष्य तथा उद्देश्य | ७२ |
| ४.८.४ | रणनीति | ७२ |
| ४.८.५ | कार्यक्रमको संक्षिप्त विवरण | ७३ |
| ४.८.६ | जोखिम पक्ष तथा अनुमान | ७३ |
| **४.९** | **शान्ति सुरक्षा** | **७३** |
| ४.९.१ | पृष्ठभूमि | ७३ |
| ४.९.२ | समस्या तथा चुनौती | ७४ |
| ४.९.३ | दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | ७४ |
| ४.९.४ | रणनीति | ७४ |
| ४.९.५ | कार्यक्रमको संक्षिप्त विवरण | ७४ |
| ४.९.६ | जोखिम पक्ष तथा अनुमान | ७५ |
| **४.१०** | **शवदाहस्थल तथा समाधिस्थल व्यवस्थापन** | **७५** |
| ४.१०.१ | पृष्ठभूमि | ७५ |
| ४.१०.२ | समस्या तथा चुनौती | ७५ |
| ४.१०.३ | दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ७५ |
| ४.१०.४ | रणनीति | ७६ |
| ४.१०.५ | कार्यक्रमको संक्षिप्त विवरण | ७६ |
| ४.१०.६ | जोखिम पक्ष तथा अनुमान | ७६ |
| **परिच्छेद - ५: पूर्वाधार विकास** | | **८४** |
| **५.१** | **खानेपानी तथा सरसफाई** | **८४** |
| ५.१.१ | पृष्ठभूमि | ८४ |
| ५.१.२ | समस्या तथा चुनौती | ८४ |
| ५.१.३ | दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ८४ |

| | | |
|---|---|---|
| | ५.१.४ रणनीति | डद्ध |
| | ५.१.५ कार्यक्रमको संक्षिप्त विवरण | ८५ |
| | ५.१.६ जोखिम पक्ष तथा अनुमान | ८७ |
| **५.२** | **सिँचाई** | **८७** |
| | ५.२.१ पृष्ठभूमि | ८७ |
| | ५.२.२ समस्या तथा चुनौती | ८७ |
| | ५.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ८८ |
| | ५.२.४ रणनीति | ८८ |
| | ५.२.५ कार्यक्रमको संक्षिप्त विवरण | ८८ |
| | ५.२.६ जोखिम पक्ष तथा अनुमान | ९० |
| **५.३** | **ऊर्जा** | **९०** |
| | ५.३.१ पृष्ठभूमि | ९० |
| | ५.३.२ समस्या तथा चुनौती | ९० |
| | ५.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ९० |
| | ५.३.४ रणनीति | ९० |
| | ५.३.५ कार्यक्रमको संक्षिप्त विवरण | ९१ |
| | ५.३.६ जोखिम पक्ष तथा अनुमान | ९२ |
| **५.४** | **सडक तथा यातायात** | **९२** |
| | ५.४.१ पृष्ठभूमि | ९२ |
| | ५.४.२ समस्या तथा चुनौती | ९३ |
| | ५.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ९३ |
| | ५.४.४ रणनीति | ९३ |
| | ५.४.५ कार्यक्रमको संक्षिप्त विवरण | ९३ |
| | ५.४.६ जोखिम पक्ष तथा अनुमान | ९६ |
| **५.५** | **आवास, भवन तथा वस्ती विकास** | **९६** |
| | ५.५.१ पृष्ठभूमी | ९६ |
| | ५.५.२ समस्या तथा चुनौती | ९६ |
| | ५.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ९६ |
| | ५.५.४ रणनीति | ९६ |
| | ५.५.५ कार्यक्रमको संक्षिप्त विवरण | ९७ |
| | ५.५.६ जोखिम पक्ष तथा अनुमान | ९९ |
| **५.६** | **सूचना तथा सञ्चार** | **९९** |
| | ५.६.१ पृष्ठभूमी | ९९ |
| | ५.६.२ समस्या तथा चुनौती | ९९ |
| | ५.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ९९ |
| | ५.६.४ रणनीति | ९९ |
| | ५.६.५ कार्यक्रमको संक्षिप्त विवरण | १०० |
| | ५.६.६ जोखिम पक्ष तथा अनुमान | १०१ |

परिच्छेद - ६: वातावरण तथा विपद् व्यवस्थापन १०४
६.१ वन तथा भू-संरक्षण १०४
६.१.१ पृष्ठभूमी १०४
६.१.२ समस्या तथा चुनौती १०४
६.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य १०४
६.१.४ रणनीति १०४
६.१.५ कार्यक्रमको संक्षिप्त विवरण १०६
६.१.६ जोखिम पक्ष तथा अनुमान १०७
६.२ जलाधार व्यवस्थापन १०७
६.२.१ पृष्ठभूमी १०७
६.२.२ समस्या तथा चुनौती १०७
६.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य १०८
६.२.४ रणनीति १०८
६.२.५ कार्यक्रमको संक्षिप्त विवरण १०८
६.२.६ जोखिम पक्ष तथा अनुमान १०९
६.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन १०९
६.३.१ पृष्ठभूमी १०९
६.३.२ समस्या तथा चुनौती ११०
६.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य ११०
६.३.४ रणनीति ११०
६.३.५ कार्यक्रमको विस्तृत विवरण ११०
६.३.६ जोखिम पक्ष तथा अनुमान ११२
६.४ वातावरण संरक्षण ११२
६.४.१ पृष्ठभूमी ११२
६.४.२ समस्या तथा चुनौती ११३
६.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ११३
६.४.४ रणनीति ११३
६.४.५ कार्यक्रमको विस्तृत विवरण ११३
६.४.६ जोखिम पक्ष तथा अनुमान ११४
परिच्छेद - ७: संस्थागत विकास सेवा प्रवाह तथा सुशासन ११७
७.१ सुशासन तथा सेवा प्रवाह ११७
७.१.१ पृष्ठभूमि ११७
७.१.२ समस्या तथा चुनौती ११७
७.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ११७
७.१.४ रणनीति ११७
७.१.५ कार्यक्रमको संक्षिप्त विवरण ११७
७.१.६ जोखिम पक्ष तथा अनुमान ११९
७.२ मानव अधिकार तथा सामाजिक न्याय १२०
७.२.१ पृष्ठभूमि १२०
७.२.२ समस्या तथा चुनौती १२०

७.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य १२०
७.२.४ रणनीति १२०
७.२.५ कार्यक्रमको संक्षिप्त विवरण १२०
७.२.६ जोखिम पक्ष तथा अनुमान १२१
**७.३ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन १२१**
७.३.१ पृष्ठभूमि १२१
७.३.२ समस्या तथा चुनौती १२२
७.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य १२२
७.३.४ रणनीति १२२
७.३.५ कार्यक्रमको संक्षिप्त विवरण १२२
७.३.६ जोखिम पक्ष तथा अनुमान १२३

## तालिम सूची

**तालिका नं. १:** स्थानीय समष्टिगत मध्यमकालीन आर्थिक खाका ८
**तालिका नं. २:** समष्टिगत मध्यमकालीन नतिजा खाका ८
**तालिका नं. ३:** त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण (रू. हजारमा) ११
**तालिका नं. ४:** रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण (रू. हजारमा) १३
**तालिका नं. ५:** प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४
**तालिका नं. ६:** दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रू. हजारमा) १४
**तालिका नं. ७:** लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रू हजारमा) १६
**तालिका नं. ८:** जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १६

# परिच्छेद - १: परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना आवधिक योजना र सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण औजार हो। मध्यमकालीन खर्च संरचनाले आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेट बीच तादाम्यता कायम गराउने हुँदा यसलाई योजना र बजेटबीचको सेतुको रुपमा समेत परिभाषित गरिन्छ। यसले प्राथमिकता प्राप्त कार्यक्रम/आयोजनमा स्रोत विनियोजनको सुनिश्चितता गर्दछ। कार्यान्वयन ईकाइलाई जिम्मेवार र जवाफदेही बनाउने हुँदा वित्तीय अनुशासन कायम गर्न मद्दत गर्छ। सीमित स्रोत साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च प्रणालीको स्थापना, सामाजिक-आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना अत्यन्तै महत्वपूर्ण हुन्छ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहले चालु, पुँजीगत र वित्तीय व्यवस्था सहितको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी दायित्व उल्लेख रहेको छ। उल्लिखित कानूनी दायित्व पूरा गर्न तथा राप्ती गाउँपालिकाले आफ्नो आर्थिक प्रणालीलाई मितव्ययी, पारदर्शी बनाउँदै विकासका आयोजनालाई वस्तुगत आधारमा प्राथमिकिकरण गर्न यो मध्यमकालीन खर्च संरचना तयार गरेको हो।

यो मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन र आवधिक योजना, दिगो विकासका लक्ष्य तथा राप्ती गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजना लाई मध्यनजर गरिएको छ। गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्दा नेपालको संविधान, २०७२ द्वारा निर्दिष्ट कार्यक्षेत्र, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ लाई मार्ग निर्देशक दस्तावेजको रुपमा लिइएको छ।

## १.२ अवधारणा तथा उद्देश्य

सीमित स्रोत र साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च, सामाजिक-आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना तर्जुमा अत्यन्तै महत्वपूर्ण हुन्छ। यसले स्थानीय आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गर्न मद्दत गर्छ। मध्यमकालीन खर्च संरचना तयार गर्दा स्रोत अनुमानतर्फ आन्तरिक राजस्व, संघीय र प्रादेशिक सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने राजस्व बाँडफाँट र अनुदानको आँकलन गरिएको छ। समष्टिगत स्रोतको आँकलन गरी विषय क्षेत्रगत नीति, कार्यक्रम र प्राथमिकताको आधारमा खर्चको अनुमान सहितको त्रिवर्षीय बजेट खाका समेत निर्माण गरिएको छ। कार्यक्रम/आयोजनालाई नतिजा तथा प्रतिफलमा आधारित बनाउनका लागि मध्यमकालीन नतिजा खाका समेत समावेश गरिएको छ। समष्टिगत आर्थिक स्थायित्व, वित्तीय सुशासन र नतिजामूलक विकास व्यवस्थापन मार्फत विकासको प्रतिफल सबै गाउँपालिकाबासीलाई समतामूलक

तवरले वितरण गर्न सार्वजनिक स्रोतको अनुमान, विनियोजन र कार्यान्वयनलाई वस्तुगत र वैज्ञानिक बनाउने प्रयास गरिएको छ। यसमा चालु आर्थिक वर्षको यथार्थ विनियोजन र आगामी दुई आर्थिक वर्षको स्रोत अनुमान समावेश गरिएको छ।

### उद्देश्यहरू

मध्यमकालीन खर्च संरचना तर्जुमाको उद्देश्य आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेटबीच तादम्यता कायम गरी सीमित स्रोत साधनको महत्तम उपयोग गर्नु, स्थानीय सरकारको विनियोजन कुशलता, कार्यान्वयनमा दक्षता तथा वित्तीय अनुशासन प्रभावकारी बनाउदै आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम गर्नु हो। यसका अन्य उद्देश्य देहाय अनुसार रहेका छन्:-

१. गाउँपालिकाको आन्तरिक स्रोत, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण आदिको वास्तविक अनुमान सहित यथार्थमा आधारित बजेट खाका तर्जुमा गर्नु।
२. प्राथमिकता प्राप्त क्षेत्रमा स्रोत सुनिश्चित गर्नु।
३. मध्यावधि मुल्याङ्कनद्वारा कार्यान्वयन कुशलता र नतिजा प्राप्ति उन्मुखताको विश्लेषण गर्नु।
४. तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कन गर्ने सबै निकायलाई जिम्मेवार र जवाफदेही बनाउनु।

## १.३ कानूनी तथा संस्थागत व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। दफा १७ को उपदफा (२) मा मध्यमकालीन खर्च संरचना तयार गर्दा देहाय अनुसारको विवरण खुलाउनु पर्ने व्यवस्था रहेको छ:

१. प्रस्तावित योजनाको उद्देश्य,
२. योजनाको लागि सम्भाव्यता अध्ययन गर्न र खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ,
३. योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछि दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,
४. योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,
५. खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,
६. प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँग तादाम्यता,
७. सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको,

यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ। स्थानीय तहको समेत स्रोत अनुमानका आधारमा मात्र कुल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने हुँदा सबै नगरपालिका तथा गाउँपालिकाले मध्यमकालीन खर्च संरचना बनाउनु आवश्यक छ।

### १.३.१ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादम्यता कायम गर्ने औजार भएकाले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि स्थानीय तहमा देहाय बमोजिमको संस्थागत व्यवस्था रहेको छ :-

### १.३.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले मध्यमकालीन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ :-

(क) पालिकाको आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्न,

(ख) प्रक्षेपण गरिएको कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्र र उपक्षेत्रगत खर्चको बजेट सीमा निर्धारण गर्न,

(ग) कार्यक्रम तथा आयोजनाहरु छनौट गरी प्राथमिकताका आधारमा बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन तयार गर्न,

(घ) बजेट सीमा स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश गर्न,

(ङ) गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी समग्र कार्यको निर्देशन गर्न ।

### १.३.३ मध्यमकालीन खर्च संरचना कार्यदल

गाउँपालिकामा मध्यमकालीन खर्च संरचना तयारीका लागि देहाय बमोजिमको एक कार्यदल रहन्छ । सो कार्यदलले प्रत्येक क्रियाकलापमा एकाईगत लागत आँकलन, शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयारी तथा समन्वय र सहजीकरण गर्दछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) विषयगत शाखा प्रमुखहरू - सदस्य

(ग) योजना शाखा प्रमुख - सदस्य सचिव

मध्यमकालीन खर्च संरचना तयारी गर्दा कार्यदलले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

### १.३.४ विषयगत योजना तर्जुमा समितिहरू

कार्यपालिकाबाट प्राप्त स्रोत सीमा तथा मार्गदर्शन भित्र रही विषयगत शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत रूपमा छलफल, विश्लेषण र पुनः प्राथमिकिकरण गरी पेश गर्ने कार्य विषयगत समितिले गर्दछन् । यसका अलावा मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिले देहाय बमोजिमका कार्यहरू सम्पादन गरी मध्यमकालिन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ ।

१. गाउँपालिकाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्ने ।

२. कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकीकरणको आधार तयार गर्ने ।

३. प्राथमिकता निर्धारण गरिएका कार्यक्रम तथा आयोजनाहरुलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने ।

(क) विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणका निर्धारित आधार, प्रक्रिया एवम् प्राप्त बजेट सीमा र मार्गदर्शन अनुसार बजेट, कार्यक्रम तथा आयोजना प्रस्ताव भए नभएको यकिन गर्ने ।

(ख) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्ने ।

(ग) विषय क्षेत्रगत रूपमा तयार भएको मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई अन्तिम रुप दिई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने ।

## १.३.५ बजेट तथा कार्यक्रम तर्जुमा समिति

विषयगत समितिबाट प्रस्ताव भएका विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदा तयारी सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्दछ । मध्यमकालिन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ ।

(क) मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर छलफल गरी स्वीकृत बजेट सीमा तथा मार्गदर्शन अनुरुप भए नभएको एकिन गर्ने,

(ख) पालिकाको आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता एवम् चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र विषय क्षेत्रगत सन्तुलन कायम हुने गरी स्रोत विनियोजन तथा प्रक्षेपण भए नभएको एकीन गर्ने,

(ग) गत वर्षहरुको उपलब्धि, आय र खर्चको प्रवृत्ति समेतको विश्लेषण गरी पालिकाको आर्थिक खाका तयार गर्ने,

(घ) आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको स्थानीयकरण श्रोतपुस्तिका लगायतका आधारमा तय भएको त्रिवर्षिय खर्च तथा स्रोत अनुमानको आधारमा समष्टिगत मध्यमकालीन बजेट खाका तर्जुमा गर्ने,

(ङ) आवधिक योजना तथा विषय क्षेत्रगत योजनाको लक्ष्य र उपलब्धि सूचकलाई आधार मानी विषय उपक्षेत्रगत रुपमा तयार भएको नतिजा खाकाको आधारमा समष्टिगत मध्यमकालीन नतिजा खाका तयार गर्ने,

(च) मध्यमकालीन खर्च संरचना दस्तावेजलाई स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेश गर्ने ।

## १.४ तर्जुमा प्रकिया

### १.४.१ कार्य तालिका तथा जिम्मेवारी निर्धारण

वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहाय बमोजिमको कार्यतालिकाको अवलम्बन गरिएको छ :

| क्रियाकलाप | समयसीमा | जिम्मेवारी |
|---|---|---|
| कार्यपालिकाका सदस्य र विषयगत महाशाखा/शाखा प्रमुखलाई अभिमुखीकरण | फागुन मसान्त | कार्यदल |
| योजना तथा कार्यक्रमको समीक्षा एवम् स्थानीय आर्थिक खाका तयारी | चैत्र १५ गतेभित्र | कार्यपालिका |
| त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आँकलन | बैशाख ५ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट | बैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण | बैशाख १५गते भित्र | प्रमुख प्रशासकीय अधिकृत |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी | जेठ ५ गते भित्र | कार्यदल/विषयगत समिति |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना विषयगत समितिमा छलफल | जेठ २५ गतेभित्र | कार्यदल/विषयगत समिति |
| मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| मध्यमकालीन खर्च संरचनालाई कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश | असार १० गतेभित्र | कार्यपालिका |
| मध्यमकालीन खर्च संरचना र बजेटमा प्रविष्टि | असार मसान्तभित्र | योजना शाखा |

यसैबिच देहायका चरणहरु पुरा गरी राप्ती गाउँपालिका दाङको मध्यमकालिन खर्च संरचना तयारी गरिएको छ ।

**चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा**

↓

**त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आकलन**

↓

**बजेट सीमा निर्धारण तथा बाँडफाँट**

↓

**बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण**

↓

**विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी**

↓

**विषयगत समितिमा मध्यमकालीन खर्च संरचनाको मस्यौदामाथि छलफल**

↓

**मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी**

↓

**मध्यमकालीन खर्च संरचनाको स्वीकृति**

# परिच्छेद - २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

स्थानीय सरकारले तर्जुमा गरेको आवधिक योजना, कुशलतापूर्वक विनियोजन गरिएको सार्वजनिक खर्च र प्रभावकारी कार्यान्वयनले राष्ट्रिय र प्रादेशिक स्तरमा तय गरिएका दीर्घकालीन र आवधिक योजनाको सोच, लक्ष्य तथा उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउँछ । पन्ध्रौं आवधिक योजना (२०७६/७७-२०८०/८१) तथा **लुम्बिनी प्रदेशको आवधिक योजना (२०७६/७७-२०८०/८१)** ले तय गरेका सोचहरु क्रमशः क्रमश: *समृद्ध नेपाल र सुखी नेपाली* तथा "समृद्ध प्रदेशः खुशी जनता" को सोचलाई यथार्थमा परिणत राप्ती गाउँपालिकाले **"सुन्दर हराभरा समृद्ध राप्ती"** को सोच सहित आवधिक योजना (२०८०/८१-२०८४/८५) तर्जुमा गरेको छ । त्यसैगरी उपलब्ध स्रोतको कुशल, मितव्ययी र प्रभावकारी व्यवस्थापनबाट आवधिक योजनाले पहिचान गरेको प्रमुख कार्यक्रम र सूचक हासिल गर्न मध्यमकालीन खर्च संरचना (२०८१/८२-२०८३/८४) तयार गरिएको छ ।

राप्ती गाउँपालिकाले चालु आर्थिक वर्षबाट कार्यान्वयन गर्ने गरी तयार गरेको मध्यमकालीन खर्च संरचनामा राष्ट्रिय र प्रादेशिक आवधिक योजना, दिगो विकासका लक्ष्य तथा राप्ती गाउँपालिकाले तर्जुमा गरेको प्रथम आवधिक योजनाको समष्टिगत र क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिको आधारमा उपलब्धि सूचक निर्माण गरिएको छ । यसैगरी आन्तरिक र बाह्य स्रोत अनुमानको आधारमा आगामी तीन आर्थिक वर्षको समष्टिगत आर्थिक खाका, बजेट खाका, नतिजा खाका निर्माण गरेको छ । आवधिक योजनाको रणनीतिक स्तम्भ, आयोजना/कार्यक्रमको प्राथमिकता क्रम, दिगो विकासको लक्ष्य, लैंगिक तथा जलवायु संकेत, स्थानीय गौरवका आयोजना तथा विषय क्षेत्रगत आयोजना/कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण गरिएको छ ।

## २.२ सोच, उद्देश्य तथा रणनीति

| दीर्घकालीन सोच |
|---|
| "सुन्दर हराभरा समृद्ध राप्ती" |
| **लक्ष्य** |
| ५ बर्ष भित्र राप्ती गाउँपालिकालाई समाजवाद उन्मुद अर्थतन्त्रको विकसित चरणमा प्रवेश गराउँदै देशकै नमुना गाउँपालिकाको रुपमा स्थापित गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ गाउँपालिकालाई आधारभूत पूर्वाधारले सम्पन्न बनाउने ।<br>✓ शिक्षा तथा स्वास्थ्यको आधारभूत आवश्यकताहरुको स्तर वृद्धि गरि उच्च/प्राविधिक/रोजगारी र आर्थिक उत्पादनमुलक शिक्षा तथा जटिल स्वास्थ्य सेवाका आवश्यकताहरु पुरा गर्ने ।<br>✓ नव-प्रवर्तन, स्थानीय सिप, साधन र श्रोतमा आधारित दिगो अर्थतन्त्र निर्माण गर्ने ।<br>✓ मौलिकतामा आधारित सम्मुनत समाज निर्माणमा अग्रसर हुने ।<br>✓ सबैको साझा हुनेगरी सहभागितामा आधारित नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।<br>✓ दिगो विकासलाई केन्द्रमा राखी समावेशी भौतिक पूर्वाधार निर्माण गर्ने ।<br>✓ खाद्य सुरक्षा र कृषि व्यवसायीकरण तर्फ अग्रसर हुने ।<br>✓ समग्र आर्थिक उन्नती तथा समुदायको अवस्था सुधारको लागि कृषि, पशुपालन, पर्यटन र उद्योग धन्दाको विकास र प्रवर्द्धन गर्ने । |

- ✓ सामाजिक क्षेत्र विकासको लागि उपयुक्त वातावरण निर्माण गर्दै शिक्षा, स्वास्थ्य, समावेशीता र समाजिक सुरक्षाको प्रत्याभूति गर्ने ।
- ✓ वातावरण संरक्षण, सम्बर्द्धन र फोहरमैलाको व्यबस्थापन गर्दै जलवायु परिवर्तनका असरहरु सँग जुध्न सक्ने अनुकुलनका उपाय मार्फत स्वच्छ, सफा र सुरक्षित गाउँपालिका तयार गर्ने ।
- ✓ मावन सृर्जित तथा प्राकृतिक प्रकोप र जोखिम न्यूनीकरण गर्ने ।
- ✓ प्रविधिमा आधारित सुशासनको प्रत्याभूति गर्ने ।

| **प्रमुख रणनीतिहरु** |
|---|
| ▪ प्राकृतिक श्रोतमा आधारित आर्थिक उत्पादनका अवसरहरुको अत्याधिक उपयोग गर्ने । |
| ▪ आकर्षक पर्यटकिय क्षेत्रहरुको प्रवर्द्धनका साथै उद्यम, व्यापार तथा व्यवसायको विकास गर्ने । |
| ▪ सामाजिक विकासका सूचकहरुमा सुधार गर्ने । |
| ▪ गरिबी न्यूनीकरण कार्यक्रममा लगानी वृद्धि गरी नियमित अनुगमन र मूल्याङ्कन गर्ने । |
| ▪ सामाजिक सुरक्षा तथा समावेशीतालाई सुनिश्चित गर्ने । |
| ▪ गाउँपालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता बढाउँदै लैजाने । |
| ▪ यातायात, जलस्रोत संचार जस्ता पूर्वाधारको विकास गर्ने । |
| ▪ वन, वातावरण संरक्षण तथा जैविक विविधता कायम गर्दै विपद जोखिम न्यूनिकरणबाट विकास र वातावरण बीच सन्तुलन कायम गर्ने । |
| ▪ वातावरण संरक्षण सम्बन्धी प्रष्ट नीति ल्याउने । |
| ▪ सामुदायिक वन समूह परिचालन गरी वन विकास र सामुदायिक विकास कार्य सञ्चालन गर्ने साथै चुरे संरक्षण र जलाधार व्यवस्थापनमा स्थानीय समुदायलाई परिचालन गरी विकास कार्य अगाडी वढाउने । |
| ▪ विकास कार्यको प्रभावकारिता र सेवा प्रवाह सदृढ गरी सुशासन अभिवृद्धि गर्ने । |
| ▪ मानवपूँजी निर्माण र सशक्तिकरण गर्न गाँउपालिकाका शिक्षित युवाहरुलाई सामाजिक परिचालनमा संलग्न गराउने । |
| ▪ लक्षित समुहलाई लक्षित गरेका कार्यक्रमहरुमा गाँउपालिकाले अनुदान बढाउदै जाने । |
| ▪ शेष लगानीका क्षेत्रहरुको पहिचान गर्दै गाँउपालिकाको दीर्घकालिन योजनामा समावेश गर्ने । |
| ▪ निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारीको सिद्धान्त अनुरुप विकास कार्य संचालन गर्ने । |
| ▪ संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारी र समन्वयमा विकास कार्यक्रम संचालन गर्ने । |
| ▪ स्थानीय सरकारको आन्तरिक स्रोत बृद्धिका लागि स्रोत पहिचान, परिचालन र व्यवस्थापन गर्ने । |
| ▪ नतिजामा आधारित अनुगमन पद्धत्ति स्थापित गरी सुशासन प्रत्याभूती गर्ने । |
| ▪ मानवपूँजी निर्माण र सशक्तिकरण गर्न गाँउपालिकाका शिक्षित युवाहरुलाई सामाजिक परिचालनमा संलग्न गराउने । |
| ▪ लक्षित समुहलाई लक्षित गरेका कार्यक्रमहरुमा गाउँपालिकाले अनुदान बढाउँदै जाने । |
| ▪ शेष लगानीका क्षेत्रहरुको पहिचान गर्दै गाउँपालिकाको दीर्घकालिन योजनामा समावेश गर्ने । |
| ▪ निजि क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजि साझेदारीको सिद्धान्त अनुरुप विकास कार्य संचालन गर्ने । |
| ▪ संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारी र समन्वयमा विकास कार्यक्रम संचालन गर्ने । |
| ▪ स्थानीय सरकारको आन्तरिक श्रोत वृद्धिका लागि स्रोत पहिचान, परिचालन र व्यवस्थापन गर्ने । |
| ▪ नतिजामा आधारित अनुगमन पद्धति स्थापित गरी सुशासन प्रत्याभूती गर्ने । |

## २.३ मध्यमकालीन आर्थिक खाका

गाउँपालिका क्षेत्रभित्र उपलब्ध मानवीय, प्राकृतिक, आर्थिक, सांस्कृतिक स्रोतको उच्चतम सदुपयोग मार्फत उत्पादनमुखी व्यवसायिक कृषि, उद्योग र पर्यटनको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने तथा सोको न्यायोचित र समतामूलक वितरण गरी समन्यायिक समाजको निर्माण सहितको आवधिक योजना कार्यान्वयन गर्न आगामी तीन आर्थिक वर्ष निम्नानुसारको स्रोत संकलनको लक्ष्य सहित तयार गरिएका आर्थिक खाका तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १:** स्थानीय समष्टिगत मध्यमकालीन आर्थिक खाका

| क्र.सं. | सूचक | एकाई | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | वार्षिक उत्पादन | रू. लाखमा | | | | | |
| १.१ | कृषि | रू. लाखमा | | | | | |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रू. लाखमा | | | | | |
| २. | औषत पारिवारिक आय | रू. लाखमा | | | | | |
| ३. | उद्योग, व्यापार र व्यवसाय | संख्या | | | | | |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | | | | | |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | | | | | |

## २.४ मध्यमकालीन नतिजा खाका

संघिय सरकारको पन्ध्रौ आवधिक योजना, लुम्बिनी प्रदेशको प्रथम पञ्चवर्षीय योजना, राप्ती गाउँपालिकाको पार्श्वचित्र तथा राप्ती गाउँपालिकाको आवधिक योजना जस्ता आधारभूत र मार्गनिर्देशक दस्तावेजलाई आधार मानी गाउँपालिकाको मध्यमकालीन नतिजा सूचक तयार गरिएको छ । यस अन्तर्गत आर्थिक वर्ष २०७९/८० को वास्तविक उपलब्धि २०८०/८१ को अनुमानित उपलब्धि सहित आगामी तीन आर्थिक वर्षको गन्तव्य तय गरिएको छ ।

**तालिका नं. २:** समष्टिगत मध्यमकालीन नतिजा खाका

| क्र.सं. | सूचक | एकाई | गत आ.व.को यथार्थ उपलब्धि | चालु चा.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ |
| १. | ५ वर्ष मुनिका कमतौल भएका बालबालिका | प्रतिशत | | | | | |
| २. | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | | | | | |

| क्र.सं. | सूचक | एकाई | गत आ.व.को यथार्थ उपलब्धि | चालु चा.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ |
| ३. | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | | | | | |
| ४. | प्राविधिक वा व्यवसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | | | | | |
| ५. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | | | | | |
| ६. | सडक (कालोपत्रे) | कि.मि. | | | | | |
| ७. | सडक (खण्डास्मित) | कि.मि. | | | | | |
| ८. | सडक (धुले) | कि.मि. | | | | | |
| ९. | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | | | | | |
| १०. | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | | | | | |
| ११. | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | | | | | |
| १२. | ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | | | | | |
| १३. | आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | | | | | |
| १४. | ५ वर्ष मुनीका बालबालिको जन्मदर्ता | प्रतिशत | | | | | |
| १५. | विपद्का घटनाबाट प्रभावित परिवार | प्रति हजार | | | | | |
| १६. | वनजङ्गलको घनत्व (रुख प्रति हेक्टर) | संख्या | | | | | |
| १७. | मातृभाषामा पठनपाठन हुने विद्यालय | संख्या | | | | | |
| १८. | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | | | | | |
| १९. | पर्यटन आगमन | संख्या | | | | | |
| २०. | सेवा प्रवाहबाट सन्तुष्ट नागरिक | प्रतिशत | | | | | |
| २१. | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | | | | | |
| २२. | कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | | | | | |
| २३. | कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | | | | | |
| २४. | कूल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | | | | | |
| २५. | कूल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | | | | | |

| क्र.सं. | सूचक | एकाई | गत आ.व.को यथार्थ उपलब्धि | चालु चा.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ |
| २६. | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | | | | | |
| २७. | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | | | | | |
| २८. | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | | | | | |
| २९. | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | | | | | |
| ३०. | बेरोजगारी दर | प्रतिशत | | | | | |
| ३१. | इन्टरनेट प्रयोगकर्ता कुल परिवार | प्रतिशत | | | | | |
| ३२. | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | | | | | |
| ३३. | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | | | | | |

## २.५ मध्यमकालीन बजेट खाका

राप्ती गाउँपालिकाको आन्तरिक स्रोत, तहगत सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण लगायतका स्रोत समेटी गाँउपालिकाले आगामी तीन आर्थिक वर्षमा प्राप्त हुने बजेटलाई तलको तालिका नं ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३:** त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण (रू. हजारमा)

| विवरण | आ.व. २०७९/८० को यथार्थ | चालुआ.व. २०८०/८१ को विनियोजित बजेट | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण |
| बजेट अनुमान | ७२२८७४ | ६५०६०० | ७१५६६० | ७८७२२६ | ८६५९४९ |
| चालु खर्च | ४७६९३५ | ४५५८८३ | ५०१४७१ | ५५१६१८ | ६०६७८० |
| पुंजीगत खर्च | २४५९३९ | १९४७१८ | २१४१८९ | २३५६०८ | २५९१६९ |
| आय अनुमान | | | | | |
| आन्तरिक आय | ९७४५५ | ९७३०७ | १०७०३८ | ११७७४१ | १२९५१६ |
| राजस्व बाँडफाँट बाट प्राप्त रकम | १३०३७२ | १४७२११ | १६१९३२ | १७८१२५ | १९५९३८ |
| क. नेपाल सरकार | | | | | |
| ख. प्रदेश सरकार | | | | | |
| रोयल्टी बाँडफाँट | | | | | |
| क. वन रोयल्टी | | | | | |
| नेपाल सरकार वित्तीय हस्तान्तरण | ४२७०४० | ३७२१०० | ४०९३१० | ४५०२४१ | ४९५२६५ |
| क. वित्तीय समानीकरण अनुदान | १४९००० | १२९२०० | १४२१२० | १५६३३२ | १७१९६५ |
| ख. सशर्त अनुदान (चालु) | २११८९१ | १९१६०० | २१०७६० | २३१८३६ | २५५०२० |
| ग. सशर्त अनुदान (पुंजीगत) | ५११४९ | २६८०० | २९४८० | ३२४२८ | ३५६७१ |
| घ. विशेष अनुदान (चालु) | ० | ८५०० | ९३५० | १०२८५ | ११३१४ |
| ङ. विशेष अनुदान (पुंजीगत) | १०००० | ५००० | ५५०० | ६०५० | ६६५५ |

| विवरण | आ.व. २०७९/८० को यथार्थ | चालुआ.व. २०८०/८१ को विनियोजित बजेट | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण |
| च. समपुरक अनुदान | ५००० | ११००० | १२१०० | १३३१० | १४६४१ |
| प्रदेश सरकार वित्तीय हस्तान्तरण | ६८००७ | ३३९८२ | ३७३८० | ४१११८ | ४५२३० |
| क. वित्तीय समानीकरण अनुदान | ८२०७ | ९४८२ | १०४३० | ११४७३ | १२६२१ |
| ख. सशर्त अनुदान (चालु) | ५००० | १४५०० | १५९५० | १७५४५ | १९३०० |
| ग. सशर्त अनुदान (पुँजीगत) | ८००० | ० | ० | ० | ० |
| घ. विशेष अनुदान (चालु) | ३१८०० | ० | ० | ० | ० |
| ङ. विशेष अनुदान (पुँजीगत) | ० | ० | ० | ० | ० |
| च. समपुरक अनुदान | १५००० | १०००० | ११००० | १२१०० | १३३१० |
| आन्तरिक ऋण | | | | | |
| अन्य अनुदान | | | ० | ० | ० |
| जनसहभागिता | | | ० | ० | ० |
| अन्तर स्थानीय तह साझेदारी रकम | | | | | |
| मौज्दात रकम | ७०५०० | ५४७०० | ६०१७० | ६६१८७ | ७२८०६ |
| कुल | | | | | |
| बचत (-) न्यून () | | | ० | ० | ० |

## २.६ कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण तथा बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको लागि विभिन्न आयामबाट गरिएको बजेट अनुमान र प्रक्षेपणको तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### २.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

रणनीतिक स्तम्भ बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४:** रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण (रू. हजारमा)

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व. २०८०/८१ को विनियोजन | | आगामी आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३ को खर्च प्रक्षेपण | | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | आर्थिक विकास | | | ३९३४८००० | ६.० | ४३२८२८०० | ६.० | ४७६११०८० | ६.० | ५२३७२१८८ | ६.० |
| २ | सामाजिक विकास | | | ३५७२५४००० | ५४.९ | ३९२९७९४०० | ५४.९ | ४३२२७७३४० | ५४.९ | ४७५५०५०७४ | ५४.९ |
| ३ | पूर्वाधार विकास | | | ११३८७०००० | १७.५ | १२५२५७००० | १७.५ | १३७७८२७०० | १७.५ | १५१५६०९७० | १७.५ |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | | | ८५९७००० | १.३ | ९४५६७०० | १.३ | १०४०२३७० | १.३ | ११४४२६०७ | १.३ |
| ५ | संस्थागत विकास सेवा प्रवाह तथा शुसासन | | | १३१५३१००० | २०.२ | १४४६८४१०० | २०.२ | १५९१५२५१० | २०.२ | १७५०६७७६१ | २०.२ |
| **कुल जम्मा** | | | | ६५०६००००० | १०० | ७१५६६०००० | १०० | ७८७२२६००० | १०० | ८६५९४८६०० | १०० |

## २.६.२ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

आयोजना प्राथमिकिकरण तथा सांङ्केतिकरणको आधारमा गाउँपालिकाले छनौट गरेका आयोजनाको प्राथकिताक्रम अनुसार बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५:** प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रू. हजारमा)

| प्राथमिकता क्रम | आयोजना संख्या | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व. २०८०/८१ को विनियोजन | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व.२०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो | | | | | | | | | | | |
| दोस्रो | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | |

## २.६.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

क्षेत्र र उपक्षेत्रमा विनियोजित बजेटले दिगो विकास लक्ष्य प्राप्तिमा गर्ने योगदानलाई लक्ष्यगत तवरबाट देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६:** दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रू. हजारमा)

| संकेत नं. | दिगो विकास लक्ष्य | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व.२०८०/८१ को संशोधित अनुमान | | आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | | | २६०००० | ०.२३ | २८६००० | ०.२३ | ३१४६०० | ०.२३ | ३४६०६० | ०.२३ |
| २ | शून्य भोकमरी | | | ६१४००० | ०.५३ | ६७५४०० | ०.५३ | ७४२९४० | ०.५३ | ८१७२३४ | ०.५३ |
| ३ | स्वस्थ जीवन | | | १८३१३००० | १५.९० | २०१४४३०० | १५.९० | २२१५८७३० | १५.९० | २४३७४६०३ | १५.९० |
| ४ | गुणस्तरीय शिक्षा | | | ३०३३५००० | २६.३४ | ३३३६८५०० | २६.३४ | ३६७०५३५० | २६.३४ | ४०३७५८८५ | २६.३४ |
| ५ | लैङ्गिक समानता | | | २०६४००० | १.७९ | २२७०४०० | १.७९ | २४९७४४० | १.७९ | २७४७१८४ | १.७९ |

| संकेत नं. | दिगो विकास लक्ष्य | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व.२०८०/८१ को संशोधित अनुमान | | आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ६ | स्वच्छ पानी र सरसफाई | | | ८६३२०० | ०.७५ | ९४९५२० | ०.७५ | १०४४४७२ | ०.७५ | ११४८९१९.२ | ०.७५ |
| ७ | दिगो र आधुनिक उर्जामा पहुँच | | | २८८०००० | २.५० | ३१६८००० | २.५० | ३४८४८०० | २.५० | ३८३३२८० | २.५० |
| ८ | समावेशी र दिगो आर्थिक वृद्धि र मर्यादित काम | | | २७१७००० | २.३६ | २९८८७०० | २.३६ | ३२८७५७० | २.३६ | ३६१६३२७ | २.३६ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | | | ४७१३१००० | ४०.९२ | ५१८४४१०० | ४०.९२ | ५७०२८५१० | ४०.९२ | ६२७३१३६१ | ४०.९२ |
| १० | असमानता न्यूनीकरण | | | १८३५००० | १.५९ | २०१८५०० | १.५९ | २२२०३५० | १.५९ | २४४२३८५ | १.५९ |
| ११ | दिगो शहर र बस्तीहरु | | | ३२१५००० | २.७९ | ३५३६५०० | २.७९ | ३८९०१५० | २.७९ | ४२७९१६५ | २.७९ |
| १२ | दिगो उपभोग र उत्पादन | | | १२०३४०० | १.०४ | १३२३७४० | १.०४ | १४५६११४ | १.०४ | १६०१७२५.४ | १.०४ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | | | ४६००० | ०.०४ | ५०६०० | ०.०४ | ५५६६० | ०.०४ | ६१२२६ | ०.०४ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | | | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १५ | भूसतह स्रोतको उपयोग | | | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १६ | शान्ति, न्याय र सबल संस्था | | | ५२५००० | ०.४६ | ५७७५०० | ०.४६ | ६३५२५० | ०.४६ | ६९८७७५ | ०.४६ |
| १७ | दिगो विकासका लागि साझेदारी | | | ३१८१००० | २.७६ | ३४९९१०० | २.७६ | ३८४९०१० | २.७६ | ४२३३९११ | २.७६ |
| | **कुल जम्मा** | | | ११५१८२६०० | १०० | १२६७००८६० | १०० | १३९३७०९४६ | १०० | १५३३०८०४०.६ | १०० |

## २.६.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

छनौट गरिएका आयोजना/कार्यक्रमको कार्यान्वयनबाट लैंगिक समानता कायम गर्न पुऱ्याउने योगदानको आधारमा आगामी तीन आर्थिक वर्षको लागि गरिएको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७:** लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रू हजारमा)

| लैंगिक संकेत | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व.२०८०/८१ को संशोधित अनुमान | | आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्रत्यक्ष लाभ | | | १७५२५ | ९ | १९२७७ | ९ | २१२०५ | ९ | २३३२५ | ९ |
| अप्रत्यक्ष लाभ | | | ९३४६४ | ४८ | १०२८११ | ४८ | ११३०९२ | ४८ | १२४४०१ | ४८ |
| तटस्थ | | | ८३७२९ | ४३ | ९२१०१ | ४३ | १०१३१२ | ४३ | १११४४३ | ४३ |
| **जम्मा** | | | १९४७१८ | १०० | २१४१८९ | १०० | २३५६०८ | १०० | २५९१६९ | १०० |

## २.६.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

जलवायु परिवर्तनबाट सिर्जित असर र प्रभाव न्यूनीकरण तथा परिवर्तन अनुकूलका समायोजनामा सघाउने विशेषतायुक्त आयोजना/कार्यक्रमको आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८:** जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रू. हजारमा)

| संकेत नं. | जलवायु परिवर्तन संकेत | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व.२०८०/८१ को संशोधित अनुमान | | आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | प्रत्यक्ष लाभ | | | ११६८३ | ६ | १२८५१ | ६ | १४१३६ | ६ | १५५५० | ६ |
| | अप्रत्यक्ष लाभ | | | ५६४६८ | २९ | ६२११५ | २९ | ६८३२६ | २९ | ७५१५९ | २९ |
| | तटस्थ | | | १२६५६६ | ६५ | १३९२२३ | ६५ | १५३१४५ | ६५ | १६८४६० | ६५ |
| | जम्मा | | | १९४७१८ | १०० | २१४१८९ | १०० | २३५६०८ | १०० | २५९१६९ | १०० |

## २.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| क्र.स | उपक्षेत्र | कार्यक्रम तथा आयोजना | गत आ.व.को यथार्थ | चालु आ.व.को सशोधित अनुमान | आगामी आ.व.को विनियोजन | आ.व. २०..../.... को खर्च प्रक्षेपण | आ.व. २०..../.... को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |
| ८. | | | | | | | |

# परिच्छेद - ३: आर्थिक क्षेत्र

## ३.१ कृषि, मत्स्य, पशुपन्छी तथा जडीबुटी

### ३.१.१ पृष्ठभूमि

भित्रि मधेस अन्तर्गत समथर भू-भाग रहेको यो गाउँपालिकामा मलिलो जमिनको प्रधानता रहेकाले यहाँको समृद्धिको प्रमुख संवाहक नै कृषि क्षेत्र हो । यहाँका सबै वडामा खेतीपाती हुनसक्ने र भैरहेका प्रसस्त कृषि क्षेत्रहरू छन् । यहाँका उत्पादन हुने प्रमुख खाद्यान्न बालीहरू धान, गहुँ, मकै हुन् भने फलफूल बालीहरू केरा, आँप, भूईंकटहर, अम्बा, लिची आदि हुन् । त्यसैगरी दलहन बालीहरू मसुरो, मास, रहरी आदि, तेलहन बालीहरू तोरी, तिल, सूर्यमुखी, आलस आदि, मसला बालीहरु खुर्सानी, अदुवा, लसुन, प्याज, धनिया, बेसार, कागती, मेवा लगायत उष्ण क्षेत्रमा लगाइने सबै प्रकारका तरकारी बालीहरूको यहाँ प्रचुर मात्रामा उत्पादन हुने गरेको छ । गाउँपालिकाको अधिकांश जनसंख्या कृषि पेशामा संलग्न रहेकाले गाउँपालिकाको दीर्घकालीन विकास र समृद्धिका लागि यो क्षेत्रलाई बैज्ञानिकिकरण र व्यवसायिकीकरण गर्न सकिने प्रबल सम्भावना रहेको छ ।

### ३.१.२ समस्या तथा चुनौती

परम्परागत तथा निर्वाहमुखी कृषि प्रणाली, पर्याप्त सिंचाईको अभाव, समयमा कृषि मल, बिउ र सामाग्रीको उपलब्ध नहुनु, कृषिको व्यवसायिकरण र कृषि उपजको बजारीकरण, उत्पादनका आधारमा कृषि पकेट क्षेत्रको प्रभावकारिता नहुनु, तरकारी तथा अन्य उत्पादनमा प्रयोग हुने अत्याधिक रसायनिक पदार्थको न्यूनीकरण गर्न नसक्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा रहेका छन् ।

### ३.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| व्यवसायिक कृषि र पशुपालन उत्पादन |
| **लक्ष्य** |
| व्यवसायीक कृषि र पशुपालन क्षेत्रको पेशाका माध्यमबाट उत्पादन वृद्धि गरी रोजगारीका अवसर सृजना गर्नुका साथै गाउँपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार ल्याउने । |
| **उद्देश्यहरू** |
| ✓ कृषिको व्यवसायीकरणमा जोड दिँदै कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नुका साथै स्वस्थ्य पशुपंक्षीको उत्पादनमा वृद्धि गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने । |

## ३.१.४ रणनीति

- सिंचाई सुविधा भएको क्षेत्रमा समुदायमा आधारित व्यावसायिक तरकारी खेतिलाई प्राथमिकता दिइनेछ। तरकारीमा गाउँपालिकालाई आत्मनिर्भर बनाईनेछ।
- परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण र व्यावसायीकरण गरिनेछ, पशुपंक्षी पालनलाई आधुनिक र व्यवसायिक बनाउदै लगिने छ।
- कृषि उपज संकलन केन्द्र मार्फत किसानका उत्पादनहरुले आन्तरिक तथा बाहिरी बजारका लागि कृषि एम्बुलेन्स संचालनमा ल्याइनेछ। उत्पादनमा आधारित अनुदान प्रणालीलाई प्रोत्साहन गरिनेछ।
- स्थानीय प्रजातिको धान, मकै, कोदो, कोसेबाली लगायतका अन्नहरुको संरक्षणका लागि स्थानीय बीउ संरक्षण र विकास गर्ने गरी संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा बिउ उत्पादन केन्द्र तथा बिउ बैंकको स्थापना गर्ने नीति लिइनेछ।
- सबै वडामा कम्तिमा एउटा कृषि सहकारी संस्था स्थापना गरिनेछ।
- कृषिमा आधुनिकीकरण तथा व्यवस्थित गर्न माटो परिक्षणको अभियानमा जोड दिइनेछ।
- कृषि उपजको बीमा कार्यक्रमलाई सञ्चालन गर्न संघ तथा प्रदेशको सहयोगमा अगाडी बढाइनेछ।
- गाउँपालिका क्षेत्रभित्र रहेको कृषि विषयको अध्ययन हुने विद्यालय वा संस्थासंग समन्वय गरी साझेदारी कार्यक्रम संचालन गरिनेछ।
- सबै प्रकारका जमिनलाई खेर जान नदिन कृषि योग्य भूमिको पूर्ण उपयोग गरी सघन खेती प्रणालीको माध्यमबाट कृषि उत्पादन गर्ने नीति कार्यन्वयनमा ल्याइनेछ।
- नेपाल राष्ट्र बैंकको मौद्रिक नीति अनुसार कृषिमा सहुलियतपूर्ण व्याजदरको सुविधालाई गाउँपालिका सहजीकरणमा बसी सहकारी, बैंक तथा वित्तिय संस्थाद्वारा कर्जा उपलब्ध गराउन पहल गरिनेछ।
- पशु, बाली विमा कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।
- गाउँपालिकाबासीको रोजगारी र आयमा वृद्धि गर्न कृषि र पशुपालन व्यवसायलाई विशेष कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिकाको अगुवाइमा रासायनिक मल आपूर्तिको व्यवस्था मिलाइनेछ।
- कृषि उत्पादकत्व वृद्धिको लागि अनुदानमा आधुनिक कृषि यन्त्र तथा अन्य औजार (प्रविधि हस्तान्तरण) लाई निरन्तरता दिइने छ।
- व्यावसायिक कृषि उत्पादनमा कृषकलाई सघाउ पुऱ्याउनु प्रत्येक किसान उत्पादक बनौ, प्रत्येक उत्पादनलाई उद्यममा जोडौं भन्ने उद्घोष सहित सोहि अनुसारका कार्यक्रमहरु संचालन गरिनेछ।
- फौजी किरा, सलह जस्ता प्रकोपको नियन्त्रण गरी बाली संरक्षण आपतकालीन कोषको व्यवस्था गरिनेछ।
- विपन्न, जोखिमयुक्त तथा संकटासन्न समुदाय तथा व्यक्तिको आयआर्जन वृद्धि गर्न कृषि बीमा कार्यक्रम सञ्चालन तथा विस्तार गरिनेछ।
- निर्वाहमुखी कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायीकरण गरी स्वरोजगार सृजना गरिनेछ। तरकारी, भैसी तथा बाखा उत्पादन वृद्धि गर्न प्रोत्साहन गरिनेछ।

## ३.२ जडीबुटी

नेपालमा भौगोलिक तथा जैविक विविधताका कारण वनजंगल क्षेत्रमा विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन् । यहाँ विशेषगरी गुर्जो, बोजो, अमला, गुजरगानो, निम, तितेपाती, तुलसी, लेमन ग्रास, सर्पगन्धा, पानी अमला, घ्यूकुमारी आदि जस्ता जडीबुटीहरू पाइन्छन् । तथापि यस्ता जडीबुटीहरुको व्यावसायिक उत्पादन हुनसकेको छैन । यस्ता जडीबुटीहरुको पहिचान गरी व्यावसायिक उत्पादन, प्रशोधन र बजार प्रवर्द्धन गर्न सकेमा स्थानीयवासीको आयआर्जनमा समेत सुधार ल्याउन सकिन्छ ।

### ३.२.१ रणनीति

१. गाउँपालिकामा पाइने बहुमुल्य जडीबुटीको पहिचान र संरक्षण गर्ने ।

२. कृषकलाई व्यवसायीक जडीबुटी उत्पादनको लागि प्रोत्साहन गरिने

३. कृषि र जडीबुटी उत्पादनलाई एकीकृत गरी व्यवसायीकता प्रवर्द्धन गर्ने ।

## ३.३ पशुपंक्षी विकास तथा मत्स्यपालन

### ३.३.१ पृष्ठभूमि

नेपालका अन्य स्थानहरुमा जस्तै यस गाउँपालिकाका अधिकांश घरपरिवारहरूले पशुपंक्षी पाल्ने गरेका छन् । उष्ण क्षेत्रमा उपयुक्त हुने जातका गाई, भैंसी, बाखा, सुंगुर, बगुंर, कुखुरा, हाँस, लगायतका पशुपंक्षीहरुको यहाँ व्यवसायीक उत्पादनको राम्रो सम्भावना रहेको छ । उपयुक्त जातका पशुपन्छीहरूको व्यावसायिक उत्पादनको राम्रो सम्भावना रहेको हुनाले कृषि तथा पशु फर्महरू मार्फत पशुपन्छीहरूको व्यवसायिक उत्पादन समेत हुँदै आएको छ । व्यावसायिक हिसाबले हेर्दा कृषकहरूले सबैभन्दा बढी गाई, भैंसी, कुखुरा, बाखा, बुङ्गुर पाल्ने र बिक्री गर्ने गर्दछन् ।

### ३.३.२ समस्या तथा चुनौती

पशुपंक्षी पालन कार्यलाई व्यवसायिक बनाउन नसकिनु, बजारको माग अनुसारको उत्पादन र आपूर्ति संयन्त्रको व्यवस्था नहुनु, पशुपन्छी, मत्स्यपालन सेवा केन्द्र तथा दक्ष प्राविधिकहरूको पर्याप्त व्यवस्था र तालिम नहुनु, कृषि उपज भण्डारण तथा उचित बजारको सुनिश्चितता हुन नसक्नु जस्ता समस्या र चुनौतीको विद्यमानता रहेको छ ।

### ३.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| व्यवसायिक पशुपन्छी तथा मत्स्यपालन मार्फत आर्थिक समृद्धि |
| **लक्ष्य** |
| आधुनिक, वैज्ञानिक र व्यवसायिक पशुपन्छी तथा मत्स्यपालनमार्फत निर्यातमुखी उत्पादनलाई बढावा दिने |
| **उद्देश्यहरू** |
| ✓ पशुपन्छीपालनलाई व्यवसायिक बनाउनु । |

- ✓ पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु ।
- ✓ माछाको व्यवसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु ।

## ३.३.४ रणनीति

१. पशुपन्छी पालनमा व्यवसायिकता अभिवृद्धि गर्न कृषक अभिमुखीकरण गर्ने ।
२. युवा उद्यमीहरूलाई यसतर्फ आर्कषण गर्न विशेष सहुलियत प्रदान गर्ने ।
३. पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता वृद्धि गर्ने ।
४. कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणालीको विकास गर्ने ।
५. पशुपन्छीजन्य उत्पादनको निर्यात गर्ने ।
६. माछापालनमा इच्छुक कृषक पहिचान गर्ने ।
७. माछाका भूरामा अनुदान दिने ।
८. माछाको स्थानीय माग पूरा गरी निर्यात गर्ने ।
९. पोखरी निर्माणमा अनुदान तथा सहुलियत दिने ।

## ३.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | कृषक वर्गीकरण तथा परिचय पत्र वितरण | साना, ठूला, अगुवा, उत्कृष्ट लगायतका कृषक पहिचान र परिचय-पत्र वितरण | ०८१/८२-०८३/८४ | २०० | कृषक वर्गीकरण तथा परिचय पत्र वितरण भएको हुने |
| २. | कृषि सम्बन्धी अभिमुखीकरण, तालिम र अन्तरक्रिया | कृषि सम्बन्धी सबै किसिमका तालिम, अन्तरक्रिया र अभिमुखीकरण | सालबसाली | १५० | कम्तीमा १०० जना कृषकलाई अभिमुखीकरण, तालिम र अन्तरक्रिया संचालन भएको हुने |
| ३. | कृषक पाठशालाको पाठयकम निर्माण र शिक्षक व्यवस्थापन | कृषक पाठशाला सञ्चालन र व्यवस्थापन | ०८१/८२-०८४/८५ | ४५० | कृषक पाठशालाको पाठयक्रम निर्माण र कृषि सम्बन्धी दक्ष शिक्षकको व्यवस्थापन भएको हुने |
| ४. | कृषि उपजको मूल्य श्रृंखला निर्धारण | कृषि उपजको मूल्य निर्धारण | ०८१/८२-०८३/८४ | १०० | मूल्य श्रृंखला निर्धारण भएको हुने |
| ५. | वडा स्तरिय उत्कृष्ट कृषक पुरस्कारको प्रवन्ध | कृषि कार्यलाई प्रोत्साहन | सालबसाली | १५० | प्रत्यक वडामा २ कृषक उत्कृष्ट कृषक पुरस्कारबाट पुरस्कृत भएको हुने |
| ६. | पालिकाका प्रमुख सिँचाइ योजनाहरूको प्राथमिकीकरण | सिँचाइ योजनाको प्राथमिकीकरण | ०८१/८२-०८३/८४ | १५० | पालिकाका सिँचाइ योजनाको प्राथमिकीकरण भएको हुने |
| ७. | वडास्तरीय सघन कृषि क्षेत्र तथा मिश्रित | सघन कृषि क्षेत्र पहिचान र वर्गीकरण | ०८१/८२-०८३/८४ | २५० | सघन कृषि क्षेत्र पहिचान र वर्गीकरण भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | बाली/अन्तरबाली वर्गीकरण तथा पहिचान | | | | |
| ८. | वडास्तरीय उच्च मूल्यका बाली तथा उत्पादन संभाव्यता अध्ययन | उच्च मूल्यका बाली पहिचान | ०८१/८२-०८३/८४ | २०० | उच्च मूल्यका बाली पहिचान तथा उत्पादन सम्भाव्यता अध्ययन भएको हुने |
| ९. | बाँझो क्षेत्र तथा बगर खेती क्षेत्र पहिचान र विवरण संकलन गरी बगर खेती विस्तार | बगर खेती विस्तार | ०८१/८२-०८३/८४ | ३०० | बाँझो क्षेत्र तथा बगर खेती क्षेत्र पहिचान र बगर खेती विस्तार भएको हुने |
| १०. | जग्गाको वर्गीकरण गरि कृषियोग्य जग्गाको चक्लाबन्दी तथा कन्ट्रयाक्ट फार्मीङका लागि समन्वय | जग्गाको वर्गीकरण | ०८१/८२-०८४/८५ | ३०० | कृषियोग्य जग्गाको चक्लाबन्दी तथा कन्ट्रयाक्ट फार्मीङका लागि समन्वय भएको हुने |
| ११. | प्रत्येक वडामा बाली विशेष पकेट क्षेत्र निर्माणका लागि सम्भाव्यता अध्ययन | वडा बाली विशेष पकेट क्षेत्र निर्माण | ०८१/८२-०८३/८४ | २५० | बाली विशेष पकेट क्षेत्र निर्माणका लागि सम्भाव्यता अध्ययन भएको हुने |
| १२. | रासायनिक मल माग तथा आपूर्ति तथ्याङ्क प्रणाली निर्माण | रासायनिक मल माग तथा आपूर्ति तथ्याङ्क प्रणाली निर्माण | ०८१/८२-०८३/८४ | २०० | रासायनिक मल माग तथा आपूर्ति तथ्याङ्क प्रणाली निर्माण भएको हुने |
| १३ | वडास्तरीय बीज बैङ्क निर्माण | बीज बैङ्क निर्माण | ०८१/८२-०८२/८४ | ३०० | करीब १७ वटा बीज बैङ्क निर्माण भएको हुने |
| १४ | गाउँपालिकास्तरीय Custom Hiring Center निर्माण | Custom Hiring Center निर्माण | ०८२/८३-०८३/८४ | ३०० | पालिकामा एक Custom Hiring Center निर्माण भएको हुने |
| १५ | गाउँपालिकास्तरीय कृषि अनुसन्धान केन्द्र निर्माण | कृषि अनुसन्धान केन्द्र निर्माण | ०८१/८२-०८३/८४ | ३०० | पालिकामा एक कृषि अनुसन्धान केन्द्र निर्माण भएको हुने |
| १६ | गाउँपालिकास्तरीय कृषि Call Center को स्थापना | कृषि Call Center को स्थापना | ०८१/८२-०८२/८३ | ३०० | गाउँपालिकामा एक कृषि Call Center को स्थापना भएको हुने |
| १७ | घुम्ती माटो परिक्षण शिविर सञ्चालन | माटो परीक्षण | सालबसाली | ३०० | माटो परिक्षण शिविर सञ्चालन भएको हुने |
| १८ | जैविक विषादी उत्पादन तालिम | जैविक विषादी उत्पादन | ०८१/८२-०८३/८४ | ३०० | जैविक विषादी उत्पादन तालिम भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १९ | कृषक तथा बीमा कम्पनी बीच अन्तरक्रिया कार्यक्रम | कृषि बिमा प्रवर्द्धन | ०८१/८२-०८२/८३ | ३०० | कृषक तथा बीमा कम्पनी बीच अन्तरक्रिया भएको हुने |
| २० | विपन्न कृषक बीमा अनुदान | कृषक बीमा अनुदान | ०८१/८२-०८३/८४ | ३०० | विपन्न कृषक बीमा अनुदान दिइएको हुने |
| २१ | कृषि क्षेत्र विशेष अगुवा कृषक अध्ययन तथा अवलोकन भ्रमण | कृषक अनुभव आदन प्रदान | सालबसाली | १५० | कृषक अनुभव आदन प्रदान भएको हुने |
| २२ | वार्षिक कृषि मेलाको आयोजना | कृषि प्रर्दशनी | ०८१/८२-०८३/८४ | ४५० | एक वर्षमा कम्तीमा एक वटा कृषि मेलाको आयोजना भएको हुने |
| २३ | कृषि क्षेत्र विशेष मापदण्ड निर्माण र कार्यान्वयन तथा अनुगमन संयन्त्र निर्माण | मापदण्ड निर्माण कार्यान्वयनको अनुगमन | ०८१/८२-०८३/८४ | १०० | कृषि क्षेत्र सम्बन्धी मापदण्ड निर्माण र कार्यान्वयन तथा अनुगमन संयन्त्र निर्माण भएको हुने |
| २४ | कृषि सडक स्तरोन्नति | सहज पहुँच | ०८१/८२-०८३/८४ | ३००० | कृषि सडक स्तरोन्नति भई सहज पहुँच हुने |
| २५ | वडास्तरीय कृषि उपज तथा जडीबुटी संकलन र शीत भण्डारण केन्द्र निर्माण | संकलन र भण्डारण व्यवस्थापन | ०८१/८२-०८४/८५ | ५०० | प्रत्यक वडामा कृषि उपज तथा जडीबुटी संकलन र भण्डारण व्यवस्थापन भएको हुने |
| २६ | शीत भण्डार निर्माणका लागि सम्भाव्यता अध्ययन | शीत भण्डार निर्माण | ०८१/८२-०८५/८६ | १५० | शीत भण्डार निर्माण भएको हुने |
| २७ | गाउँपालिका स्तरीय सामुदायिक कृषि सेवा केन्द्र स्थापना | कृषि सेवा केन्द्र स्थापना | ०८१/८२-०८३/८४ | ३०० | पालिकामा एक सामुदायिक कृषि सेवा केन्द्र स्थापना भएको हुने |
| २८ | जोन र सूपर जोन पहिचान र स्वचालित बार्षिक तथ्याङ्क प्रणालीको निर्माण | तथ्याङ्क प्रणालीको निर्माण | ०८१/८२-०८२/८३ | ३०० | बार्षिक तथ्याङ्क प्रणालीको निर्माण भएको हुने |
| २९ | खाद्य तथा कृषि उपज गुणस्तर मापन केन्द्र स्थापना | गुणस्तर मापन केन्द्र स्थापना | ०८२/८३-०८४/८५ | ३०० | गाउँपालिकामा एक खाद्य तथा कृषि उपज गुणस्तर मापन केन्द्र स्थापना भएको हुने |
| ३० | कृषि सम्बन्धी उपभोग्य वस्तुको | कृषि वस्तुको उत्पादन र मागको अभिलेख | ०८१/८२-०८२/८३ | १५० | कृषि वस्तुको उत्पादन र मागको |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | बस्तुगत माग सम्बन्धी तथ्याङ्क संकलन | | | | सम्बन्धी तथ्याङ्क संकलन भएको हुने |
| ३१ | मह उपभोक्ता बजारको अध्ययन | सम्भावित बजारको अध्ययन | ०८१/८२-०८२/८३ | ३०० | संभावित बजारको अध्ययन भएको हुने |
| ३२ | गाउँपालिकामा पाइने सबै प्रकारका जडीबुटीको ब्रोसर तथा प्रोफाइल तयार | जडीबुटीको प्रोफाइल तयार | ०८१/८२-०८२/८३ | २०० | जडीबुटीको ब्रोसर तथा प्रोफाइल तयार भएको हुने |
| ३३ | गाउँपालिकास्तरीय Herborium निर्माण | Herborium निर्माण | ०८१/८२-०८२/८३ | ३०० | पालिकामा एक Herborium निर्माण भएको हुने |
| ३४ | जडीबुटी सम्बन्धी जनचेतना सञ्चार | जनचेतना सञ्चार | ०८१/८२-०८२/८३ | २०० | जडीबुटी सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन भएको हुने |
| ३५ | स्थानीय जडीबुटी पहिचान तथा उपयोगिता र संरक्षण बारे जनचेतना | जडीबुटी पहिचान तथा उपयोगिता र संरक्षण बारे सुसुचित | ०८१/८२-०८२/८३ | ३०० | स्थानीयस्तरमा जडीबुटी पहिचान तथा उपयोगिता र संरक्षण बारे जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको हुने |
| ३६ | अगुवा तथा युवा पशुपन्छी पालक कृषक पहिचान | कृषक पहिचान | ०८१/८२-०८२/८३ | १५० | युवा पशुपन्छी पालक कृषक पहिचान भएको हुने |
| ३७ | बेरोजगार युवा र व्यवसायिक पशुपन्छी पालन कृषकलाई Venture Capital को प्रबन्ध | Venture Capital को प्रबन्ध | ०८१/८२-०८२/८३ | ३०० | बेरोजगार युवा र पशुपन्छी पालन कृषकलाई Venture Capital को प्रबन्ध भएको हुने |
| ३८ | अगुवा तथा युवा कृषक विशेष अभिमुखीकरण, तालिम तथा अवलोकन भ्रमण | अभिमुखीकरण,तालिम तथा अवलोकन भ्रमण | ०८१/८२-०८२/८३ | १५० | वर्षमा कम्तीमा एक युवा कृषक विशेष अभिमुखीकरण, तालिम तथा अवलोकन भ्रमण सम्पन्न भएको हुने |
| ३९ | व्यवसायिक पशुपन्छी पालक, युवा कृषक, वैदेशिक रोजगारीबाट फर्किएका युवालाई व्याज अनुदान | व्याज अनुदान | ०८१/८२-०८३/८४ | ३०० | व्यवसायिक पशुपन्छी पालक, युवा कृषक तथा वैदेशिक रोजगारीबाट फर्किएका युवालाई व्याज अनुदान प्रदान गरिएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४० | उन्नत जातका बोका, राँगा, बहर तथा माउमा अनुदान | कृषि अनुदान | ०८१/८२-०८३/८४ | ३०० | उन्नत जातका बोका, राँगा, बहर तथा माउमा अनुदान प्रदान गरिएको हुने |
| ४१ | सामुहिक व्यवसाय गर्ने समूहलाई व्याजमा सहुलियत | व्याजमा सहुलियत | ०८१/८२-०८२/८३ | ३०० | सामुहिक व्यवसाय गर्ने समूहलाई व्याजमा सहुलियत प्रदान गरिएको हुने |
| ४२ | घाँसको व्यवसायिक उत्पादन सम्बन्धी कृषक तालिम | व्यवसायिक घाँस उत्पादन | ०८१/८२-०८२/८३ | २५० | घाँसको व्यवसायिक उत्पादन सम्बन्धी कम्तीमा ५० कृषकलाई तालिम दिइएको हुने |
| ४३ | पशुपन्छी स्वास्थ्य घुम्ती सेवा सञ्चालन | पशुपन्छी स्वास्थ्य घुम्ती सेवा उपलब्ध | सालबसाली | २५० | पशुपन्छी स्वास्थ्य घुम्ती सेवा सञ्चालन भएको हुने |
| ४४ | पशुबीमा, अनुदान, सहुलियत तथा अन्तरक्रिया | पशुपन्छी पालन कार्यमा सहजीकरण | सालबसाली | ३०० | पशुबीमा, अनुदान, सहुलियत तथा अन्तरक्रिया कार्यक्रम भएको हुने |
| ४५ | उन्नत नश्ल तथा कृत्रिम गर्भाधान सेवा विस्तार | पशु प्रजनन सेवाको विस्तार | सालबसाली | २५० | उन्नत नश्ल तथा कृत्रिम गर्भाधान सेवा विस्तार भएको हुने |
| ४६ | लागत सहभागितामा Cow Mat वितरण | Cow Mat वितरण | ०८१/८२-०८३/८४ | ३५० | लागत सहभागितामा Cow Mat वितरण भएको हुने |
| ४७ | पशुपालन पकेट क्षेत्र र घाँस बीज बैङ्क स्थापना | घाँस बीज बैङ्क स्थापना | ०८२/८३-०८४/८५ | ३०० | पशुपालन पकेट क्षेत्र र घाँस बीज बैङ्क स्थापना भएको हुने |
| ४८ | अद्यावधिक पशुपन्छी तथ्याङ्क प्रणाली निर्माण | तथ्याङ्क प्रणाली निर्माण | ०८१/८२-०८२/८३ | २०० | अद्यावधिक पशुपन्छी तथ्याङ्क प्रणाली निर्माण भएको हनु |
| ४९ | पशुपन्छी उपज संकलन केन्द्रको निर्माण | संकलन केन्द्रको निर्माण | ०८१/८२-०८२/८३ | ३०० | कम्तीमा एक पशुपन्छी उपज संकलन केन्द्रको निर्माण भएको हुने |
| ५० | पशुपन्छी जन्य उत्पादन निर्यात बजारको माग अध्ययन | माग र आपूर्ति सन्तुलन | ०८१/८२-०८२/८३ | २०० | पशुपंक्षी जन्य उत्पादन निर्यात बजारको माग अध्ययन भएको हुने |
| ५१ | माछा पोखरी निर्माण गर्ने कृषकलाई लागत सहभागितामा अनुदान | माछा पोखरी निर्माण | ०८१/८२-०८२/८३ | २०० | माछा पोखरी निर्माण गर्ने कृषकलाई लागत सहभागितामा अनुदान प्रदान गरिएको हुने |

### ३.३.६ जोखिम पक्ष तथा अनुमान

विभिन्न कृषि पेशामा संलग्न कृषकको खण्डिकृत तथ्याङ्क उपलब्ध हुने, व्यवसायिक कृषिका लागि आवश्यक प्राविधिक सेवामा सहज पहुँच सुनिश्चित हुने, उच्च मुल्यका बालीनालीबारे कृषकलाई जानकारी हुने, उद्यमी सोचयुक्त नवयुवा कृषिमा आर्कषित हुने, उचित भण्डारणका लागि शीतघर, बिक्री वितरण केन्द्र/कक्षको स्थापना, उत्पादन सम्भावनाका आधारमा जोनिङ्ग हुने, जडीबुटी सम्बन्धी प्रोफाइलिङ्ग हुने, सार्वजनिक खरिद प्रक्रिया सरल हुने, पशुपंक्षी तथा माछा पालक कृषकको तथ्याङ्क उपलब्ध, कृषि सामाग्रीमा अनुदान, उपयुक्त लगानी, कृषक अभिमुखिकरण, बजारको पहिचान, माग र आपूर्तिबीच सम्बन्ध कायम गराउन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ । गाउँपालिका क्षेत्रमा पशुपंक्षी तथा माछा पालक कृषकको तथ्याङ्क उपलब्ध, प्राविधिक सेवाको विस्तार र सहज पहुँच स्थापना, संकलन तथा बिक्री वितरण केन्द्रको स्थापना पशुपंक्षी तथा माछा पालक कृषकलाई सहुलियत दरको ऋण तथा अनुदान उपलब्ध भएमा व्यवसायिक उत्पादन फस्टाउने सम्भावना रहन्छ ।

## ३.२ उद्योग, वाणिज्य, खानी, खनिज, तथा आपूर्ति

### ३.२.१ पृष्ठभूमि

गाउँपालिकामा व्यावसायिक रूपमा गाई, भैंसी, बंगुर, माछा, कुखुरा, बाखा आदि पालन भइरहेको छ यसका साथै पोल्ट्री फर्म, राइस मिल, गाईपालन, तेल मिल, टेलर्स, होटल एण्ड रिसोर्ट आदि जस्ता व्यवसायहरु सञ्चालन भइरहेका छन् भने यहाँका वन क्षेत्र प्रशस्त रहनु र यहाँका स्थानीयहरुले बाबियाको डोरी सालको पातको टपरी, काठ तथा बाँसबाट तयार हुने फर्निचरका सामाग्री जस्ता वनजन्य उत्पादन सँग सम्बन्धित उद्योगहरु स्थापना गर्न सकिने सम्भावना रहेको छ ।

### ३.२.२ समस्या तथा चुनौती

आर्थिक पूर्वाधारको कमी, बैंक तथा वित्तीय औद्योगिक कर्जा परिचानको कमजोर अवस्था, संगठित निजी क्षेत्रको अनुपस्थिती, अद्यौगिक सीप विकास केन्द्र नहुनु लगायतका समस्या तथा चुनौती खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा व्याप्त छन् ।

### ३.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| उद्योग सहकारी र व्यापार, राप्तीको अर्थतन्त्रको आधार |
| **लक्ष्य** |
| साना तथा घरेलु उद्योगमा जनसंख्यालाई आकर्षित गर्दै रोजगारीका अवसर वृद्धि गरी गाउँपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ साना तथा घरेलु उद्योग व्यवसायलाई गाउँपालिकाको आर्थिक विकासमा मूलप्रवाहिकरण गरी स्थानीय समुदायमा स्वरोजगारी श्रृजना गर्दै आयआर्जनमा वृद्धि गर्ने । |

## ३.२.४ रणनीति

- स्थानीय स्रोत साधनको उपयोग गरी कृषि तथा गैरकृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधार मानी लघु, घरेलु, साना तथा मझौला कुटीर उद्यमहरुलाई प्रोत्साहन गरिनेछ ।
- लघु उद्यमका माध्यमबाट आय तथा रोजगारी सृजना गरिनेछ ।
- घरेलु तथा साना उद्योग सम्बन्धी गाउँपालिकाको आधार पत्र स्वीकृत गरी लागू गरिनेछ र गाउँपालिका भित्रका लघु उद्योगहरुको प्रबर्द्धन गरिनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गर्न प्रोत्साहन दिइनेछ ।
- PPP Model मा केवलकार, जिपलाईन, पार्क तथा रक क्लाइम्बीङ स्टेसन जस्ता क्षेत्रहरुको पहिचान गरी उद्योगहरु स्थापना गरिनेछ ।
- व्यवसायलाई आधुनिकीकरण तथा सञ्चालनमा सहजीकरण र प्रवर्द्धन गरिनेछ र गाउँपालिकाबाट व्यवसायिक सीपमुलक तालिम प्रदान गरिनेछ ।
- प्रविधिको विकास गर्न विभिन्न संघ संस्थाको सहयोग समेत लिई निजी क्षेत्रसंग समन्वय तथा सहकार्य गरिनेछ ।
- उद्यमसिल बनाउन, तथा रोजगारी स्वरोजगारी सिर्जना गर्न सिप तथा व्यवशाय सम्बन्धि सेवा लिन पालिकामा Business-Innovation-Centre सन्चालनमा ल्याइनेछ ।
- सहिद परिवार, घाइते तथा वेपत्ता परिवार र मुक्त कम्लरी हरूलाई प्राथमिकता दिइनेछ ।
- महिलाको नाममा दर्ता भएको उद्योगलाई २० प्रतिशत छुटको व्यवस्था गरिनेछ ।

## ३.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उद्योगका लागि करारमा दिन सकिने जग्गा पहिचान गर्न अध्ययन | औद्योगिक जग्गाको पहिचान | ०८१/८२-०८१/८२ | २०० | उद्योगका लागि करारमा दिन सकिने जग्गा पहिचान गर्न अध्ययन भएको हुने |
| २ | श्रमिक, उद्योग र उद्यमी मैत्री सम्बन्धी नीति, कानून संशोधन गर्न विज्ञसँग परामर्श | कानूनको निर्माण | ०८१/८२–०८१/८२ | २५० | श्रमिक, उद्योग र उद्यमी मैत्री सम्बन्धी नीति, कानून संशोधन गर्न विज्ञसँग परामर्श लिइएको हुने |
| ३ | महिला तथा युवा उद्यमी पहिचान, सहुलियत तथा अनुदान | नव उद्यमीलाई प्रोत्साहन | ०८१/८२–०८३/८४ | ४५० | १०० जना महिला तथा युवा उद्यमी पहिचान गरी अनुदान वितरण गरिएको हुने |
| ४ | ठूला लगानी भित्र्याउन बाह्य लगानीकर्ताहरूसँग लगानी सम्मेलन | लगानी सम्मेलन आयोजना | ०८२/८३–०८२/८३ | ४५० | वर्षमा कम्तीमा एक पटक बाह्य लगानीकर्ताहरूसँग लगानी सम्मेलन आयोजना भएको हुने |
| ५ | दश लाखसम्मको उद्योग लगानी प्रस्तावका लागि व्याज अनुदान | उद्योग लगानी प्रस्तावका लागि व्याज अनुदान | ०८०/८१–०८३/८४ | ४५० | दश लाखसम्मको उद्योग लगानी प्रस्तावका लागि व्याज अनुदान वितरण गरिएको हुने |

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ६ | पालिकास्तरीय औद्योगिक ग्राम निर्माणको सम्भाव्यता अध्ययन | औद्योगिक ग्रामको सम्भाव्यता अध्ययन | ०८२/८३-०८२/८३ | ३०० | पलिकामा एक औद्योगिक ग्राम निर्माणको सम्भाव्यता अध्ययन भएको हुने |
| ७ | उद्योग क्षेत्रको स्थिति पत्र प्रकाशन | उद्योगको अवस्था अवगत | ०८२/८३-०८२/८३ | १०० | उद्योग क्षेत्रको स्थिति पत्र प्रकाशन गरिएको हुने |
| ८ | औद्योगिक क्षेत्र विद्युतीकरण, सडक निर्माण र स्तरोन्नती | औद्योगिक पूर्वाधार निर्माण | ०८१/८२–०८३/८४ | ४००० | औद्योगिक क्षेत्र विद्युतीकरण, सडक निर्माण र स्तरोन्नति भएको हुने |
| ९ | कच्चा पदार्थ उत्पादन केन्द्रित उद्योगी कृषक अन्तरक्रिया | कच्चा पदार्थ उत्पादन गर्न कृषकलाई प्रोत्साहन | साल बसाली | १०० | कच्चा पदार्थ उत्पादन केन्द्रित उद्योगी कृषक अन्तरक्रिया गरिएको हुने |
| १० | औद्योगिक क्षेत्र केन्द्रित प्रहरी बिट स्थापना तथा निर्माण | औद्योगिक सुरक्षा | ०८२/८३–०८३/८४ | ४०० | औद्योगिक क्षेत्र केन्द्रित प्रहरी बिट स्थापना भएको हुने |
| ११ | औद्योगिक श्रमिक तथा श्रम सूचना तथ्याङ्क प्रणालीको निर्माण | श्रम सूचना तथ्याङ्क प्रणालीको निर्माण | ०८२/८३–०८३/८४ | ३०० | औद्योगिक श्रमिक तथा श्रम सूचना तथ्याङ्क प्रणालीको निर्माण भएको हुने |
| १२ | बाली विशेष पकेट क्षेत्र स्तरिय उद्योगहरूको सम्भाव्यता अध्ययन | कृषिमा आधारित उद्योगको प्रवर्द्धन | ०८३/८४–०८३/८४ | ३०० | बाली विशेष पकेट क्षेत्र स्तरिय उद्योगहरूको सम्भाव्यता अध्ययन गरिएको हुने |
| १३ | एक वडा एक कृषि उद्योग अर्न्तगत उद्योगी पहिचान | उद्योगी पहिचान | ०८३/८४–०८३/८४ | ३०० | एक वडा एक कृषि उद्योग अर्न्तगत उद्योगी पहिचान गरिएको हुने |
| १४ | कृषि उद्योगी विशेष अभिमुखीकरण कार्यक्रम | कृषिमा आधारित उद्योगीलाई अभिमुखीकरण | साल बसाली | १५० | कम्तीमा ५० कृषि उद्योगीलाई विशेष अभिमुखीकरण कार्यक्रम संचालन भएको हुने |
| १५ | रैथाने प्रजातिका बालीहरूको पहिचान तथा बीज बैङ्क स्थापना | रैथाने प्रजातिका बिज संरक्षण | ०८२/८३–०८३/८४ | ३०० | रैथाने प्रजातिका बालीहरूको पहिचान गरी १ बीज बैङ्क स्थापना भएको हुने |
| १६ | स्थानिय औद्योगिक उत्पादनहरूको प्रशोधन, प्याकेजिङ, लेवलिङ, गुणस्तर तथा ब्रान्डिङ सम्बन्धि तालिम | औद्योगिक सीप विकास | ०८१/८२–०८३/८४ | ३०० | स्थानिय औद्योगिक उत्पादनहरूको प्रशोधन, प्याकेजिङ, लेवलिङ, गुणस्तर तथा ब्रान्डिङ सम्बन्धि तालिमहरु संचालन भएको हुने |
| १७ | पालिकास्तरिय खाद्य गुणस्तर मापन केन्द्रको स्थापना | खाद्य गुणस्तर मापन केन्द्रको स्थापना | ०८२/८३–०८३/८४ | ३०० | पलिकामा एक खाद्य गुणस्तर मापन केन्द्रको स्थापना भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १८ | उपभोक्ता हित, नीति कानुन र मापदण्ड निर्माण | कानूनको निर्माण | ०८३/८४–०८३/८४ | २४० | उपभोक्ता हित, नीति कानुन र मापदण्ड निर्माण भएको हुने |
| १९ | व्यवसाय दर्ता अभिलेखिकरण प्रणाली निर्माण | प्रणालीको विकास | ०८३/८४–०८३/८४ | २०० | व्यवसाय दर्ता अभिलेखिकरण प्रणाली निर्माण भएको हुने |
| २० | माग तथा आपूर्ति र कारोबारको आकार साथै व्यापार नाफा/घाटाको तथ्याङ्क प्राप्त हुने तथ्याङ्क प्रणालीको निर्माण | व्यापार नाफा/घाटाको तथ्याङ्क प्रणालीको निर्माण | ०८१/८२–०८१/८२ | ३०० | माग तथा आपूर्ति र कारोबारको आकार साथै व्यापार नाफा/घाटाको तथ्याङ्क प्राप्त तथा तथ्याङ्क प्रणालीको निर्माण भएको हुने |
| २१ | पालिकाबाट हुने निकासी तथा आयातको वस्तुगत सूचना तथा तथ्याङ्क प्राप्त गर्ने प्रणालीको विकास | पालिकाको आयात र निर्यात प्रणालीको विकास | ०८१/८२-०८१/८२ | २५० | पालिकाबाट हुने निकासी तथा आयातको वस्तुगत सूचना तथा तथ्याङ्क प्राप्त गर्ने प्रणालीको विकास भएको हुने |
| २२ | बहाल बिटौरी कर लागू गर्नेगरी व्यापारिक स्टल निर्माण | व्यापारिक स्टल निर्माण | ०८२/८३–०८३/८४ | ३०० | बहाल बिटौरी कर लागू गर्ने गरी व्यापारिक स्टल संचालन भएका हुने |
| २३ | वार्षिक पात्रो अनुसार व्यापारिक मेला आयोजना | व्यापारिक मेला आयोजना | साल बसाली | ४५० | वर्षमा कम्तीमा दुईवटा व्यापारिक मेला आयोजना भएको हुने |
| २४ | उपयुक्त स्थानमा संघ र प्रदेश सरकारसँगको सहकार्यमा हाटबजार पूर्वाधार निर्माण | आर्थिक पुर्वाधार निर्माण | ०८१/८२–०८३/८४ | ५०० | पालिकामा हाटबजार पूर्वाधारहरु निर्माण भएको हुने |

## ३.२.६ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका क्षेत्रमा उपलब्ध खानी, खनिजको उपलब्धता सम्बन्धी अध्ययन-अनुसन्धान, आधारभूत आर्थिक पूर्वाधारको निर्माण, उद्योग स्थापनाका सम्भाव्य क्षेत्रको पहिचान, उद्योग र श्रम मैत्री कानुनको तर्जुमा, गाँउक्षेत्रको योजनाबद्ध विकाश गरी विकसित र सुविधासम्पन्न शहर, बढ्दो बसाईसराइमा कमी, युवा पलायनलाई दुरुत्साहन, उद्यमशीलताको विकास, विशेष कर छुट, अनुदान, सहुलियपूर्ण ऋण मार्फत लगानी आर्कषण, उपभोक्ता हित कार्यक्रम, बजार अनुगमन जस्ता कियाकलाप सञ्चालन गर्न सकेमा गाउँ क्षेत्रमा खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको पर्याप्त विकास हुन सक्छ । भौतिक, आर्थिक, वित्तिय, प्राविधिक, मानवीय र पर्यावरणीय पूर्वाधारको पर्याप्त विकास हुन नसकेमा यो क्षेत्रको उद्देश्य प्राप्त नहुने जोखिम रहन्छ ।

## ३.३ पर्यटन तथा संस्कृति

### ३.३.१ पृष्ठभूमि

यो गाउँपालिका अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक तथा सांस्कृतिक विविधता एवं ऐतिहासिक महत्वका विभिन्न स्थानहरुले भरिपूर्ण रहेको छ । हालसम्म पर्यटनका आधारभूत पूर्वाधारको पर्याप्त विकास हुन नसकेता पनि यस गाउँपालिकामा पर्यटनको सम्भावना अत्याधिक रहेको छ । विशेष गरी यो गाउँपालिकालाई धार्मिक तथा साँस्कृतिक पर्यटन, कृषि पर्यटन, पर्यापर्यटन र शैक्षिक पर्यटनका हिसाबले विकास गर्न सकिन्छ। श्री स्वस्थानी ब्रत कथामा उल्लेख भए अनुसार महादेव पत्नी शतिदेविको देव्रे घुँडा पतन भएको स्थलको रुपमा धार्मिक महत्व बोकेको भद्राक्षी देवि मन्दिर यसै क्षेत्रमा अवस्थित छ। ब्राम्हण, क्षेत्री, थारु, मगर, दलित, मुस्लिम लगायतका जात जातीहरुको बसोवास रहेको यस गाउँपालिकामा दशैतिहार, माघी, गुरी, रमजान लगायतका चाडपर्वहरु मनाउने गरिन्छ यसका साथै तीथि र समयानुसार शिवरात्री मेला, माघेसक्रान्ती मेला, प्रकृति पुजा, कालरात्री मेला, पूर्णिमा मेला लगायतका धार्मिक मेला तथा उत्सवहरु हुने गर्दछन् । पालिकामा भएका फरक रीतिरिवाज, रहनसहन र परम्पराहरू समुदाय र समाजका विशिष्ट पहिचान साथै बौद्धिक सम्पदा (Intellectual Property) भएकाले तिनीहरूको संरक्षण गर्नु जरुरी छ। गाउँपालिकामा उर्वर कृषि क्षेत्रहरू रहेकाले ती क्षेत्रहरूलाई नमूना कृषि क्षेत्रको रुपमा विकास गर्न सके कृषि पर्यटकहरूलाई आकर्षण गर्न सकिन्छ। तसर्थ हाल पर्यटकहरूका लागि होटल तथा होमस्टेहरूका साथै अन्य आवश्यक सेवा सुविधा विस्तार गर्न आवश्यक रहेको छ।

### ३.३.२ समस्या तथा चुनौती

गाउँपालिकाका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरूका बारेमा पर्याप्त प्रचारप्रसार नगरिनु, पर्यटकीय हिसाबले सहज यातायात पहुँच नहुनु, पर्यटन विकासमा निजी क्षेत्रलाई पर्याप्त मात्रामा आर्कषण गर्न नसकिनु, गुणस्तरीय आधारभूत भौतिक पूर्वाधारको अभाव, सुरक्षा र आपतकालिन उद्धारको भरपर्दो व्यवस्थाको कमी, मनोरञ्जनात्मक सुविधाको कमी, आतिथ्यता सत्कार सम्बन्धी ज्ञान र सीपको कमी लगायतका समस्या र चुनौती यो गाउँपालिकामा समेत विद्यमान रहेका छन् ।

### ३.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| राप्तीको पहिचान कृषि, संस्कृति र पर्यटन |
| **लक्ष्य** |
| गाउँपालिकावासीको समग्र आर्थिक अवस्थामा सुधार ल्याउन धार्मिक तथा पर्यापर्यटन व्यवसायलाई यस गाउँपालिकाको अर्थतन्त्रको मूल आधार बनाइनेछ । |
| **उद्देश्यहरू** |
| ✓ पर्यटन व्यवसायमार्फत समुदायस्तरमा स्वरोजगारी सृजना गरी आयआर्जनमा वृद्धि गर्ने । |

## ३.३.४ रणनीति

१. धार्मिक केन्द्रहरूको प्रवर्द्धन गर्दै सबै जातजातिको रीतिरिवाज परम्परा आदि झल्कने गरी सांस्कृतिक संग्रहालय बनाउन संघ र प्रदेश सरकार समक्ष पहल गरिनेछ ।

२. पर्यटन विकास तथा प्रर्वद्धन गर्न सरकारी, निजी, सहकारी र सामुदायिक संस्थासंग साझेदारी एवम सहकार्य गरिनेछ ।

३. पर्यटन पूर्वाधार विकासमा गाउँपालिकाको नेतृत्वमा स्थानीय समुदायले घरमा अतिथी सत्कारको home stay स्थापना गर्न सरकारी निकाय तथा संघ संस्था तथा निजी क्षेत्रसंग समन्वय तथा सहकार्य गरिनेछ ।

४. धार्मिक प्रतिष्ठानहरूको प्रबर्धन गर्दै सबै जातजातिको रीतिरिवाज परम्परा आदि झल्कने गरी सांस्कृतिक संग्रहालय बनाउन संघ र प्रदेश सरकार समक्ष पहल गरिनेछ ।

५. गाउँपालिकालाई पर्यटकीय नगरीमा विकास गर्नको लागि गाउँपालिका स्तरीय गाउँपालिका पर्यटन परिषद् गठन गरी पर्यटन सम्बन्धी कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।

६. आन्तरिक एवं बाह्य पर्यटक भित्र्याउन सहयोग पुग्ने खालका पर्यटकीय स्थलहरुको पहिचान संरक्षण र विकास गरिनेछ ।

७. विभिन्न पर्यटकीय स्थलहरुको पूर्वाधार निर्माण गरी होमस्टे, प्राचीन संस्कृतिको अध्ययन केन्द्र, मनोरञ्जनात्मक वातावरणको विकास गरिनेछ । पर्यटन विकासको गुरुयोजना निर्माण गरिनेछ ।

८. गाउँपालिकाले निजीक्षेत्रसंग सहकार्य गरी पर्यटन पदमार्ग, हिल स्टेशन, र्‍याफटिङ लगायत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालनको व्यवस्था गरिनेछ ।

९. स्थानीय सरोकारवालाहरुसँग समन्वय गरी राप्ती करिडोरलाई हरियाली पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने नीति लिइनेछ ।

१०. गाउँपालिकाभित्र अवस्थित जाति जनजातिहरुको संस्कार संस्कृति र पुरातात्विक सम्पदाहरुको संरक्षण तथा पर्यटन प्रवर्द्धनका लागि घर संस्कृति अध्ययन केन्द्रको सम्भाव्यता अध्ययन गरिनेछ ।

## ३.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पर्यटकीय मार्गको वस्तुगत विवरण संकलन तथा प्रकाशन | पर्यटकीय मार्गको स्तरोन्नती | ०८१/८२-०८१/८२ | १०० | गाउँपालिकाको पर्यटकीय मार्गको वस्तुगत विवरण संकलन तथा प्रकाशन भएको हुने |
| २ | मुख्य पर्यटकीय केन्द्र जोड्ने सडक विस्तार तथा स्तरोन्नती | सडकको सहज पहुँच | ०८१/८२-०८३/८४ | ४००० | मुख्य पर्यटकीय केन्द्र जोड्ने सडकहरु विस्तार तथा स्तरोन्नती भएका हुने |
| ३ | टुरिजम सर्किटको निर्माण | टुरिजम सर्किट निर्माण | ०८१/८२-०८२/८३ | ४०० | टुरिजम सर्किटको निर्माण सम्पन्न भएको हुने |
| ४ | पर्यटन विकास गुरुयोजना निर्माण | गुरुयोजना निर्माण | ०८३/८४-०८३/८४ | ८०० | पालिकास्तरीय पर्यटन विकास गुरुयोजना निर्माण भएको हुने |
| ५ | पर्यटन सूचना केन्द्रको स्थापना | पर्यटन सूचना केन्द्रको स्थापना | ०८३/८४-०८३/८४ | ३०० | पालिकामा कम्तीमा एक पर्यटन सूचना केन्द्रको स्थापना भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ६ | पर्यटन सम्बन्धी वेबसाइट, ब्रोसर, पर्यटन पात्रो निर्माण | सूचनामा सहज पहुँच | ०८२/८३-०८२/८३ | १५० | पर्यटन सम्बन्धी वेबसाइट, ब्रोसर, पर्यटन पात्रो निर्माण लगायतका कार्य सम्पन्न भएको हुने |
| ७ | प्रमुख पर्यटकीय क्षेत्रमा Hotspot सेवाको प्रबन्ध | इन्टरनेटको सहज उपलब्धता | ०८१/८२-०८२/८३ | ८० | गाउँपालिकाको प्रमुख पर्यटकीय क्षेत्रमा Hotspot सेवाको प्रबन्ध भएको हुने |
| ९ | सम्भाव्य स्थानमा होटल तथा रिसोर्ट खोल्न नीजि क्षेत्रसँग अन्तरक्रिया | पर्यटनमा निजी क्षेत्रको लगानी वृद्धि | साल बसाली | १५० | कम्तीमा १० वटा सम्भाव्य स्थानमा होटल तथा रिसोर्ट खोल्ने कार्य थालनी भएको हुने |
| १० | आदिवासी जानजाति सघन क्षेत्रमा होमस्टे प्रवर्द्धन तथा शिष्टाचार सम्बन्धी तालिम | मौलिकताको प्रवर्द्धन | ०८१/८२-०८१/८२ | २५० | आदिवासी जानजाति सघन क्षेत्रमा होमस्टे प्रवर्द्धन तथा शिष्टाचार सम्बन्धी तालिम संचालन भएको हुने |
| ११ | आकस्मिक स्वास्थ्य र उद्धार संयन्त्रको निर्माण | समस्यामा परेका पर्यटकको आकस्मिक उपचार र उद्धार | ०८२/८३-०८३/८४ | २०० | पर्यटकहरुलाई आकस्मिक स्वास्थ्य र उद्धार संयन्त्रको निर्माण भएको हुने |
| १२ | पर्यटन क्षेत्र व्यवस्थापन समितिका सदस्यहरूलाई व्यवस्थापन तालिम तथा अभिमुखीकरण | व्यवस्थापकीय सीपको विकास | साल बसाली | २५० | पर्यटन क्षेत्र व्यवस्थापन समितिका सदस्यहरूलाई व्यवस्थापन तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको हुने |
| १३ | स्थानीय मौलिक उत्पादन, चिनो, परिकार आदि निर्माण तालिम | पर्यटन र मौलिकताको सहसम्बन्ध | ०८१/८२-०८३/८४ | ३०० | कम्तीमा १५० जना स्थानीयवासीलाई स्थानीय मौलिक उत्पादन, चिनो, परिकार आदि निर्माण तालिम संचालन भएको हुने |
| १४ | धार्मिक तथा अन्य पर्यटकीय क्षेत्र समेटेर वृत्त चित्र निर्माण | सूचनात्मक वृत्त चित्र निर्माण | ०८२/८३-०८२/८३ | ३०० | धार्मिक तथा अन्य पर्यटकीय क्षेत्र समेटेर वृत्त चित्र निर्माण भएको हुने |
| १५ | प्रमुख धार्मिक क्षेत्रहरूको जिर्णोद्धार तथा निर्माण | जिर्णोद्धार तथा निर्माण | ०८१/८२-०८३/८४ | ३००० | प्रमुख धार्मिक क्षेत्रहरूको जिर्णोद्धार तथा निर्माण भएको हुने |
| १६ | पर्यटन रोजगार प्रबर्द्धन कार्यक्रम संचालन | रोजगारीको सिर्जना | ०८१/८२-०८३/८४ | ३०० | करिब २०० स्थानीयलाई पर्यटन रोजगार प्रबर्द्धन कार्यक्रम संचालन भएको हुने |
| १७ | पर्यटन प्रवर्द्धनको लागि धार्मिक, साँस्कृतिक मेला, महोत्सव आयोजना गर्ने | महोत्सव आयोजना | साल बसाली | ४५० | पर्यटन प्रवर्द्धनको लागि विभिन्न धार्मिक, साँस्कृतिक मेला, महोत्सव आयोजना भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १८ | पालिकाको नजिकको दुरीमा रहेका शैक्षिक संस्थाहरूसँग अन्तरक्रिया | शैक्षिक संस्था मार्फत पर्यटनको प्रचारप्रसार | साल बसाली | २०० | पालिकाको नजिकको दुरीमा रहेका शैक्षिक संस्थाहरूसँग अन्तरक्रिया भएको हुने |
| १९ | पालिकाको संस्कृती, जातजाति आदिका बारे शोध अध्ययन गर्ने विद्यार्थीलाई विशेष छात्रवृत्ति कोषको निर्माण | संस्कृतिको प्रर्वद्धन | ०८१/८२-०८१/८२ | ३०० | पालिकाको संस्कृती, जातजाति आदिका बारे शोध अध्ययन गर्ने विद्यार्थीलाई विशेष छात्रवृत्ति कोषको निर्माण भएको हुने |
| २० | पर्यटन स्वयंसेवक तथा Ambassador घोषणा तथा अभिमुखीकरण | पर्यटनको प्रचार प्रसार | ०८३/८४-०८३/८४ | १०० | पर्यटन स्वयंसेवक तथा Ambassador घोषणा तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको हुने |

### ३.३.६ जोखिम पक्ष तथा अनुमान

बृहत पर्यटन विकास गुरुयोजना निर्माण, पर्यटकीय दृष्ट्रिकोणले सम्भाव्य क्षेत्र र वस्तुको पहिचान, पूर्वाधारको विकास, सहज वित्तीय सेवा, आवास, स्वास्थ्य, सुरक्षा तथा सूचना सेवाको सुनिश्चितता, स्थानीय मौलिक कला, संस्कृति, खाद्यान्नको संरक्षण, पर्यावरणीय संरक्षण, आतिथ्य सत्कार जस्ता आधारभूत पक्षमा गाउँपालिका र समग्र पालिकाबासी प्रतिबद्ध भएर लागेमा पर्यटनको क्षेत्रमा अपेक्षाकृत उपलब्धि हासिल हुने देखिन्छ। आधारभूत मानवीय सीप र कौशल तथा भौतिक पूर्वाधारको अभावमा पर्यटकीय क्षेत्रले विकासको गति नलिने जोखिम रहन्छ।

## ३.४ भूमि व्यवस्थापन (भू-उपयोग)

### ३.४.१ पृष्ठभूमि

न्यूनतम उचाई २५३ मिटर र अधिकांश उचाई ११९४ मिटर उत्तरी सिमाना सम्म रहेको यो गाउँपालिका भित्री मधेश, चुरिया क्षेत्र हुँदै माहाभारत पहाडसम्म फैलिएकाले यहाँको स्वरुपमा समेत विविधता पाइन्छ। यहाँ उत्पन्न भएका खोला तथा खोल्सीहरु क्रमशः उत्तरबाट दक्षिणतर्फ विभिन्न जलाधारमार्फत राप्ती नदीमा मिसिन्छ। यहाँका वडा नं. २, ३, ४, ६, ७ र ८ वडाहरु समथर जमिन अन्तर्गत पर्दछन् भने अन्य वडाहरु होचो चुरे क्षेत्रभित्र अवस्थित रहेका छन्। गाउँपालिकामा समथर तथा सिंचाई सुविधा हुनुका साथै अति उर्वर भएकाले यहाँ कृषि तथा तरकारी बाली उत्पादनको राम्रो सम्भावना रहेको छ। भौगोलिक विविधताका कारण यहाँ पाईने वनस्पति तथा जैविक विविधतामा समेत एकरुपता देखिदैन्। व्यवस्थित र वैज्ञानिक भू-उपयोग योजना निर्माण गरी कार्यान्वयन गर्न सके भूमिको पूर्ण सदुपयोग मार्फत यस गाउँपालिकाको दीर्घकालीन समृद्धि हासिल गर्न सकिन्छ।

## ३.४.२ समस्या तथा चुनौती

परम्परागत खेती प्रणाली, वन क्षेत्रको दिगो व्यवस्थापन तथा सदुपयोग, जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु जस्ता समस्या तथा चुनौतीको विद्यमानता यस गाउँपालिकामा समेत रहेको छ ।

## ३.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| भू स्रोतको पूर्णत वैज्ञानिक सदुपयोगमार्फत आर्थिक समृद्धि |
| **लक्ष्य** |
| वैज्ञानिक भू-उपयोग योजना लागू गरी भूमिलाई आर्थिक विकासको आधार बनाउने । |
| **उद्देश्य** |
| ✓ सम्पूर्ण खेतीयोग्य जमिनको वैज्ञानिक रुपमा पूर्ण सदुपयोग गर्नु । |

## ४.४.४ रणनीति

१. राष्ट्रिय र प्रादेशिक भू-उपयोग नीति अनुरुप स्थानीय भू-उपयोग योजना र कृषि नीति निर्माण गर्ने ।
२. खेती गर्न इच्छुक तर आफ्नो जमिन नभएका कृषकहरुको लगत संकलन गरी भूमिको व्यवस्था गर्ने ।
३. जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न खेतीयोग्य जमिनको दिगो प्रयोग विस्तार गर्ने ।
४. जग्गा चक्लाबन्दी गर्ने ।

## ४.४.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पालिका भू-उपयोग योजना निर्माण | भू-उपयोग योजना निर्माण | ०८१/८२-०८१/८२ | ९०० | पालिका भू-उपयोग योजना निर्माण भएको हुने |
| २ | सिंचित, असिंचित, बाँझो तथा खेती भएको जमिनको अध्यावधिक तथ्याङ्क प्रणाली निर्माण | जमिनको अध्यावधिक तथ्याङ्क प्रणाली निर्माण | ०८१/८२-०८३/८४ | ४०० | सिंचित, असिंचित, बाँझो तथा खेती भएको जमिनको अध्यावधिक तथ्याङ्क प्रणाली निर्माण भएको हुने |
| ३ | नक्सापास सम्बन्धी कागजहरुको Digitization | नक्सा Digitization | ०८१/८२-०८३/८४ | ३०० | नक्सापास सम्बन्धी कागजहरुको Digitization भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४ | भूमि बैङ्क स्थापना | भूमि बैङ्क स्थापना | ०८१/८२-०८१/८२ | ४०० | एक भूमि बैङ्क स्थापना भएको हुने |
| ५ | जग्गा चक्लाबन्दी गर्न इच्छुक कृषकको लगत संकलन | लगत संकलन | ०८१/८२-०८१/८२ | ४०० | जग्गा चक्लाबन्दी गर्न इच्छुक कृषकको लगत संकलन भएको हुने |
| ७ | खेतीयोग्य क्षेत्र बाँझो रहन नदिन कार्ययोजना निर्माण | कार्ययोजना निर्माण | ०८२/८३-०८२/८३ | ३०० | खेतीयोग्य क्षेत्र बाँझो रहन नदिन कार्ययोजना निर्माण भएको हुने |
| ८ | दिगो र वैज्ञानिक भू-उपयोग योजना अनुरुप भूमिको वर्गीकरण | भूमिको वर्गीकरण | ०८१/८२-०८१/८२ | ३०० | दिगो र वैज्ञानिक भू-उपयोग योजना अनुरुप भूमिको वर्गीकरण भएको हुने |
| ९ | चक्लाबन्दी तथा सामूहिक खेती गर्ने कृषकलाई अनुदान | अनुदान वितरण | ०८१/८२-०८३/८४ | २०० | चक्लाबन्दी तथा सामूहिक खेती गर्ने कृषकलाई अनुदान वितरण गरिएको हुने |
| १० | जग्गा चक्लाबन्दी गर्ने कृषक समूह गठन | समूह गठन | ०८२/८३-०८२/८३ | ३०० | जग्गा चक्लाबन्दी गर्ने कृषक समूह गठन भएको हुने |

### ४.४.६ जोखिम पक्ष तथा अनुमान

भूउपयोग योजना र भूमि बैंक निर्माण हुने, सिंचाई सुविधा पुगेका र नपुगेका कृषियोग्य भूमिको तथ्याङ्क उपलब्ध हुने, आवश्यक बजेटको व्यवस्था, जमिनको चक्लाबन्दी गरी प्रयोगहीन उर्वर जमिनमा करार खेती, कामको थालनी पश्चात काममा नियमितता, सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी, सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ। उल्लिखित कार्यलाई व्यवस्थित तवरबाट गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## ३.५ सहकारी

### ३.५.१ पृष्ठभूमि

पूँजीको संकलन र उचित सदुपयोग मार्फत आय आर्जन गर्न सहकारीको महत्वपूर्ण भूमिका हुन्छ। राष्ट्रिय अर्थतन्त्रको ३ प्रमुख खम्बामध्ये एक महत्वपूर्ण खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्र सुदृढिकरणमा मुख्य सहयोगी भूमिका हुन्छ। गाउँपालिकाको आवधिक योजना २०७६ बाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकामा हाल १० वटा बचत तथा ऋण सहकारी संस्था, १ वटा स्वास्थ्य सहकारी संस्था, १ बचत तथा उपभोक्ता सहकारी संस्था, १ वटा शिक्षा सहकारी संस्था, १ वटा ग्रामिण विद्युत सहकारी संस्था, ७ वटा कृषि सहकारी संस्था र १ वटा उपभोक्ता सहकारी गरी २३ वटा सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन्।

### ३.५.२ समस्या तथा चुनौती

सहकारीको संख्यात्मक वृद्धि भए तापनि गुणात्मक विकास हुन नसक्नु, सामाजिक पुँजी निर्माण भन्दा ऋण परिचालनमा जोड, फितलो नियमन, पारदर्शिता र आर्थिक अनुशासनमा कमी, नियामक निकायको प्रभावकारीतामा कमी लगायतका समस्या तथा चुनौतीको विद्यमानता यो गाउँपालिकामा समेत रहेको छ ।

### ३.५.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सामुहिकता र सहकार्य मार्फत सबल अर्थतन्त्र निर्माण |
| **लक्ष्य** |
| सहकारीको संस्थागत विकासमार्फत आम बचतकर्ताको जीवनस्तर उकास्ने । |
| **उद्देश्यहरू** |
| ✓ सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि र कुशल व्यवस्थापन र विस्तार गर्नु ।<br>✓ सहकारी क्षेत्रलाई उत्पादनशिल क्षेत्रमा लाग्न उपयुक्त वातावरण निर्माण गर्नु । |

### ३.५.४ रणनीति

१. सहकारी शिक्षाको माध्यामबाट जनचेतना अभिवृद्धि गर्ने ।
२. सहकारी नीति परिमार्जन तथा निर्माण गरी ग्रामिण अर्थतन्त्रमैत्री बनाउने ।
३. सहकारीलाई व्यवसायिकरणका अभ्याससँग एकीकृत गर्ने ।
४. सहकारी क्षेत्रमा देखिएका समस्याहरुलाई सम्बोधन गर्ने ।

### ३.५.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्थानीय सञ्चार माध्यम मार्फत सहकारी शिक्षा सञ्चार कार्यक्रम सञ्चालन | सहकारी शिक्षा प्रवर्द्धन | साल बसाली | ३०० | स्थानीय सञ्चार माध्यम मार्फत सहकारी शिक्षा सञ्चार कार्यक्रम सञ्चालन भएको हुने |
| ३ | कोपोमिसमा सहकारीलाई आबद्धता गराई तथ्याङ्क प्रणाली निर्माण र कोपोमिस सम्बन्धी तालिम प्रदान | संस्थागत आबद्धता | ०८१/८२-०८३/८४ | ६०० | कोपोमिसमा सहकारीलाई आबद्धता गराई तथ्याङ्क प्रणाली निर्माण र कोपोमिस सम्बन्धी तालिम प्रदान गरिएको हुने |
| ४ | सहकारी व्यवस्थापन कार्यविधि प्याकेज, नीति, कानून तथा मापदण्ड निर्माण | सहकारी सम्बन्धी आवश्यक कानून निर्माण | ०८१/८२-०८३/८४ | ६०० | सहकारी व्यवस्थापन कार्यविधि प्याकेज, नीति, कानून तथा |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | मापदण्ड निर्माण भएको हुने |
| ५ | सहकारीको स्थानीय अर्थतन्त्रमा पारेको प्रभाव अध्ययन | प्रभाव अध्ययन | ०८१/८२-०८१/८२ | ३०० | सहकारीको स्थानीय अर्थतन्त्रमा पारेको प्रभाव अध्ययन भएको हुने |
| ६ | कृषि सघन क्षेत्र स्तरिय कृषि सहकारी संस्था विस्तारका लागि कृषक अर्न्तकृया कार्यक्रम | अर्न्तकृया कार्यक्रम | साल बसाली | ३०० | कृषि सघन क्षेत्र स्तरिय कृषि सहकारी संस्था विस्तारका लागि कम्तीमा २०० कृषकसंग अर्न्तकृया कार्यक्रम सम्पन्न भएको हुने |
| ७ | उत्पादनशील क्षेत्रमा सहकारी लगानी अभिवृद्धिका लागि सम्भाव्यता अध्ययन | सम्भाव्यता अध्ययन | ०८१/८२-०८१/८२ | ३०० | उत्पादनशील क्षेत्रमा सहकारी लगानी अभिवृद्धिका लागि सम्भाव्यता अध्ययन गरिएको हुने |
| ८ | अति विपन्न नागरीक घरधुरीलाई सहकारीमा प्रवेश गराउन बीउ पूँजी वितरण | सहकारीमा सबै वर्गका नागरिकको पहुँच वृद्धि | ०८१/८२-०८३/८४ | ६०० | अति विपन्न नागरीक घरधुरीलाई सहकारीमा प्रवेश गराउन बीउ पूँजी वितरण भएको हुने |
| ९ | उत्कृष्ट सहकारी पुरस्कार प्रदान | प्रोत्साहनमूलक कार्यक्रम | साल बसाली | ३०० | उत्कृष्ट सहकारी पुरस्कार वितरण भएको हुने |
| १० | सहकारी खेती, सहकारी उद्योग तथा सेवा क्षेत्रमा लगानी गर्न चाहने उद्यमीलाई विशेष तालिम | तालिम | ०८१/८२-०८३/८४ | ३०० | सहकारी खेती, सहकारी उद्योग तथा सेवा क्षेत्रमा लगानी गर्न चाहने करीब १५० उद्यमीलाई विशेष तालिम प्राप्त भएको हुने |
| ११ | सहकारीमा आधारित उद्योग तथा सेवा क्षेत्रको सम्भाव्यता अध्ययन | सहकारीमा आधारित उद्योग तथा सेवा क्षेत्रको प्रवर्द्धन | ०८३/८४-०८३/८४ | ४०० | सहकारीमा आधारित उद्योग तथा सेवा क्षेत्रको सम्भाव्यता अध्ययन भएको हुने |

### ३.५.६ जोखिम पक्ष तथा अनुमान

सहकारीको मूल मर्म र भावना अनुसार सहकारीका सदस्य र सञ्चालकलाई अभिमुखिकरण, सहकारीको माध्यमबाट सामाजिक सद्भावको निर्माण, रचनात्मक र प्रतिस्पर्धात्मक भावनाको विकास, सहकारी मार्फत औद्योगिकरण, गरिबी निवारण, लक्षित वर्गको स्तरोन्नतीमा टेवा पुऱ्याउने कार्यक्रममा विस्तार गर्न सकेमा

अपेक्षित उपलब्धि हासिल हुन सक्छ। पर्याप्त लगानी, सतही ज्ञान र सूचनाको सम्प्रेषण गर्न नसकेमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## ३.६ बैङ्क तथा वित्तीय क्षेत्र

### ३.६.१ पृष्ठभूमि

सबल अर्थतन्त्र निर्माणका लागि बैङ्क तथा वित्तीय संस्थाको क्रियाशिलता अपरिहार्य हुन्छ। बैंकिङ्ग कारोबार चलायमान हुन स्थानीय स्तरमा व्यापक रुपमा पूँजी प्रवाह भैरहने वातावरण हुनुपर्दछ। यस गाउँपालिकामा विभिन्न सहकारी, बैङ्क तथा वित्तीय संस्थाहरुले सेवा दिइरहेका छन्। हाल यस गाउँपालिकामा आई सी एसिया बैंक, बैंक अफ काठमाडौं, विष्टर्न डेभलपमेन्ट बैंकका शाखाहरु संचालनमा रहेका छन। यसै गरी यहाँ ४ वटा लघुवित्त, विभिन्न प्रकृतिका सहकारी संस्थाहरुबाट वित्तीय कारोबार हुने गरेको छ। कुनैपनि स्थानको अर्थतन्त्र सबल हुन कृषि, पर्यटन र उद्योग क्षेत्र चलायमान हुनुपर्ने भएकाले ती क्षेत्रको क्रमिक विकाससँगै बैङ्क तथा वित्तीय संस्थाको विकास स्वत: हुन जान्छ।

### ३.६.२ समस्या तथा चुनौती

बजार केन्द्रित बैंक तथा वित्तीय संस्था, न्युन बचत तथा पुँजी परिचालन, न्युन आर्थिक क्रियाकलाप, सहकारी संस्थालाई न्युन आय र सीपयुक्त नागरिकको सशक्तिकरणका लागि परिचालन गर्न नसक्नु, वित्तीय संस्थाहरूमा सहज पहुँच नहुँदा तथा अर्थतन्त्र चलायमान नहुँदा स्थानीय पूँजीको विकास कमजोर हुनु, औद्योगिक पूर्वाधार, उद्योग, व्यापारिक केन्द्र र स्थानीय पूँजीको विकास नहुनु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन्।

### ३.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| वित्तीय पहुँच वृद्धिमार्फत आर्थिक क्षेत्रको गतिशिलता |
| **लक्ष्य** |
| प्रत्येक घरधुरीमा बैङ्क तथा वित्तीय संस्थाहरूको सहज पहुँच स्थापित गर्ने। |
| **उद्देश्यहरू** |
| ✓ बैङ्क तथा वित्तीय संस्थातर्फ आम सर्वसाधारणलाई आर्कषण गर्नु।<br>✓ सहजकर्जा प्रवाह र बचत परिचालनमार्फत उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्नु। |

### ३.६.४ रणनीति

१. वित्तीय पहुँच नपुगेका घरपरिवारमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पुऱ्याउने।
२. व्यवसायिक, उत्पादनमूलक साना तथा मझौला उद्योगमा ऋण प्रवाह अभिवृद्धि गर्ने।

### ३.६.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बैङ्क खाता नभएका घरधुरीको लगत संकलन | वित्तीय पहुँचको आँकलन | ०८१/८२-०८१/८२ | ३०० | बैङ्क खाता नभएका घरधुरीको लगत संकलन भएको हुने |
| २ | घुम्ती बैङ्किङ सेवा अभियान सञ्चालन | सहज बैङ्किङ सेवा | ०८१/८२-०८३/८४ | ३०० | घुम्ती बैङ्किङ सेवा अभियान सञ्चालन भएको हुने |
| ४ | उद्यमी तथा बैङ्कहरू बीच अन्तरक्रिया सहजिकरण | उद्योग र वित्तीय संस्थाबीच असल सम्बन्ध | साल बसाली | ३०० | उद्यमी तथा बैङ्कहरू बीच अन्तरक्रिया सहजिकरण भएको हुने |
| ५ | युवा र महिला उद्यमीलाई मझौला उद्योगतर्फ विशेष व्याज अनुदान | व्याज अनुदान | ०८२/८३-०८३/८४ | ४५० | युवा र महिला उद्यमीलाई मझौला उद्योगतर्फ विशेष व्याज अनुदान प्रदान गरिएको हुने |
| ६ | कर्जा सेवा केन्द्र स्थापना | सहज ऋण प्रवाह | ०८१/८२-०८३/८४ | ३०० | पलिकामा एक कर्जा सेवा केन्द्र स्थापना भएको हुने |
| ७ | बैंङ्कबाट भौगोलिक दुरी टाढा भएकाहरुका लागि Virtual Banking सुविधा | सहज बैङ्किङ पहुँच | ०८१/८२-८३/८४ | ३०० | बैंङ्कबाट भौगोलिक दुरी टाढा भएकाहरुका लागि Virtual Banking सुविधा उपलब्ध भएको हुने |

### ३.६.६ जोखिम पक्ष तथा अनुमान

तहगत सरकारको वित्तीय साक्षरता, पहुँच र सहुलियत सम्बन्धी नीतिलाई स्थानीय बैंक तथा वित्तीय संस्थाले अंगिकार गरी कर्जा परिचालन, क्षेत्रगत ऋणको ब्याजमा सहुलियत, उत्पादनमुलक क्षेत्रमा कर्जा प्रवाह र लक्षित वर्गको बैंकिङ्ग सेवामा पहुँच विस्तार गर्न सकेको खण्डमा उल्लिखित नीति रणनीति हासिल गर्न सकिने तथा सो अनुसार कार्य सम्पादन गर्न नसकेमा उद्देश्य प्राप्तिमा जोखिम हुने देखिन्छ ।

## ३.७ गरीबी निवारण

### ३.७.१ पृष्ठभूमि

वि.सं. २०१३ को प्रथम आवधिक योजना देखि हालको पन्धौ योजना सम्मका हरेक विकास योजनाहरूमा सबैभन्दा बढी देखापर्ने पेचिलो मुद्दाको रुपमा गरीबी निवारण रहेको छ । जति विकासका योजनाहरू बने पनि गरीबी निवारण गर्न भने सकिएको छैन् । दिगो विकास लक्ष्यको पहिलो लक्ष्य नै सन् २०३० सम्म सबै प्रकारका गरीबीको अन्त्य गर्ने भन्ने छ भने राष्ट्रिय लक्ष्य शुन्यमा झार्न नसकिए पनि कुल जनसंख्याको ५ प्रतिशतमा सीमित गर्ने रहेको छ । नेपाल सरकारले गरीबी निवारण गर्न लिएको लक्ष्य तथा उद्देश्य अनुरुप गाउँपालिकाले बेरोजगार तथा युवाहरुको वास्तविक बस्तु स्थिति अद्यावधिक गरी कार्ययोजना बनाएर बेरोजगार तथा युवाहरुलाई रोजगारमुलक कार्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ३.७.२ समस्या तथा चुनौती

वास्तविक गरिबीको पहिचानमा कमी, वितरणमुखी कार्यक्रम, निर्वाहमुखी कृषि पेशा, सीप र रोजगारमुलक शिक्षाको कमी, श्रमको सम्मान गर्ने संस्कृतिको अभाव, शिक्षा र जनचेतनामा कमी रहेकाले गरीबी घटाउन कठिन लगायतका समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

### ३.७.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| ज्ञान, सिप र उद्यमशिलताको विकास गरी शुन्यमा झार्ने गरीबी |
| **लक्ष्य** |
| आगामी पाँच वर्षमा हालको गरीबीलाई पचास प्रतिशत कम गर्ने । |
| **उद्देश्यहरू** |
| निरपेक्ष र बहुआयमिक गरीबीमा रहेका जनताको गरीबी निवारण गरी जीवनस्तर उकास्ने । |

### ३.७.४ रणनीति

१. गरीबी सम्बन्धी सूचना र तथ्याङ्क चुस्त दुरुस्त राख्ने ।

२. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने ।

३. विपन्न लक्षित सीपमूलक तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने ।

### ३.७.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | गरिब परिवार पहिचान सूचना संकलन | कारण सहित अद्यावधिक तथ्याङ्कको उपलब्धता | ०८२/८३-०८२/८३ | ३०० | गरिब परिवार पहिचान सूचना संकलन भएको हुने |
| २. | बेरोजगारहरूको सूचना तथा तथ्याङ्क संकलन | सूचना तथा तथ्याङ्क संकलन | ०८१/८२-०८२/८३ | ३०० | बेरोजगारहरूको सूचना तथा तथ्याङ्क संकलन भएको हुने |
| ३. | गरिब लक्षित पोषण तथा खाद्य सूरक्षा कार्यक्रम | पोषण तथा खाद्य सुरक्षा | साल बसाली | ३०० | गरिब लक्षित पोषण तथा खाद्य सूरक्षा कार्यक्रम आयोजना भएको हुने |
| ४. | विपन्न परिवार स्वास्थ्य बीमा कार्यक्रम | स्वास्थ्यमा सुलभ पहुँच | साल बसाली | ३०० | विपन्न परिवार स्वास्थ्य बीमा कार्यक्रम संचालन भएको हुने |
| ५. | विपन्न नागरीक आवास कार्यक्रम | आवासको सुनिश्चितता | साल बसाली | ७००० | करीब ५० वटा विपन्न नागरीक |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | आवास निर्माण भएको हुने |
| ६. | बेसहारा आश्रयस्थान निर्माण | आश्रयस्थान निर्माण | ०८१/८२-०८२/८३ | ३५० | कम्तीमा १ बेसहारा आश्रयस्थान निर्माण भएको हुने |
| ७. | दक्ष कृषि श्रमिक श्रोतकेन्द्र स्थापना | कृषि श्रमिक श्रोतकेन्द्र स्थापना | ०८१/८२-०८३/८४ | ३५० | पालिकामा १ दक्ष कृषि श्रमिक श्रोतकेन्द्र स्थापना भएको हुने |
| ९. | आवश्यकतामा आधारित तालिम सञ्चालन | सीप र स्वरोजगारीलाई प्रोत्साहन | ०८१/८२-०८३/८४ | ३०० | करीब २५० स्थानियलाई तालिम सञ्चालन भएको हुने |
| १०. | रोजगार सूचना प्रणाली र बैंकको स्थापना | रोजगारदाता र रोजगारको सहज सर्म्पक | ०८१/८२-०८२/८३ | ३५० | रोजगार सूचना प्रणाली र बैंकको स्थापना भएको हुने |
| ११. | विपन्न लक्षित विशेष भूमि बैङ्क स्थापना | भूमि बैङ्क स्थापना | ०८२/८३-०८३/८४ | ३०० | कम्तीमा १ विपन्न लक्षित विशेष भूमि बैङ्क स्थापना भएको हुने |
| १२. | अति विपन्न परीवार लक्षित उद्यमी अनुदान | उद्यमी अनुदान | ०८१/८२-८३/८४ | ६०० | अति विपन्न ५० परीवार उद्यमीले अनुदान प्राप्त गरेका हुने |

## ३.७.६ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका क्षेत्रमा बसोबास गर्ने गरीब, घरपरिवार विहिन, बेरोजगारको लगत संकलन, गरिबीको कारण र सम्बोधनका उपायको पहिचान, लक्षित वर्ग कार्यक्रम सञ्चालन, जोखिमयुक्त क्षेत्रमा रहेका बस्ती स्थानान्तरण, विभिन्न तहका सरकार र क्षेत्रले सञ्चालन गर्ने कार्यक्रमबीच समन्वय, सीप विकास, उद्यमशीलता विकास, मनोसामाजिक रुपान्तरणका कार्यक्रम प्राथमिकता र पर्याप्त स्रोत विनियोजका साथ कार्यान्वयन गरिएमा गरिबी निवारणको उद्देश्य प्राप्ति हुन्छ भने कोभिड-१९ जस्ता महामारी, बाढी पहिरो जस्ता प्राकृतिक विपत्तीले गरिबीको सघनतालाई झन बढाउने जोखिम हुन्छ ।

### नतिजा सूचकहरू

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **कृषि** | | | | |
| | प्रभाव | कृषि क्षेत्रको उत्पादन वृद्धि दर | प्रतिशत | | |
| | प्रभाव | कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनका योगदान | प्रतिशत | | |
| | प्रभाव | पूर्ण खाद्य सुरक्षा भएका घरधुरी | प्रतिशतमा | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | खेतीयोग्य जमिन मध्ये पूर्णरुपमा खेती भैरहेको जमिनको | प्रतिशतमा | | |
| | असर | माटोमा औसत जैविक पदार्थको मात्रा | प्रतिशतमा | | |
| | असर | झाडी बुट्यान र बाँझो जमिनको | प्रतिशतमा | | |
| | असर | पूर्णरुपमा व्यवसायिक कृषिमा प्रयोग भैरहेको जमिन (प.दि.वि.ल.(२.४.१) | प्रतिशतामा | | |
| | असर | वर्षैभरी सिंचाई सुविधा पुगेको जमिन (प.दि.वि.ल.( २.४.३) | प्रतिशतामा | | |
| | असर | जैविक प्रणालीबाट मात्र खेती भैरहेको जमिन | हेक्टर | | |
| | असर | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी.मा | | |
| | असर | व्यवसायीक कृषिमा लागेका ४० वर्ष मूनिका युवा कृषक | संख्यामा | | |
| | असर | धान उत्पादन | मे.टन (हजार) | | |
| | असर | मकै उत्पादन | मे.टन (हजार) | | |
| | असर | गहुँ उत्पादन | मे.टन (हजार) | | |
| | असर | कोदो उत्पादन | मे.टन (हजार) | | |
| | असर | जौ उत्पादन | मे.टन (हजार) | | |
| | असर | फापर उत्पादन | मे.टन (हजार) | | |
| | असर | आलु उत्पादन | मे.टन (हजार) | | |
| | असर | अन्य तरकारी उत्पादन | मे.टन (हजार) | | |
| | असर | अन्य फलफुल | मे.टन (हजार) | | |
| | असर | दुध उत्पादन | किलो लिटर ( हजार) | | |
| | असर | तेलहन बाली | मे.टन (हजार) | | |
| | असर | दलहन बाली | मे.टन (हजार) | | |
| | असर | कफी | मे.टन | | |
| | असर | कपास | मे.टन | | |
| | प्रतिफल | कृषि सूचना तथा स्रोत केन्द्र | संख्या | | |
| | प्रतिफल | एग्रोभेट | संख्या | | |
| | प्रतिफल | पशु उपचार केन्द्र | संख्या | | |
| | प्रतिफल | कृषि औजार बिक्री केन्द्र | संख्या | | |
| | प्रतिफल | Custom Hiring Center | संख्या | | |
| | प्रतिफल | कृषि तथा पशु उपज बिक्री केन्द्र/संकलन केन्द्र | | | |
| | प्रतिफल | व्यवसायिक कृषि फर्म | संख्या | | |
| | प्रतिफल | कृषि घुम्ती सेवा | वार्षिक संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | कृषक पाठशाला | संख्या | | |
| | प्रतिफल | व्यवसायिक कृषि नर्सरी | संख्या | | |
| | प्रतिफल | ब्रान्डेड कृषि उपज | संख्या | | |
| | प्रतिफल | व्यवसायिक फलफुल खेती गरिएको क्षेत्रफल | हेक्टर | | |
| | प्रतिफल | आधुनिक कृषि औजार तथा यन्त्र प्रायोगकर्ता | कृषक संख्या | | |
| | प्रतिफल | कृषि सहकारी संस्था | संख्या | | |
| | प्रतिफल | सामुहिक खेतीमा संलग्न समूह | संख्या | | |
| | प्रतिफल | रैथाने तर नासिने अवस्थामा पुगेका स्थानीय बाली नश्ल | संख्या | | |
| | प्रतिफल | चक्लाबन्दी गरी खेती गरिएको जमिन क्षेत्रफल | | | |
| | प्रतिफल | जलवायू अनुकूलन विशेष बालीनाली | संख्या | | |
| | प्रतिफल | सामुदायिक बीज बैंकको संख्या प.दि.बि.ल ( २.५.२.४) | | | |
| | असर | स्थानीयस्तरमा उत्पादन भई निकासी हुने बीज | संख्या | | |
| | प्रतिफल | जैविक किटनासक प्रयोगकर्ता | कृषक संख्या | | |
| | प्रतिफल | गाँउपालिकाबाट कृषि उपज निर्यात तथा बजारीकरणका लागि दिइएको अनुदान सहायता रकम प.दि.बि.ल.(२.ख.१) | रू लाखमा | | |
| | प्रतिफल | कृषि क्षेत्रलाई छुट्याइएको बजेटको प्रतिशत (कूल बजेटको) .प.दि.वि.ल.(२.क.१) | | | |
| | प्रतिफल | बाली भित्र्याइसकेपछि हुने क्षती | प्रतिशतमा | | |
| | प्रतिफल | वैकल्पिक सिंचाइ प्रविधि प्रयोगकर्ता कृषक | प्रतिशत | | |
| | प्रतिफल | सन्तुलित मूल्य श्रृंखलामा समेटिएका कृषि उपज | संख्या | | |
| | प्रतिफल | कृषि तथा पशु प्राविधिक जनशक्ति | संख्या | | |
| | प्रतिफल | कृषिमा आधारित उद्योग | संख्या | | |
| | प्रतिफल | पशुधन निर्यातबाट प्राप्त रकम | लाखमा | | |
| | प्रतिफल | पन्छीजन्य निर्यातबाट प्राप्त रकम | लाखमा | | |
| | प्रतिफल | माछा निर्यातबाट प्राप्त रकम | लाखमा | | |
| | प्रतिफल | मह निर्यातबाट प्राप्त रकम | लाखमा | | |
| | प्रतिफल | कृषक समूह | संख्या | | |
| | प्रतिफल | दुध चिस्यान तथा डेरी | संख्या | | |
| | प्रतिफल | कृषि पकेट जोन/सुपर जोन | संख्या | | |
| | प्रतिफल | व्यवसायिक जाडिबुटी खेती गरिएको क्षेत्रफल जडीबुटी नर्सरी | संख्या | | |
| | प्रतिफल | व्यवसायिक तरकारी उत्पादन गरिएको क्षेत्रफल | | | |
| | प्रतिफल | कृषि सडकको पहुँचले जोडिएको कृषि क्षेत्रको | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | रासायनिक मल समयमा प्राप्त हुन नसकि प्रभावित कृषक | प्रतिशत | | |
| | प्रतिफल | व्यवसायिक रुपमा प्राङ्गारिक मल उत्पादन गर्ने कृषक | संख्या | | |
| | प्रतिफल | सघन खेतीपातीले ओगटेको क्षेत्रफल | हेक्टर | | |
| | प्रतिफल | करारखेतीले ओगटेको क्षेत्रफल | हेक्टर | | |
| | प्रतिफल | बगर खेतीले ओगटेको क्षेत्रफल | हेक्टर | | |
| | प्रतिफल | खाद्यन्न गोदाम | संख्या | | |
| | प्रतिफल | कृषि क्षेत्रले ओगटेको पूर्ण रोजगारी | प्रतिशत | | |
| | प्रतिफल | कृत्रिम गर्भादान सेवा संख्या | वार्षिक | | |
| | प्रतिफल | उन्नत नश्लका पशुपन्छी स्रोत केन्द्र | संख्या | | |
| | प्रतिफल | रैथाने पन्छी तथा पशुपालक फार्म | संख्या | | |
| | प्रतिफल | घाँसेवालीले ओगटेको कृषि क्षेत्र | हेक्टरमा | | |
| | प्रतिफल | भेटिरिनरी प्रयोगशाला | संख्या | | |
| | प्रतिफल | कृषि प्रर्दशनी तथा मेला | संख्या वार्षिक | | |
| | प्रतिफल | माछा पोखरीले ओगटेको क्षेत्रफल | हेक्टर | | |
| | प्रतिफल | मौरी घार | संख्या | | |
| | प्रतिफल | कृषि प्राविधिक तालिम तथा अभिमुखीकरणबाट पूर्ण लाभान्वित छु भन्ने कृषक | संख्या | | |
| | प्रतिफल | माछाका भूरा वितरण संख्या | प्रतिवर्ष | | |
| २. | **पर्यटन** | | | | |
| | प्रतिफल | पर्यटक आगमन | संख्या | | |
| | असर | रोजगारीमा योगदान | प्रतिशत | | |
| | असर | कूलग्राहस्थ उत्पादनमा योगदान | | | |
| | असर | पर्यटक बसाइ अवधि | दिन | | |
| | असर | प्रति पर्यटक प्रतिदिन खर्च | ४५ डलर | | |
| | प्रतिफल | आधारभूत पूर्वाधार पूर्ण भएका पर्यटकीय गन्तव्य | संख्या | | |
| | प्रतिफल | तालिम प्राप्त पर्यटन सम्बद्ध जनशक्ति | संख्या | | |
| | प्रतिफल | आधारभूत सुविधायुक्त होटल, रिसोर्ट, लज | संख्या | | |
| | प्रतिफल | होमस्टे | संख्या | | |
| | प्रतिफल | पर्यटन सूचना केन्द्र | संख्या | | |
| | प्रतिफल | वार्षिक पर्यटन पात्रो अन्तर्गत समेटिएका पर्यटन गतिविधि | संख्या | | |
| | प्रतिफल | चिनो, कोशेली तथा पर्यटन बिक्री केन्द्र | संख्या | | |
| | प्रतिफल | नविनतम पर्यटन गन्तव्य | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | पक्की सडकको पहुँच पुगेका पर्यटन गन्तव्य | संख्या | | |
| | प्रतिफल | पूर्णरुपमा पर्यटनमा संलग्न रोजगारको | संख्या | | |
| **३.** | **खानी, खनिज, उद्योग वाणिज्य तथा आपूर्ति** | | | | |
| | असर | गैर कृषि क्षेत्रमा (उद्योगमा) संलग्न रोजगारहरू | प्रतिशत | | |
| | असर | कूल रोजगारीमा ठूला उद्योगको योगदान (९.२.२) | प्रतिशत | | |
| | असर | कूल गार्हस्थ उत्पानमा उद्योग क्षेत्रको योगदान ( प.दि.वि.ल. ८.३.१) | प्रतिशत | | |
| | प्रतिफल | थोक व्यापार क्षेत्रमा संलग्न जनसंख्या | प्रतिशत | | |
| | प्रतिफल | खुद्रा व्यापारमा संलग्न जनसंख्या | प्रतिशत | | |
| | प्रतिफल | आयात मूल्य | रकममा | | |
| | प्रतिफल | निर्यात मूल्य | रकममा | | |
| | प्रतिफल | थोक तथा खुद्रा व्यापारमा कुल लगानी | रकममा | | |
| | प्रतिफल | खानीमा आधारित उद्योग संख्या | संख्या | | |
| | प्रतिफल | साना उद्योग संख्या | संख्या | | |
| | प्रतिफल | मझौला उद्योग संख्या | संख्या | | |
| | प्रतिफल | ठूला उद्योग संख्या | संख्या | | |
| | प्रतिफल | व्यवसायिक अभिमुखीकरण तालिम (वार्षिक) | संख्या | | |
| | प्रतिफल | महिला उद्यमीहरूको संख्या | संख्या | | |
| | प्रतिफल | युवा उद्यमीहरूको संख्या | संख्या | | |
| | प्रतिफल | समग्र उद्यमीहरूको संख्या (व्यक्तिगत नाममा दर्ता) | संख्या | | |
| **४.** | **बैङ्क तथा वित्तीय क्षेत्र** | | | | |
| | प्रतिफल | आफ्नै नाममा बैङ्क खाता भएका घरपरिवार | संख्या | | |
| | प्रतिफल | गाँउपालिकामा विस्तार भएका वाणिज्य बैङ्को | संख्या | | |
| | प्रतिफल | गाँउपालिकामा विस्तार भएका विकास बैङ्क | संख्या | | |
| | प्रतिफल | गाँउपालिकामा विस्तार भएका लघुवित्त | संख्या | | |
| | असर | वित्तीय सेवाको पहुँचमा रहेका घर परिवारको संख्या | संख्या | | |
| | प्रतिफल | प्रति १ लाख वयस्कहरूमा वाणिज्य बैङ्कहरूमा शाखा (८.१०.१ क) | संख्या | | |
| | प्रतिफल | प्रति १ लाख वयस्कहरूमा ए.टि.एम (८.१०.१ ख) प.दि.बि.ल) | संख्या | | |
| | प्रतिफल | बैङ्कबाट ऋण लिएर व्यवसायका उद्योग सञ्चालन गर्ने व्यवसायीको (९.३.२) प.दि.बि.ल. | संख्या | | |
| | असर | लघुवित्तद्वारा समेटिएको खेती गर्ने परिवार प्रतिशत (१०.५.१.१) प.दि.वि.ल. | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | ३० मिनेटको पैदल दुरीमा बैङ्किङ सेवामा पहुँच भएका परिवार | प्रतिशत | | |
| **५.** | **गरीबी निवारण** | | | | |
| | प्रभाव | गरीबीको रेखामुनि रहेको परिवार (प.दि.बि.ल १.२.१) | प्रतिशत | | |
| | प्रभाव | बहुआयामिक गरिबीको दर (प.दि.बि.ल १.२.२) | प्रतिशत | | |
| | प्रभाव | बेरोजगारी दर (प.दि.बि.ल ८.५.२) | प्रतिशत | | |
| | प्रतिफल | गरीब लक्षित कार्यक्रमबाट प्रत्यक्ष लाभ लिने घरपरिवार | संख्या | | |
| | प्रतिफल | भूमिहिन तर करार खेतीबाट लाभन्वित घरपरिवार | संख्या | | |
| | प्रतिफल | आयमूलक सिप विकास तालिमद्वारा लाभान्वित घरपरिवार | संख्या | | |
| | असर | अशक्त, असहाय, बेसहारा आश्रयस्थलमा समेटिने | संख्या | | |
| | प्रतिफल | स्वास्थ्य बिमाबाट सूरक्षित गरिएका विपन्न परिवार | संख्या | | |
| | प्रतिफल | गरीबीको रेखामुनि रहेका महिला (१.२.१.१) | प्रतिशत | | |
| | प्रतिफल | गरीबीको रेखामुनि रहेका ५ वर्ष मुनिका बालबालिका (१.२.१.१) | प्रतिशत | | |
| | प्रतिफल | कूल बजेटमा सामाजिक सुरक्षा खर्च (१.३.१.१) | प्रतिशत | | |
| | प्रतिफल | आफ्नै नाममा अचल सम्पत्ति भएका महिला ( १.४.२.१) | प्रतिशत | | |

# परिच्छेद - ४: सामाजिक क्षेत्र

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

सभ्य र सु-संस्कृत समाजको निर्माणमा शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ । विज्ञान तथा प्रविधिमैत्रि शिक्षा प्रदान गर्न सकेमात्र सक्षम मानव संशाधन तयार हुन्छ । आधुनिक समाज निर्माण गर्न शिक्षामा बृहतर लगानी गर्नुपर्ने हुन्छ । विश्वभर विकसित मुलुकहरूको समग्र विकासको कारण भनेकै ती मुलुकहरूको शिक्षामा गरेको विशाल लगानीको प्रतिफल हो । नेपालको संविधान २०७२ ले शिक्षालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । विशेषगरी आधारभूत तह सम्मको शिक्षा निःशुल्क र अनिवार्य साथै माध्यमिक तह सम्मको शिक्षा निःशुल्क गरेको छ । उक्त परिप्रेक्ष्यमा राज्यः विशेषगरी स्थानीय सरकारको भूमिका र जिम्मेवारी महत्वपूर्ण हुन गएको छ । ग्रामीण परिवेश रहेको यस गाउँपालिकाको शैक्षिक अवस्थाका बारेमा अध्ययन गर्दा देशका अन्य स्थानीय तहको तुलनामा साक्षरता दर न्यून रहेको पाइन्छ । गाउँपालिकाको पार्श्वचित्र २०७६ को तथ्याङ्क अनुसार गाउँपालिकामा बालविकास, आधारभूत विद्यालय, माध्यमिक विद्यालय गरी २९ वटा सामुदायिक विद्यालयहरु तथा १४ वटा संस्थागत विद्यालयहरु गरि जम्मा ४३ वटा विद्यालयहरु संचालनमा रहेका छन् । यहाँ स्नातक सम्म अध्ययन अध्यापन हुने ऐरावती बहुमुखी क्याम्पस संचालनमा रहेको छ ।

### ४.१.२ समस्या तथा चुनौती

शैक्षिक पूर्वाधारको कमजोर अवस्था, पर्याप्त विषयगत शिक्षक र शैक्षिक सामाग्रीको अभाव, शैक्षिक गुणस्तर प्रति अभिभावकको न्युन चासो, सीप र स्वरोजगारमुलक शिक्षाको कमी, विपन्न समुदायका बालबालिकाको शिक्षा, विज्ञान तथा प्रविधिको पहुँचमा कमी, शिक्षक शिक्षिकाहरूलाई नियमित तालिमको अभाव, शैक्षिक ऋण तथा छात्रवृत्तिको व्यवस्था, नवीनतम शिक्षण प्रणाली र सूचना सञ्चार प्रणालीको न्युन प्रयोग लगायतका समस्या र चुनौती अन्य स्थानका अतिरिक्त यस गाउँपालिकामा समेत रहेका छन् ।

### ४.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| राप्ती गाउँपालिकाको इच्छा, पहुँच र गुणस्तर सहितको बालमैत्री प्रविधिमैत्री व्यवसायीक तथा समतामूलक शिक्षा |
| **लक्ष्य** |
| ➢ गाउँपालिकाको भावी स्वरुपलाई दृटिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसाथ गर्दै सबै नागरिकलाई उत्पादनशील जिवनयापन गर्न चाहिने पूर्ण कार्यमूलक साक्षरता आधारभूत जिवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजिकरण गर्दै जनशक्तिको क्षमता विकासका निरन्तर एवं समावेशी प्रयत्न मार्फत गाउँपालिकाको समाजिक आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने । |

➢ वि. स २०८७ सम्म बालमैत्री, प्रविधिमैत्री, व्यवसायीक, सिपमूलक, समतामूलक, पहुँचयोग्य तथा गुणस्तरीय शिक्षाको व्यवस्थापन गर्ने ।

**उद्देश्यहरू**

- ✓ प्रारम्भिक बाल विकास तथा आधारभुत तहसम्मको शिक्षा अनिवार्य निशुल्क प्रदान गर्नु र माध्यमिक तहसम्मको शिक्षा निशुल्क उपलब्ध गराउनु ।
- ✓ विद्यालय उमेर समूहका सबै बालबालिकालाई गुणस्तरीय, प्रविधिमैत्री, सिपमूलक, व्यावसायिक तथा समतामूलक शिक्षा उपलब्ध गराउनु ।
- ✓ गुणस्तरीय शिक्षाका लागि शिक्षक तथा कर्मचारीको क्षमता अभिवृद्धि मार्फत सक्षम जनशक्ति उत्पादन गर्नु ।
- ✓ बालमैत्री, समतामूलक तथा सूचना प्रविधियूक्त भौतिक पूवार्धार विकास गर्नु ।
- ✓ औपचारिक शिक्षाको अवसरबाट बञ्चित भएका व्यक्तिहरुका लागि अनौपचारिक, खुला तथा निरन्तर शिक्षाका अवसर सिर्जना गर्नु ।
- ✓ माटौ चिनौ र पुस्तान्तरण गरौ भन्ने उद्देश्यका साथ आधारभूत तहसम्म स्थानीय पाठ्यक्रम विद्यालयहरुमा कार्यान्वयन गर्नु ।
- ✓ विद्यालय शिक्षाको सुधार र विकासका लागि व्यक्ति, समुदाय, संघसंस्थालाई अधिकतम प्रयोग गर्नु ।
- ✓ निजी क्षेत्रबाट सञ्चालनमा रहेका शैक्षिक संस्थाहरुको प्रभावकारी नियमन र व्यवस्थापन गर्नु ।

### ४.१.४ रणनीति

१. आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नुका साथै आधारभूत तह सम्मको शिक्षालाई निशुल्क एवम् अनिवार्य र माध्यमिक तहको १० कक्षा सम्मको शिक्षालाई निशुल्क गरिनेछ ।

२. विद्यालय जाने उमेर नाघेकाहरुका लागि अनौपचारिक शिक्षा कार्यक्रम मार्फत निरन्तर तथा जीवन पर्यन्त शिक्षामा सबैको पहुँच स्थापित गरिनेछ ।

३. कार्यसम्पादनमा उत्कृष्ट शिक्षकलाई पुरस्कृत गरिनेछ । कार्यसम्पादनमा सूचकहरु गाउँ शिक्षा समितिले निर्माण गरी कार्यान्वयन गर्नेछ ।

४. विद्यालयको संस्थागत क्षमता विकासको लागि शैक्षिक अनुदान तथा तालिम आदिको व्यवस्था गरिनेछ । स्थानीय समुदाय तहको मौलिक (भाषा, संस्कृति, कला, साहित्य, संगीत आदि) ज्ञान सीप संरक्षण एवं प्रबर्द्धन गर्न सहयोग गरिनेछ ।

५. विद्यालय उमेरका सम्पूर्ण बालबालिकालाई विद्यालय ल्याऔ र पढाइमा लगाओ कार्यक्रमलाई थप प्रभावकारी बनाई सबै विद्यार्थीले कम्तिमा माध्यमिक तह पुरा गर्ने व्यवस्था मिलाइनेछ ।

६. सबै विद्यालयहरुमा कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम (व्यावसायिक सीपमुलक, स्थानीय भाषा, कला, संस्कृतिमा आधारित) निर्माण गरी लागू गरिनेछ ।

७. विद्यालय बाहिर रहेका सबै विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालय ल्याउने रणनीति अबलम्बन गरिनेछ ।

८. विद्यार्थी संख्या, कक्षागत र विषयगतको आधारमा शिक्षक दरबन्दीको मिलान गरिनेछ । गाउँका सबै माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी मेसिन जडान गरी गाउँ तथा वडा कार्यालय बाट अनुगमन गरिनेछ ।

९. सबै विद्यालयमा विद्युतीय सूचना प्रविधि (इन्टरनेट, इमेल, बेभसाइड, गाउँ एप्स आदि) सञ्चालन गर्न सहयोग गरिनेछ ।

१०. आर्थिक तथा सामाजिक रुपमा विपन्न, सीमान्तकृत समुदायका विद्यार्थीलाई माध्यमिक तहसम्मको शिक्षा अध्ययनको लागि छात्रवृत्ति कोष स्थापना गरी छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

११. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यकतामा आधारित शिक्षकहरुका लागि तालिमको व्यवस्था गरिनेछ ।
१२. शिक्षासँग सम्बन्धित गैरसरकारी संस्था, कम्पनी, व्यक्तिगत कन्सल्टेन्सी फर्महरुको सेवालाई अनुगमन, मुल्यांकन र नियमन गरिनेछ ।
१३. संस्थागत विद्यालयहरुका लागि शुल्क निर्धारण गर्ने, अनुगमन नियमन गरी प्रभावकारी गराईनेछ ।
१४. गैर सरकारी संघसंस्थाहरुसँगको सहकार्यमा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१५. सीमान्तकृत तथा गरिब बस्तीका कक्षा १-५ सम्मका बालबालिकाका लागि दिवा खाजाको व्यवस्था गरी विद्यार्थीको बिचैमा विद्यालय छोड्ने दरमा कमी ल्याईनेछ ।
१६. विद्यालयहरुमा पहुँचयुक्त नवीनतम् सूचना प्रविधिमा आधारित अपाङ्ग मैत्री शिक्षण सिकाइ कार्यलाई व्यवस्थित गरिनेछ ।
१७. गाउँ क्षेत्रभित्र भएका विभिन्न अपाङ्गता भएका बालबालिकाहरुको तथ्याङ्कीय सूचना तयार गरी उनीहरुको आवश्यकतामा आधारित गुणस्तरीय शिक्षाको व्यवस्था गरिनेछ ।
१८. पाँच वर्ष भित्रमा प्रत्येक वडामा कम्तिमा एउटा नमूना विद्यालय बनाउने कार्यको थालनी गरिनेछ । शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई थप व्यवस्थित र नियमन गरिनेछ ।
१९. बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक विकास अभिवृद्धिका लागि प्रत्येक विद्यालयलाई अतिरिक्त क्रियाकलाप तथा स्काउट सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न लगाइनेछ ।

## ४.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | शिक्षा नीति, मापदण्ड तथा कानून निर्माण | आवश्यक कानूनको निर्माण | ०८१/८२–०८१/८२ | ५०० | गाउँपालिकास्तरीय शिक्षा नीति, मापदण्ड तयार भएको हुने |
| २ | सम्पूर्ण सामुदायिक विद्यालयहरूको वस्तुगत विवरण तयारी | सामुदायिक विद्यालयहरूको वस्तुगत विवरण तयार | ०८१/८२–०८३/८४ | १५०० | सामुदायिक विद्यालयहरूको वस्तुगत विवरण तयार भएको हुने |
| ३ | अपाङ्गमैत्री तथा छात्रामैत्री सुविधा सम्पन्न विद्यालय पूर्वाधार निर्माण | सबै प्रकारका विद्यार्थीमैत्री विद्यालय | ०८१/८२–०८३/८४ | १०००० | अपाङ्गमैत्री तथा छात्रामैत्री सुविधा सम्पन्न विद्यालय पूर्वाधार निर्माण भएको हुने |
| ४ | विद्युत पहुँच नपुगेका विद्यालयमा विद्युत जडान वा सोलारको प्रबन्ध | विद्यालयमा विद्युतीकरण | ०८१/८२–०८३/८४ | ८५० | विद्युत पहुँच नपुगेका विद्यालयमा विद्युत जडान वा सोलारको प्रबन्ध भएको हुने |
| ५ | स्टेम प्रयोगशाला विस्तारसाथै सामाजिक र भाषा विषयका लागि ल्याव स्थापना | स्टेम प्रयोगशाला स्थापना | ०८२/८३–०८३/८४ | १००० | कम्तीमा ३० विद्यालयमा स्टेम प्रयोगशाला विस्तार साथै सामाजिक र भाषा विषयका लागि ल्याब स्थापना भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ६ | हरेक विद्यालयमा इन्टरनेट सेवाको प्रवन्ध | विद्यालयमा इन्टरनेट सेवाको उपलब्धता | ०८२/८३-०८३/८४ | ५०० | कम्ती मा ३० वटा विद्यालयमा इन्टरनेट सेवाको प्रवन्ध भएको हुने |
| ७ | शिक्षक विद्यार्थी अनुपात अध्ययन, दरबन्दी अनुसार शिक्षकको व्यवस्था | शैक्षिक गुणस्तरमा सुधार | ०८१/८२-०८३/८४ | १००० | शिक्षक विद्यार्थी अनुपात अध्ययन, दरबन्दी अनुसार शिक्षकको व्यवस्था भएको हुने |
| ८ | एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम | सरसफाइ र स्वास्थ्य प्रति सचेतना | ०८१/८२-०८३/८४ | ४५०० | एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम संचालन भएको हुने |
| ९ | अति विपन्न, सिमान्तकृत, विद्यालय जानबाट वञ्चित बालबालिकाको विवरण संकलन | विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाको लगत संकलन | ०८१/८२-०८१/८२ | ४०० | अति विपन्न, सिमान्तकृत, विद्यालय जानबाट वञ्चित बालबालिकाको विवरण संकलन भएको हुने |
| १० | अभिभावक अभिमुखीकरण कार्यक्रम सञ्चालन | अभिभावकालाई जिम्मेवार | साल बसाली | ७५० | अभिभावक अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने |
| ११ | घुम्ती भर्ना अभियान सञ्चालन | भर्ना वृद्धि | साल बसाली | २५०० | घुम्ती भर्ना अभियान सञ्चालन भएको हुने |
| १२ | अति विपन्न र सिमान्तकृत बालबालिका छात्रवृत्ति कोष स्थापना | शिक्षामा सबैको पहुँच | साल बसाली | १००० | कम्तीमा १०० जना अति विपन्न र सिमान्तकृत बालबालिकाले छात्रवृत्ति प्राप्त गरेका हुने |
| १३ | निरक्षरको विस्तृत विवरण संकलन | निरक्षरको तथ्याङ्क संकलन | ०८२/८३-०८२/८३ | ५०० | निरक्षरको विस्तृत विवरण संकलन भएको हुने |
| १४ | अनौपचारीक प्रौढ शिक्षा सञ्चालन ( प्रत्येक वडामा) | साक्षरता वृद्धि | साल बसाली | ३००० | १७ वटा वडाकै साक्षरता दर वृद्धि भएको हुने |
| १५ | निरक्षर केन्द्रित शिक्षा सञ्चार तथा जनचेतनामूलक कार्यक्रम (स्थानीय सञ्चार माध्यमबाट) | शिक्षा सम्बन्धी जनचेतनामा वृद्धि | साल बसाली | १००० | शिक्षा सम्बन्धी जनचेतनामा वृद्धि भएको हुने |
| १६ | एक वडा एक सामुदायिक सिकाई केन्द्र स्थापना | सामुदायिक सिकाइ | ०८१/८२-०८२/८३ | ५००० | एक वडा एक सामुदायिक सिकाई केन्द्र स्थापना भएको हुने |
| १७ | अपांगता विशेष कक्षा सञ्चालन | शिक्षामा सबैको पहुँच सुनिश्चि | ०८२/८३-०८३/८४ | | अपांगता विशेष कक्षा सञ्चालन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १८ | बहुप्राविधिक विद्यालय स्थापनार्थ पूर्वाधार निर्माण | बहुप्राविधिक विद्यालय स्थापना | ०८१/८२-०८३/८४ | ८०० | बहुप्राविधिक विद्यालय स्थापनार्थ पूर्वाधार निर्माण भएको हुने |
| १९ | एक विद्यालय एक प्राविधिक विषय सम्भाव्यता अध्ययन र निर्माणको लागि कोष स्थापना | प्राविधिक शिक्षालाई महत्व | ०८१/८२-०८३/८४ | २५०० | एक विद्यालय एक प्राविधिक विषय सम्भाव्यता अध्ययन र निर्माणको लागि कोष स्थापना भएको हुने |
| २० | हरेक तहको पाठ्यक्रममा नैतिक, जीवनोपयोगी सामाग्री तय गर्न परामर्श सेवा | नैतिक शिक्षामा जोड | ०८१/८२–०८३/८४ | १५०० | हरेक तहको पाठ्यक्रममा नैतिक, जीवनोपयोगी सामाग्री तय गर्न परामर्श सेवा लिइएको हुने |
| २१ | विद्यालयस्तरीय पोषण शिक्षा कार्यक्रम | शिक्षा र पोषणको अन्तरआबद्धता | साल बसाली | ७००० | विद्यालयस्तरीय पोषण शिक्षा कार्यक्रम संचालन भएको हुने |
| २२ | नविनतम शिक्षण सिकाई तालिम सञ्चालन | नविनतम शिक्षण | ०८१/८२-०८१/८२ | १२०० | ४० शिक्षकलाई जनालाई नविनतम शिक्षण सिकाई तालिम सञ्चालन भएको हुने |
| २३ | विद्यार्थी व्यक्तिगत सूचना प्रणाली निर्माण | विद्यार्थी व्यक्तिगत सूचना प्रणाली | ०८२/८३-०८२/८३ | ८०० | विद्यार्थी व्यक्तिगत सूचना प्रणाली निर्माण भएको हुने |
| २४ | शिक्षण सिकाई उपलब्धी मापन ग्रेडीङ्ग प्रणाली निर्माण | ग्रेडीङ्ग प्रणाली निर्माण | ०८१/८२-०८२/८३ | ५०० | शिक्षण सिकाई उपलब्धी मापन ग्रेडीङ्ग प्रणाली निर्माण भएको हुने |
| २५ | विद्यालयस्तरिय विद्युतीय सिकाई पूर्वाधार निर्माण | विद्युतीय सिकाइ | ०८१/८२-०८३/८४ | १००० | कम्ती मा २० वटा विद्यालयमा विद्यालयस्तरिय विद्युतीय सिकाई पूर्वाधार निर्माण भएको हुने |
| २६ | पठनपाठनमा एकरुपता ल्याउन अतिरिक्त कक्षा मापदण्ड निर्माण | पठनपाठनमा एकरुपता | ०८३/८४-०८३/८४ | १५०० | पठनपाठनमा एकरुपता ल्याउन अतिरिक्त कक्षा मापदण्ड निर्माण भएको हुने |
| २७ | बहुक्षेत्रिय शिप विकास तथा व्यवसायिक तालिम केन्द्र स्थापना | व्यवसायिक सीपमा आधारित तालिम | ०८१/८२–०८३/८४ | २००० | कम्ती मा १० वटा बहुक्षेत्रिय शिप विकास तथा व्यवसायिक तालिम केन्द्र स्थापना भएको हुने |
| २८ | एक विद्यालय एक सुविधासम्पन्न पुस्तकालयको स्थापना | सिकाइलाई प्रोत्साहन | ०८१/८२-०८३/८४ | १३००० | एक विद्यालय एक सुविधासम्पन्न पुस्तकालयको स्थापना भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २९ | हरेक कक्षामा सूचना प्रविधिमैत्री स्मार्ट बोर्ड खरिद | सूचना प्रविधिमैत्री स्मार्ट बोर्डको प्रयोग | ०८१/८२-०८३/८४ | १००० | हरेक कक्षामा सूचना प्रविधिमैत्री स्मार्ट बोर्ड संचालनमा आएको हुने |
| ३० | उत्कृष्ट विद्यालय पुरस्कार कोष | उत्कृष्ट विद्यालयलाई प्रोत्साहन | ०८१/८२-०८३/८४ | ५०० | उत्कृष्ट विद्यालय पुरस्कार प्रदान गरिएको हुने |
| ३१ | निजी सामुदायिक विद्यालय अन्तरक्रिया कार्यक्रम | व्यवस्थापकीय र गुणस्तर व्यवस्थापन सम्बन्धी अनुभव आदान प्रदान | साल बसाली | ४०० | निजी सामुदायिक विद्यालय अन्तरक्रिया कार्यक्रम |
| ३२ | जेहेन्दार छात्र/छात्रा छात्रवृत्ति कोष निर्माण | सुलभ शिक्षा | ०८२/८३-०८३/८४ | ५०० | कम्ती मा १०० विद्यार्थीलाई जेहेन्दार छात्र/छात्रा छात्रवृत्ति प्रदान गरिएको हुने |
| ३३ | हरेक विद्यालयमा उत्कृष्ट शिक्षक पुरस्कार कोष स्थापना | कर्मनिष्ठ शिक्षकलाई प्रोत्साहन | ०८२/८३–०८३/८४ | ५०० | हरेक विद्यालयमा उत्कृष्ट शिक्षक पुरस्कार प्रदान गरिएको हुने |
| ३४ | महामारी विशेष वैकल्पिक शिक्षा पूर्वाधार निर्माण | वैकल्पिक शिक्षाको व्यवस्था | ०८१/८२-०८३/८४ | १००० | करीब २५ विद्यालयमा महामारी विशेष वैकल्पिक शिक्षा पूर्वाधार निर्माण भएको हुने |
| ३५ | ECD विशेष शिक्षक शिक्षिका तालिम | तालिम प्राप्त जनशक्तिको व्यवस्था | ०८१/८२-०८३/८४ | १५०० | ECD विशेष शिक्षक शिक्षिका तालिम संचालन भएको हुने |
| ३६ | विज्ञानमा विशेष अभिरुची र क्षमता भएका विद्यार्थीलाई अभिमुखीकरण कार्यक्रम | सिर्जनाको खोजी र प्रोत्साहन | साल बसाली | ३०० | विज्ञानमा विशेष अभिरुची र क्षमता भएका करीब २५० विद्यार्थीलाई अभिमुखीकरण कार्यक्रम संचालन गरीएको हुने |
| ३७ | विज्ञान र प्रविधि सम्बन्धी वैज्ञानिकहरूसँग साक्षात्कार कार्यक्रम | वैज्ञानिकहरूसँग साक्षात्कार | साल बसाली | ५०० | विज्ञान र प्रविधि सम्बन्धी वैज्ञानिकहरूसँग साक्षात्कार कार्यक्रम भएको हुने |
| ३८ | शिक्षा क्षेत्र सुधारमा लघु अनुसन्धान गर्न चाहने शिक्षकलाई शैक्षिक प्रोत्साहन अनुदान | शैक्षिक प्रोत्साहन अनुदान | ०८१/८२-०८२/८३ | १००० | शिक्षा क्षेत्र सुधारमा लघु अनुसन्धान गर्न चाहने करीब १० शिक्षकलाई शैक्षिक प्रोत्साहन अनुदानको व्यवस्था भएको हुने |
| ३९ | पालिकास्तरीय विज्ञान प्रदर्शनी आयोजना | विज्ञानमा रुची वृद्धि | ०८१/८२-०८३/८४ | ८०० | पालिकास्तरीय विज्ञान प्रदर्शनी आयोजना भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४० | प्रधान अध्यापक शैक्षिक व्यवस्थापन तथा नेतृत्व विकास तालिम | शैक्षिक नेतृत्व विकास | ०८१/८२-०८३/८४ | १००० | प्रधान अध्यापक शैक्षिक व्यवस्थापन तथा नेतृत्व विकास तालिम संचालन भएको हुने |

### ४.१.६ जोखिम पक्ष तथा अनुमान

समग्र विद्यालय सुधारका लागि अध्यापन गर्ने शिक्षक-शिक्षिकामा परिवर्तित ज्ञान तथा सीप अद्यावधिक गर्ने, शिक्षामा समान लैङ्गिक अवसर बढाउने चेतनामुलक कार्यक्रम सञ्चालन, समय समयमा शिक्षक-विद्यार्थी-अभिभवाक अन्तरक्रियाबाट सबै पक्षले रचानात्मक सुधार गर्ने, अध्ययनमा अभिरुची जगाउन स्थापित व्यक्तित्वसँग साक्षात्कार कार्यक्रम गर्ने, स्थानीय आवश्यकता र सम्भाव्यताको आधारमा पाठ्यक्रम निर्माण गर्ने, नवीनतम सूचना प्रविधिको प्रयोग बढाउने, पाठ्य सामाग्री समयमै उपलब्ध गराउने जस्ता कार्य गराइएमा गाउँपालिकाको शैक्षिकस्तरमा सुधार हुन्छ। उल्लिखित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## ४.२ स्वास्थ्य

### ४.२.१ पृष्ठभूमी

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ। उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनि उल्लेख गरिएको छ। स्वास्थ्य सम्बन्धी आधारभूत सुविधा प्रदान गर्ने जिम्मेवारी स्थानीय सरकारको भएकाले स्थानीय तहमा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरुको प्रबन्ध हुन अपरिहार्य छ। यस गाउँपालिकामा हाल सामान्यस्तरको स्वास्थ्य सेवाहरू यहाँ रहेका विभिन्न स्वास्थ्य संस्थाहरू मार्फत प्रदान भइरहेको छ भने स्वास्थ्य सेवाका लागि आवश्यक सुविधा सम्पन्न हस्पिटल र विशेषज्ञ सेवाको अभाव रहेको छ। गाउँपालिकाको पार्श्वचित्र २०७६, मा प्राप्त तथ्याङ्क अनुसार हाल यहाँ बर्थिङ सेन्टर सहितको २ वटा स्वास्थ्य चौकी, ३ वटा सामुदायिक स्वास्थ्य एकाई, र २५ वटा मेडिकल हलहरु संचालनमा रहेका छन् भने यहाँ जटिल समस्या भएका विरामीहरुको लागि ५ वटा ऐम्बुलेन्सहरु सेवा मा रहेका छन्।

### ४.२.२ समस्या तथा चुनौती

सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवामा सबै वर्ग र समुहको पहुँच र उपलब्धताको कमी, सुविधासम्पन्न अस्पताल भवनको अभाव, विज्ञ डाक्टरहरू तथा दक्ष जनशक्तिको अभाव, संस्थागत सुत्केरीको संख्यामा कमी, खोप लगायत गर्भवती जाँच र पोषण शिक्षामा कमी, आकस्मिक र विशिष्टिकृत स्वास्थ्य सेवाका लागि सदरमुकाम लगायतका ठूला शहरमा जानु पर्ने अवस्थाको विद्यमानता, २४ सै घण्टा आकस्मिक सेवाको अभाव, स्वास्थ्य सेवाको उचित व्यवस्था र प्रबन्ध नहुँदा बिरामीको अकालमै मृत्यु हुनु, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीको स्तर वृद्धि गरी सुविधा सम्पन्न बनाउनु, चेतनाको स्तरको न्युनता लगायतका समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन्।

## ४.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| गुणस्तरीय, प्रभावकारी र सहज स्वास्थ्य सेवा |
| **लक्ष्य** |
| सबै नागरिकलाई स्वस्थ बनाई उत्पादनशिल जनशक्ति उत्पादन गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ स्वास्थ्य सेवामा गुणस्तरीयता र प्रभावकारिता वृद्धि गरी गाउँपालिकाबासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउनुका साथै स्वास्थ्य सेवामा गुणस्तरीयता, प्रभावकारिता र पहुँच वृद्धि गर्नु । |

## ४.२.४ रणनीति

१. स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, प्रवर्द्धनात्मक सेवा, उपचारात्मक सेवा, पुर्नस्थापना र प्रचारात्मक सेवाहरु समेटेर स्वासथ्यका कार्यक्रमहरु बनाइनेछ ।

२. नसर्ने रोगहरुको प्रकोपको न्यूनीकरणका लागि स्वास्थ्य प्रवर्द्धनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसका लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई विस्तार गरिनेछ ।

३. समयानुकूल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिनेछ। महामारीको पूर्व तयारी तथा व्यवस्थापनका लागि प्रतिकार्य योजना बनाई लागू गरिनेछ । सर्ने रोग तथा नसर्ने रोगको रोकथामका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

४. स्वास्थ्य पूर्वाधार, औषधी तथा उपकरणको उपलब्धता वृद्धि गरिनेछ ।

५. स्वास्थ्य क्षेत्रमा सरकारी, निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्रको समन्वय एंव सहकार्यलाई बढाइनेछ ।

६. बञ्चितीकरणमा परेका समुदाय तथा सेवाग्राहीहरुको पहिचान गर्ने, सेवा निरन्तर गराउने, स्वास्थ्य आमा समूहलार्य थप सुदृढीकरण गराउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित गरिनेछ ।

७. हरेक स्वास्थ्य संस्थामा गुणस्तर सुधार समिति गठन गरिनेछ । गुणस्तर सुधारका कार्यक्रमहरु लागू गरिनेछ ।

८. गाउँपालिकाभित्र पूर्ण खोप सुनिश्चितता गरिनेछ। गाउँपालिकाले प्रत्येक वर्ष खोप दिवस मनाई पूर्ण खोपको अवस्थाको समिक्षा गरी आवश्यकता अनुसारका कार्यक्रम थप गरिनेछ ।

९. पाँच वर्ष मुनिका बच्चाहरुको उपचार व्यवस्था कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । नव विवाहित दम्पतीहरुको पहिचान गरी आवश्यक नियोजनका साधन छनोटका लागि परामर्श प्रदान गरिनेछ ।

१०. गर्भवती जाँच एंव स्वास्थ्य संस्थामा सुत्केरी गराउने जस्ता अभियानलाई लागू गरिनेछ । यसका लागि म.स्वा.स्व.से स्वास्थ्यकर्मी तथा जनप्रतिनिधीहरु परिचालन गरिनेछ ।

११. गुणस्तरको स्व-मूल्यांकन गरी उपभोक्ताको सन्तुष्टिमा वृद्धि ल्याउने क्रियाकलाप संचालन गरिनेछ । उपभोक्ता सन्तुष्टि सर्वेक्षण फारम भरी मूल्यांकन गरिनेछ ।

१२. मातृ तथा शिशु मृत्युदर घटाइनेछ ।

१३. “स्वस्थ परिवार, स्वस्थ गाउँ” जस्ता अभियानहरु संचालन गरिनेछ ।

१४. योगाभ्यास गरौं, स्वस्थ रहौं भन्ने मुलमन्त्रका साथ गाउँपालिकाका सबै वडाहरुमा योग शिविर सञ्चालनका लागि पहल गरिनेछ ।

१५. सुरक्षित प्रसुती सेवालाई प्रभावकारी बनाउनका लागि संस्थागत सुत्केरी निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।

१६. नियमित आधारभूत स्वास्थ्य सेवामा गरिब, सिमान्तकृत, दलित, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्ति तथा दिर्घ रोगीहरुको पहुँच बढाउन स्वास्थ्य शिविर, विशेषज्ञ जाँच कार्यक्रम जस्ता लक्षित कार्यक्रम तय गरी सञ्चालन गरिनेछ ।

१७. प्रत्येक वडाका गाउँगाउँमा खोप तथा गाउँघर क्लिनिकलाई विस्तार र व्यवस्थित गरिनेछ ।

१८. क्षयरोगको नयाँ रोगी पत्ता लगाउनका लागि समय समयमा जोखिम स्थानहरु पहिचान गरी क्षयरोग मुक्त गाउँपालिका निर्माणका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. विद्यालय स्वास्थ्य कार्यक्रम प्रभावकारी बनाइनेछ । विषयहरुको कक्षा स्वास्थ्यकर्मीबाटै लिने व्यवस्था मिलाइनेछ । यसका लागि स्वास्थ्यकर्मीलाई उतप्रेरित गरिनेछ ।

२०. स्वस्थ समाज निर्माण गर्नका लागि खानपान, जीवनशैली, सकारात्मक सोच सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. यस गाउँपालिकामा जडिबुटी खेतीको विस्तार गरी, जडिबुटी प्रशोधन केन्द्र स्थापनाका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ । साथै आयुर्वेद सेवाको प्रचारप्रसार र थप व्यवस्थित गरिनेछ ।

## ४.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वडास्तरीय स्वास्थ्य संस्थाहरूको स्तरोन्नती | स्वास्थ्य संस्थाहरूको स्तरोन्नती | ०८१/८२-०८३/८४ | १०००० | वडास्तरीय स्वास्थ्य संस्थाहरूको स्तरोन्नती भएको हुने |
| २ | पालिकास्तरीय सुविधा सम्पन्न प्याथोलोजी ल्याब निर्माण | सुविधा सम्पन्न प्याथोलोजी ल्याब निर्माण | ०८१/८२-०८३/८४ | ५००० | पालिकामा १ सुविधा सम्पन्न प्याथोलोजी ल्याब निर्माण भएको हुने |
| ३ | सुविधा सम्पन्न आकस्मिक उपचार कक्ष निर्माण | आकस्मिक उपचार कक्ष निर्माण | ०८२/८३-०८२/८३ | २५०० | गाउँपालिकामा सुविधा सम्पन्न आकस्मिक उपचार कक्ष निर्माण भएको हुने |
| ४ | प्रसुति सेवा कक्ष निर्माण | प्रसुति सेवाको उपलब्धता | ०८१/८२-०८२/८३ | ५००० | प्रस्तुति सेवा कक्ष निर्माण भएको हुने |
| ५ | बाल उपचार इकाई निर्माण | बाल उपचारमा सहज पहुँच | ०८१/८२-०८३/८४ | १००० | बाल उपचार इकाई निर्माण भएको हुने |
| ६ | प्रत्येक स्वास्थ्य चौकीमा एक एम्बुलेन्स खरिद | एम्बुलेन्स सेवाको उपलब्धता | ०८१/८२-०८३/८४ | ३००० | प्रत्येक स्वास्थ्य चौकीमा कम्तीमा एक एम्बुलेन्स संचालन भएको हुने |
| ७ | वडास्तरीय पोषण केन्द्रको स्थापना | पोषणयुक्त खानेकुराको उपलब्धता | ०८१/८२-०८२/८३ | १५०० | करीब १७ वटा पोषण केन्द्रको स्थापना भएको हुने |
| ८ | प्रजनन् सेवा, परिवार नियोजन तथा सुरक्षित गर्भपतन सेवा इकाई स्थापना | प्रजनन् सेवा सम्बन्धी सबै सेवाको सहज उपलब्धता | ०८१/८२-०८३/८४ | १००० | प्रजनन् सेवा, परिवार नियोजन तथा सुरक्षित गर्भपतन सेवा इकाई स्थापना भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ९ | पालिकास्तरिय एक दन्त उपचार इकाइ निर्माण | दन्त उपचार सेवाको उपलब्धता | ०८२/८३-०८२/८३ | २००० | पालिकास्तरिय एक दन्त उपचार इकाइ निर्माण भएको हुने |
| १० | पालिकास्तरिय एक नाक, कान, घाँटी उपचार इकाइ निर्माण | नाक, कान, घाँटी सेवाको उपलब्धता | ०८२/८३-०८२/८३ | १००० | पालिकास्तरिय एक नाक, कान, घाँटी उपचार इकाइ निर्माण भएको हुने |
| ११ | एक छाला तथा यौनरोग उपचार इकाइ निर्माण | छाला तथा यौनरोग सेवाको उपलब्धता | ०८१/८२-०८३/८४ | १५०० | एक छाला तथा यौनरोग उपचार इकाइ निर्माण भएको हुने |
| १२ | मनोपरामर्श सेवा केन्द्र स्थापना | मनोपरामर्श सेवाको उपलब्धता | ०८१/८२-०८३/८४ | १००० | मनोपरामर्श सेवा केन्द्र स्थापना भएको हुने |
| १३ | पालिकास्तरीय एक सामान्य शल्य चिकित्सा इकाईको निर्माण | शल्य चिकित्सा सुविधा | ०८१/८२-०८३/८४ | ५००० | पालिकास्तरीय एक सामान्य शल्य चिकित्सा इकाईको निर्माण भएको हुने |
| १४ | पालिकास्तरिय एक सामान्य रेडियोलोजी सेवा इकाईको निर्माण | रेडियोलोजी सेवाको उपलब्धता | ०८१/८२-०८३/८४ | १५०० | पालिकास्तरिय एक सामान्य रेडियोलोजी सेवा इकाईको निर्माण भएको हुने |
| १५ | पालिकास्तरिय एक अक्सिजन प्लान्ट, इसिजी र अल्ट्रासाउण्ड सेवा इकाइको निर्माण | इसिजी र अल्ट्रासाउण्ड सेवाको उपलब्धता | ०८१/८२-०८३/८४ | ३००० | पालिकास्तरिय एक अक्सिजन प्लान्ट, इसिजी र अल्ट्रासाउण्ड सेवा इकाइको निर्माण भएको हुने |
| १६ | पालिकास्तरीय एक हाडजोर्नी सम्बन्धी विशेषज्ञ सेवा सञ्चालन | हाडजोर्नी सेवाको उपलब्धता | साल बसाली | २००० | पालिकास्तरीय एक हाडजोर्नी सम्बन्धी विशेषज्ञ सेवा सञ्चालन भएको हुने |
| १७ | पालिकास्तरीय एक ट्रमा केन्द्र स्थापना | ट्रमा केन्द्र स्थापना | ०८१/८२-०८३/८४ | २५०० | पालिकास्तरीय एक ट्रमा केन्द्र स्थापना भएको हुने |
| १८ | महिला स्वास्थ्य स्वयंसेविका तालिम तथा प्रोत्साहन भत्ता | प्रोत्साहन मातृ स्वास्थ्यमा सुधार | साल बसाली | १५०० | महिला स्वास्थ्य स्वयंसेविका तालिम तथा प्रोत्साहन भत्ता वितरण भएको हुने |
| १९ | आमा सुरक्षा कार्यक्रम अर्न्तगत प्रयोगशाला निशुल्क परिक्षण र सुत्केरी पोषण कार्यक्रम | मातृ स्वास्थ्यमा सुधार | साल बसाली | ४००० | आमा सुरक्षा कार्यक्रम अर्न्तगत प्रयोगशाला निशुल्क परिक्षण र सुत्केरी पोषण कार्यक्रम संचालन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २० | विपन्न नागरिक स्वास्थ्य बीमा अनुदान | स्वास्थ्यमा सबैको पहुँच | ०८१/८२-०८३/८४ | ५००० | विपन्न नागरिक स्वास्थ्य बीमा अनुदान वितरण भएको हुने |
| २१ | वडास्तरीय निशुल्क घुम्ती स्वास्थ्य परिक्षण शिविर सञ्चालन | सर्वसुलभ स्वास्थ्य सेवा | साल बसाली | ३००० | वडास्तरीय निशुल्क घुम्ती स्वास्थ्य परिक्षण शिविर सञ्चालन भएको हुने |
| २२ | र्‍यापिड रेस्पोन्स इकाईको व्यवस्था | र्‍यापिड रेस्पोन्सको संयन्त्र निर्माण | ०८१/८२-०८३/८४ | २००० | पालिकामा एक र्‍यापिड रेस्पोन्स इकाई को व्यवस्था भएको हुने |
| २३ | योग साधना प्रवचन केन्द्र स्थापना (वडास्तरीय) | योग साधनामा जोड | ०८१/८२-०८३/८४ | १५००० | प्रत्यक वडामा एक योग साधना प्रवचन केन्द्र स्थापना भएको हुने |
| २४ | व्यक्तिगत र सामुदायिक स्वास्थ्य सम्बन्धी विद्यालय पाठ्यक्रम | व्यक्तिगत र सामुदायिक स्वास्थ्य सम्बन्धी चेतनामा वृद्धि | ०८१/८२-०८१/८२ | ५०० | व्यक्तिगत र सामुदायिक स्वास्थ्य सम्बन्धी विद्यालय पाठ्यक्रम निर्माण भएको हुने |
| २५ | "सन्तुलित र पोषिलो भोजन रोजौं, घर आगन नै खोजौं" कार्यक्रम | स्थानीय खाद्य प्रणाली उपयोगलाई प्रोत्साहन | ०८१/८२-०८३/८४ | ५०० | "सन्तुलित र पोषिलो भोजन रोजौं, घर आगन नै खोजौं" कार्यक्रम संचालन भएको हुने |
| २६ | नियमित स्वास्थ्य जाँचको महत्वबारे विशेष जनचेतनामूलक कार्यक्रम | स्वास्थ्य सचेतनामा वृद्धि | साल बसाली | १००० | नियमित स्वास्थ्य जाँचको महत्वबारे विशेष जनचेतनामूलक कार्यक्रम संचालन भएको हुने |
| २७ | पालिकास्तरीय एक आर्युवेद स्वास्थ्य केन्द्र र प्राकृतिक चिकित्सा केन्द्र स्थापना | परम्परागत चिकित्सा प्रणालीको संरक्षण | ०८१/८२-०८३/८४ | २५०० | पालिकास्तरीय एक आर्युवेद स्वास्थ्य केन्द्र र प्राकृतिक चिकित्सा केन्द्र स्थापना भएको हुने |
| २८ | लामा, झाँक्री, वैद्यलाई आधुनिक स्वास्थ्य सम्बन्धी तालिम | परम्परा र आधुनिकताको सम्मिश्रण | ०८१/८२-०८३/८४ | ११००० | लामा, झाँक्री, वैद्यलाई आधुनिक स्वास्थ्य सम्बन्धी तालिम संचालन भएको हुने |

## ४.२.६ जोखिम पक्ष तथा अनुमान

आधारभूत, विशेषज्ञ तथा आकस्मिक सेवा सम्बन्धी पूर्वाधारको विकास, प्राचिन र आधुनिक चिकित्सा प्रणालीको प्रयोग र संरक्षण, सरकारका नीति र नागरिकको सचेतना विस्तार, प्रजनन स्वास्थ-सुरक्षित गर्भपतन सम्बन्धी सेवाको विस्तार, नाक, कान, घाँटी तथा मुटु मृगौला लगायतका संवेदनशील अंगको सहज

उपलब्धता, महिला तथा किशोरी शिक्षाको प्रचार-प्रसार, पोषण तथा खाद्य सुरक्षा लगायतका कार्यक्रममा विशेष ध्यान पुऱ्याउन सकिएमा गुणस्तरीय स्वास्थ सेवा सुनिश्चित गर्न सकिन्छ । अपर्याप्त साधन श्रोत र जनशक्तिको अभावमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ४.३ संस्कृति, भाषा, कला तथा साहित्य

### ४.३.१ पृष्ठभूमि

राप्ती गाउँपालिका अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक तथा सांस्कृतिक विविधता एवं ऐतिहासिक महत्वका विभिन्न स्थानहरुले भरिपूर्ण रहेको छ । कुनै पनि समुदायको आफ्नै विशिष्ट पहिचान, जीवनशैली, भेषभूषा र रहनसहन हुन्छ । सदियौं देखि अभ्यास गर्दै आइरहेका रीतिरिवाजले मानिसको दैनिक जीवनलाई नियमित र व्यवस्थित गर्न सहयोग पुऱ्याइरहेको हुन्छ । अर्कोतर्फ समुदायपिच्छे आ-आफ्ना धर्म, सँस्कृति, रीतिरिवाज र परम्पराहरू हुन्छन् । ती फरक रीतिरिवाज, रहनसहन र परम्पराहरू समुदाय र समाजका विशिष्ट पहिचान साथै बौद्धिक सम्पदा (Intellectual Property) भएकाले तिनीहरूको संरक्षण गर्नु जरुरी छ । राप्ती गाउँपालिका यस्ता मौलिक तथा साँस्कृतिक विविधतामा धनी गाउँपालिका हो ।

### ४.३.२ समस्या तथा चुनौती

स्थानीय भाषा, कला, साहित्य र संस्कृतिको संरक्षणमा ठोस योजनाको कमी, युवा पुस्ताको उदासिनता, प्राचिनता र मौलिकता संरक्षण गर्ने तर्फ पर्याप्त अध्ययन अनुसन्धान, विभिन्न धार्मिक स्थलहरू मर्मत सम्भार नहुँदा जीर्ण अवस्थामा पुग्नु, विभिन्न जातिको भेषभुषा तथा भाषाको संरक्षण गर्नु, आर्थिक प्रलोभनमा पारी धर्म परिवर्तन गराउने परिपाटी रोक्नु, लगानी तथा अग्रसरताको कमी, स्थानीय पाठ्यक्रममा स्थानीय कला साहित्य संरक्षण सम्बन्धी विषयवस्तुको विकास र समावेश लगायतका विविध समस्या र चुनौती रहेका छन् ।

### ४.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सभ्य र सुसँस्कृत समाजको निर्माण |
| **लक्ष्य** |
| सँस्कृति, भाषा, कला र साहित्यको जर्गेना र विकास मार्फत सभ्य र सौहार्दपुर्ण समाजको स्थापना गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ स्थानीय पहिचान कायम हुने भाषा, कला, सँस्कृति, साहित्यको संरक्षण र प्रवर्द्धन गर्नु ।<br>✓ सँस्कृति, भाषा, कला तथा साहित्यको श्रृजनात्मक विकासमा टेवा पुऱ्याउनु । |

### ४.३.४ रणनीति

१. सँस्कृति, भाषा, कला तथा साहित्यको वस्तुगत अभिलेखिकरण गर्ने ।
२. भाषा, सँस्कृति, कला साहित्यलाई जीवन्त तुल्याउने ।
३. कला, साहित्य, भाषा, सँस्कृतिका सर्जकहरूलाई सहयोग र प्रोत्साहन गर्ने ।
४. साँस्कृतिक, साहित्यिक, भाषिक तथा कला सम्बन्धी पूर्वाधार निर्माण गर्ने ।

## ४.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | अमूर्त सांँस्कृतिक सम्पदाको Inventory तयार | साँस्कृतिक सम्पदा सम्बन्धी अध्ययन | ०८१/८२-०८१/८२ | २५०० | गाउँपालिकाको अमूर्त साँस्कृतिक सम्पदाको Inventory तयार भएको हुने |
| २ | अमूर्त साँस्कृतिक सम्पदा तथा बौद्धिक सम्पदाको विवरण प्रकाशन | साँस्कृतिक सम्पदाको अध्यावधिक अभिलेख | ०८२/८३-०८२/८३ | ५०० | साँस्कृतिक सम्पदा तथा बौद्धिक सम्पदाको विवरण प्रकाशन भएको हुने |
| ३ | साँस्कृतिक वृत्तचित्र निर्माण | सूचनाको सम्प्रेषण | ०८२/८३-०८२/८३ | १००० | पालिकाको साँस्कृतिक वृत्तचित्र निर्माण भएको हुने |
| ४ | लेखक, कलाकार, साहित्यकारहरूको विवरण संकलन | सर्जकको अभिलेखाङ्कन र सम्मान | ०८२/८३-०८२/८३ | ३०० | पालिकाको लेखक, कलाकार, साहित्यकारहरूको विवरण संकलन भएको हुने |
| ५ | विद्यालय तथा अन्तर विद्यालय साँस्कृतिक प्रतियोगिता | स्वस्थ प्रतिस्पर्धा मार्फत सँस्कृतिको प्रवर्द्धन | ०८१/८२-०८३/८४ | ५०० | विद्यालय तथा अन्तर विद्यालय साँस्कृतिक प्रतियोगिता संचालन भएको हुने |
| ६ | राष्ट्रिय तथा प्रादेशिकस्तरको साँस्कृतिक प्रतियोगिता तयारी कोष | संस्कृतिको प्रवर्द्धनलाई प्रोत्साहन | ०८३/८४-०८३/८४ | १००० | राष्ट्रिय तथा प्रादेशिकस्तरको साँस्कृतिक प्रतियोगिता तयारी कोष स्थापना भएको हुने |
| ७ | साँस्कृतिक गतिविधि प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन | पर्यटन प्रवर्द्धन | ०८१/८२-०८३/८४ | २०० | पालिकाका साँस्कृतिक गतिविधि बारे प्रचार प्रसार भएको हुने |
| ८ | लोपोन्मुख जातजाती, भाषा तथा साँस्कृतिक गाथा संरक्षण कार्यक्रम | परम्परा, मौलिकता र साँस्कृतिको संरक्षण | ०८२/८३-०८३/८४ | ३०० | लोपोन्मुख जातजाती, भाषा तथा साँस्कृतिक गाथा संरक्षण कार्यक्रम संचालन भएको हुने |
| ९ | कला, साहित्य र सँस्कृतिका सर्जक तथा कलाकारहरूसँग अन्तरक्रिया | सर्जकको राय परामर्शको सम्मान | ०८१/८२-०८३/८४ | २०० | कला, साहित्य र सँस्कृतिका सर्जक तथा कलाकारहरूसँग अन्तरक्रिया भएको हुने |
| १० | पालिकास्तरीय साँस्कृतिक कोषको निर्माण | साँस्कृतिक कार्यमा सहजीकरण | साल बसाली | ५०० | पालिकास्तरीय साँस्कृतिक कोषको निर्माण भएको हुने |
| ११ | कलाकार, सर्जक तथा कला-पत्रकार सम्मान | सर्जकको सम्मान | साल बसाली | १०० | कम्तीमा २० जना कलाकार, सर्जक तथा कला-पत्रकार सम्मानित भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १२ | कला संग्रहालय निर्माण | सँस्कृतिको संरक्षण | ०८१/८२-८३/८४ | ५००० | पालिकास्तरीय एक कला संग्रहालय निर्माण गरिएको हुने |
| १३ | नियमित सांस्कृतिक गतिविधि, उत्सव आयोजना | मनोरञ्जन र सँस्कृतिको संरक्षण | ०८१/८२-०८३/८४ | १५०० | नियमित रुपमा सांस्कृतिक गतिविधि तथा उत्सव आयोजना भएको हुने |

### ४.३.६ जोखिम पक्ष तथा अनुमान

योजनाबद्ध साँस्कृतिक प्रदर्शनी, महोत्सव, मेलाको आयोजना, सर्जकलाई प्रोत्साहन, साँस्कृतिक समुहलाई प्रतिस्पर्धा, प्रदर्शनीमा भाग लिन प्रोत्साहन, कला संग्रहालयको निर्माण तथा स्थानीयबासीलाई मौलिकताको संरक्षणमा प्रोत्साहित गर्न सकिएमा कला सँस्कृतिको संरक्षणमा अपेक्षाकृति नतिजा हासिल गर्न सकिन्छ। बहुसरोकारवाला निकायको सहभागिता नभएमा क्षयिकरण हुँदै जाने जोखिम रहन्छ।

## ४.४ लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

सामाजिक जागरणको पर्याप्तता नभएको, राजनीतिक चेतनाको परिपक्वता भैनसकेको र पुरानो सामाजिक, जातिय, लैङ्गिक तथा वर्गीय स्वरुपको समाजमा व्यापक रुपान्तरण समेत भैनसकेकाले नेपालमा लैङ्गिक समानता, जेष्ठ नागरिकको सम्मान र सामाजिक सुरक्षा, अपाङ्गता भएका व्यक्तिको अधिकार र कठिनाईहरूको सम्बोधन तथा समग्र सामाजिक समावेशीकरणका मुद्दाहरू सामाजिक विकासका दृष्टिले केन्द्रिय भाग मै रहेका छन्। यसर्थ यस गाउँपालिकामा समेत यी सवालहरूको व्यापक सार्न्दभिकता रहेको र विकास योजनाले यी विषयहरूलाई महत्व दिएर समेट्नु पर्ने देखिन्छ। नेपालको संविधानमा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गाउँपालिकाभित्र कुल ११,८२६ घरपरिवारमा ५२,१२३ जनसंख्या रहेकोमा पुरुष ४७.६ प्रतिशत र महिला ५२.४ प्रतिशत रहेका छन्। ज्येष्ठ नागरिक सम्बन्धी ऐन-२०६३ ले ६० वर्ष उमेर पूरा गरेका व्यक्तिलाई ज्येष्ठ नागरिक भनेको छ र यसको संख्या लगभग ३० लाख रहेको छ । यस गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरु १.९ प्रतिशत रहेकोमा अपाङ्गता भएका महिलाको प्रतिशत १.५ र अपाङ्गता भएका पुरुषहरुको प्रतिशत २.३ रहेको छ।

### ४.४.२ समस्या तथा चुनौती

जातिय तथा लैङ्गिक विभेदको अन्त्य नहुनु, लक्षित वर्गको सामाजिक, आर्थिक, राजनैतिक सशक्तिकरणमा गरिएको लगानी, कार्यक्रम र प्रयासले प्रभावकारी नतिजा ल्याउन नसक्नु, बालमैत्री गाउँपालिका घोषणा नहुनु, सामाजिक सुरक्षा र संरक्षणका दिगो र स्थायी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने तथा समता र समानतामा आधारित समाजको निमार्ण गर्नुपर्ने चुनौती यस गाउँपालिकामा रहेका छन्।

### ४.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| विकासका लागि महिला, जेष्ठ नागरिक र बालबालिका |
| **लक्ष्य** |
| महिला, बालबालिका तथा जेष्ठ नागरिकहरूलाई उच्च सम्मान दिँदै समतामूलक समाजको निर्माणमा जोड दिने |
| **उद्देश्यहरू** |
| सशक्तीकरणमार्फत महिला, बालबालिका, जेष्ठ नागरिक, असहाय, एकल महिलाहरूको सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउनु |

### ४.४.४ रणनीति

- बालमैत्री स्थानीय सरकारकोलागि तोकिएका सूचकहरु पुरा भएका वडाहरुलाई बालमैत्री वडा घोषणा गरिनेछ र बालमैत्री घोषणा भएका वडामा आगामी आ.व. देखि थप बजेट ब्यवस्था गरिनेछ ।
- वालवालिकाको सहभागितामा वालवालिका सम्बन्धी कार्यक्रहरु तर्जुमा गर्ने नीति लिइनेछ ।
- वालविवाह, अनमेल विवाहलाई निरुत्साहित गर्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वालविवाह मुक्त गाउँपालिका बनाउन संघ र प्रदेश सरकारसँग समन्वय गरी विशेष अभियान सञ्चालन गरिनेछ ।
- वालवालिकाहरुको समग्र विकासका लागि खेलकुद, मनोरञ्जन तथा सूचना प्रविधि सम्वन्धी कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।
- गाउँपालिकालाई महिलामैत्री गाउँपालिका बनाउन नीति निर्माणका हरेक तहमा ३३ प्रतिशत महिला प्रतिनिधित्वलाई सुनिश्चित गरिनेछ ।
- गाउँस्तर र वडास्तरमा महिला सञ्जाल तथा समूह गठन गरी महिलाहरुलाई आर्थिक, सामाजिक, राजनीतिक रुपमा शसक्तीकरण गरिनेछ ।
- महिला हिंसा मुक्त गाउँपालिका बनाउन विभिन्न संस्थाहरुको सहयोगमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महिला नेतृत्व विकासमा जोड दिईनेछ ।
- महिलाहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन विभिन्न सीप तथा आयमूलक तालिमहरु सञ्चालन गरी महिलाहरुको आय आर्जन तथा रोजगारीमा वृद्धि गरिनेछ ।
- बेचविखनमा परेर स्वदेश फर्किएका, वैदेशिक रोजगारीमा गई हिंसामा परेर स्वदेश फर्किएका, अलपत्रमा परेका महिलाहरुका लागि पुनर्स्थापना र सामाजिक पुर्नमिलनको व्यवस्था गरिनेछ ।

➢ विपन्नताका कारण दैनिक जीविकोपार्जनमा कठिनाई भोगिरहेका विपन्न महिला तथा एकल महिलाहरुको समूह गठन गरी उनीहरुलाई सीप र प्रविधिको माध्यमबाट स्वरोजगार बनाई आयआर्जनको अवसर सिर्जना गरी जीविकोपार्जनमा सहयोग गरिनेछ ।

## ४.४.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | अनिवार्य नारी शिक्षा विशेष नीति तथा कार्ययोजना निर्माण | महिला शिक्षामा जोड | ०८१/८२-०८१/८२ | २०० | अनिवार्य नारी शिक्षा विशेष नीति तथा कार्ययोजना निर्माण भएको हुने |
| २ | वडास्तरीय महिला हिंसा तथा लैङ्गिक भेदभाव निगरानी सेल गठन | महिला हिंसा तथा लैङ्गिक भेदभावमा कमी | ०८१/८२-०८१/८२ | १०० | वडास्तरीय महिला हिंसा तथा लैङ्गिक भेदभाव निगरानी सेल गठन भएको हुने |
| ३ | अनिवार्य छोरी शिक्षा कार्यक्रम | महिला साक्षरता र सशक्तिकरण | ०८२/८३-०८३/८४ | ३०० | अनिवार्य छोरी शिक्षा कार्यक्रम संचालन भएको हुने |
| ४ | महिला हिंसा र दाइजो प्रथा विरुद्ध वर्षभरी सप्ताहव्यापी कार्यक्रम | महिला हिंसा र दाइजो विरुद्ध अभियान सञ्चालन | ०८१/८२-०८३/८४ | ५०० | महिला हिंसा र दाइजो प्रथा विरुद्ध वर्षभरी सप्ताहव्यापी कार्यक्रम संचालन भएको हुने |
| ५ | सामाजिक शिक्षामा यौन हिंसा, अपहरण, बलात्कार जस्ता विषयमा शिक्षक-शिक्षिका अभिमुखीकरण कार्यक्रम | यौनजन्य हिंसा सम्बन्धी जनचेतना | साल बसाली | २०० | सामाजिक शिक्षामा यौन हिंसा, अपहरण, बलात्कार जस्ता विषयमा शिक्षक-शिक्षिका अभिमुखीकरण कार्यक्रम संचालन भएको हुने |
| ६ | महिला सीप विकास तथा आय आर्जन साथै नेतृत्व विकास तालिम सञ्चालन | नेतृत्व र आर्थिक सबलीकरणमा जोड | साल बसाली | १५०० | महिला सीप विकास तथा आय आर्जन साथै नेतृत्व विकास तालिम सञ्चाल नभएको हुने |
| ७ | सफल महिला उद्यमी साक्षात्कार कार्यक्रम | महिला उद्यमिको पहिचान र प्रोत्साहन | ०८२/८३-०८२/८३ | १०० | महिला उद्यमिको पहिचान र प्रोत्साहन गरिएको हुने |
| ८ | नमूना महिला लघु उद्यमी समुह तथा व्यवसायीलाई मापदण्डका आधारमा | महिला उद्यमशिलता प्रवर्द्धनमा जोड | ०८१/८२-०८३/८४ | ३०० | २० वटा महिला लघु उद्यमी समुह तथा व्यवसायीलाई मापदण्डका |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | venture capital को प्रवन्ध | | | | आधारमा venture capital को प्रवन्ध भएको हुने |
| ९ | न्यायिक समितिमा लैङ्गिक भेदभाव विरुद्ध न्याय सम्पादन तालिम | न्यायिक समितिको सशक्त भुमिका | ०८१/८२-०८१/८२ | १०० | न्यायिक समितिमा लैङ्गिक भेदभाव विरुद्ध न्याय सम्पादन तालिम संचालन भएको हुने |
| १० | एकल महिला आत्मनिर्भर कार्यक्रम व्याज अनुदान | एकल महिलाको सामाजिक सम्मानमा वृद्धि | ०८१/८२-०८३/८४ | ३०० | २० जना एकल महिला लाई आत्मनिर्भर कार्यक्रम मार्फत व्याज अनुदान प्रदान भएको हुने |
| ११ | महिला सुरक्षा गृहको निर्माण | हिसां पिडित महिलालाई आश्रय र सुरक्षा | ०८२/८३-०८२/८३ | १५०० | महिला सुरक्षा गृहको निर्माण भएको हुने |
| १२ | महिला उद्यमी वस्तु विक्री केन्द्र स्थापना | महिला उद्यमशीलतालाई प्रोत्साहन | ०८१/८२-०८२/८३ | १५०० | महिला उद्यमी वस्तु विक्री केन्द्र स्थापना भएको हुने |
| १३ | पालिकामा "जेष्ठ नागरिक सहयोग कक्ष" गठन | जेष्ठ नागरिकलाई सहयोग | ०८२/८३-०८२/८३ | १०० | पालिकामा "जेष्ठ नागरिक सहयोग कक्ष" गठन भएको हुने |
| १४ | जेष्ठ नागरिक वडास्तरिय नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन | जेष्ठ नागरिक केन्द्रित स्वास्थ्य सुविधा | साल बसाली | २०० | जेष्ठ नागरिक वडास्तरिय नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन भएको हुने |
| १५ | वडास्तरीय जेष्ठ नागरिक सत्संग, योग तथा ध्यान केन्द्र निर्माण | सत्संग, योग तथा ध्यान सुविधा | ०८२/८३–०८३/८४ | १५०० | वडास्तरीय जेष्ठ नागरिक सत्संग, योग तथा ध्यान केन्द्र निर्माण भएको हुने |
| १६ | जेष्ठ नागरिक तिर्थाटन परिवहन अनुदान | तिर्थाटन परिवहन अनुदान | साल बसाली | ४०० | जेष्ठ नागरिक तिर्थाटन परिवहन अनुदान वितरण गरिएको हुने |
| १७ | जेष्ठ नागरिक स्वास्थ्य बीमा कार्यक्रममा अति विपन्न अनुदान | सुलभ स्वास्थ्य सेवा | ०८१/८२-०८३/८४ | ४०० | जेष्ठ नागरिक स्वास्थ्य बीमा कार्यक्रममा अति विपन्न अनुदान वितरण गरिएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १८ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | जेष्ठ नागरिक सम्मान | साल बसाली | ५०० | कम्तीमा ६० जना जेष्ठ नागरिक सम्मानित भएको हुने |
| १९ | पूर्ण अपाङ्गता भएकाहरूको व्यक्तिगत विवरण संकलन र अपाङ्गता परिचय पत्र वितरण | तथ्याङ्क संकलन र परिचय पत्र वितरण | साल बसाली | ५०० | पूर्ण अपाङ्गता भएकाहरूको व्यक्तिगत विवरण संकलन र अपाङ्गता परिचय पत्र वितरण भएको हुने |
| २० | विशेष क्षमता भएका अपाङ्ग लक्षित कलाकारिता, आय आर्जन तथा शिप विकास तालिम | सीप र आर्थिक निर्भरता | साल बसाली | ३०० | विशेष क्षमता भएका अपाङ्ग लक्षित कलाकारिता, आय आर्जन तथा शिप विकास तालिम संचालन भएको हुने |
| २१ | पूर्ण अपाङ्गहरूलाई आवश्यकता अनुसार सामाग्री र जीवन निर्वाह भत्ता | अपाङ्गमैत्री सामाग्री वितरण जीवन निर्वाहमा सहयोग | ०८१/८२-०८३/८४ | ५०० | पूर्ण अपाङ्गहरूलाई आवश्यकता अनुसार सामाग्री र जीवन निर्वाह भत्ता वितरण भएको हुने |
| २२ | अल्पसंख्यक वर्गका परिवारमा जन्मने शिशुको नाममा बैकमा रु. १००० को खाता सञ्चालन | सामाजिक सुरक्षा | ०८१/८२-०८३/८४ | २५०० | अल्पसंख्यक वर्गका परिवारमा जन्मने शिशुको नाममा बैकमा रु. १००० को खाता सञ्चालन भएको हुने |
| २३ | सरकारी सेवामा मूल प्रवाहिकरण गर्न विशेष तयारी कक्षा सञ्चालन | क्षमता विकास | ०८१/८२-०८३/८४ | १०० | सरकारी सेवामा मूल प्रवाहिकरण गर्न विशेष तयारी कक्षा सञ्चालन भएको हुने |
| २४ | लक्षित वर्ग अभिभावक शिक्षा तथा शैक्षिक सामाग्री वितरण | शैक्षिक सामाग्रीको सहज उपलब्धता | ०८१/८२-०८३/८४ | २००० | लक्षित वर्ग अभिभावक शिक्षा तथा शैक्षिक सामाग्री वितरण भएको हुने |
| २५ | दलित नमूना बस्ती र दलित महिला सहकारी स्थापना अन्तरक्रिया | सामाजिक र आर्थिक सशक्तिकरण | ०८१/८२-०८३/८४ | ३०० | दलित नमूना बस्ती र दलित महिला सहकारी स्थापना अन्तरक्रिया कार्यक्रम संचालन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २६ | दलित विशेष परम्परागत सीपलाई व्यवसायिकता प्रदान गर्न विशेष अभिमुखीकरण कार्यक्रम | परम्परागत सीपको आधुनिकिकरण | ०८१/८२-०८३/८४ | २०० | दलित विशेष परम्परागत सीपलाई व्यवसायिकता प्रदान गर्न करीब १०० जनालाई विशेष अभिमुखीकरण कार्यक्रम संचालन भएको हुने |
| २७ | दलित विद्यार्थी विशेष छात्रवृत्ति कोषको स्थापना | गुणस्तरीय शिक्षामा सबैको पहुँच | ०८१/८२-०८३/८४ | १८०० | करीब ५० दलित विद्यार्थीलाई विशेष छात्रवृत्ति प्रदान गरीएको हुने |

### ४.४.६ जोखिम पक्ष तथा अनुमान

महिला, जेष्ठ नागरिक, दलित, लैङ्गिक रुपमा अल्पसंख्यक आदिको आवश्यकताको सहि पहिचान गरी सम्बोधनका कार्यक्रम प्रभावकारी रुपमा तयार भएमा मात्र मनो-सामाजिक सोच र व्यवहारमा परिवर्तन हुन्छ। घरेलु तथा यौनजन्य हिंसा विरुद्ध शुन्य सहशीलता, बालिका शिक्षामा लगानी, विकासका आयोजना/कार्यक्रम छनौट, निर्णय निर्माणमा महिलाको अर्थपूर्ण सहभागिता वृद्धि गरिएमा महिला सशक्तिकरण, सामाजिक-आर्थिक नेतृत्व विकास हुने सम्भावना रहन्छ। प्राथमिकता र आवश्यकता अनुसारको स्रोत विनियोजन, बहु सरोकारवाला पक्षको समन्वय हुन नसकेमा अपेक्षित उपलब्धि हुन नसक्ने जोखिम रहन्छ।

## ४.५ बालबालिका

### ४.५.१ पृष्ठभूमि

बालबालिकाको समग्र वर्तमान अवस्थाले भोलीको राष्ट्र तथा समाज निर्माणमा जिम्मेवार हुने मानव संशाधन कस्तो हुनेछ भन्ने निर्धारण गर्दछ। तसर्थ बालबालिकाको उचित हेरचाह, शिक्षा, पोषण, स्वास्थ्य जस्ता विषयहरु नागरिकको दायित्व र जिम्मेवारीका मात्र विषय होइनन्। त्यसकारण नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरी बालअधिकार संरक्षणलाई राज्यको अनिवार्य दायित्व भित्र राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा दिगो विकास लक्ष्य समेत बालबालिका तथा किशोरकिशोरीमाथि हुने सबै प्रकारका विभेद अन्त्य गर्नेतर्फ लक्षित रहेको छ। तसर्थ बालबालिकाको उचित हेरचाह, शिक्षा, पोषण, स्वास्थ्य जस्ता विषयहरू बाल अधिकारका अर्थात् नागरिक दायित्व र जिम्मेवारीका मात्र विषय होइनन्, यी विषय आज हामीले भोलिको समाज र राष्ट्र निर्माणमा गरिने बृहत लगानीसँग गाँसिएका विषयहरू हुन्।

### ४.५.२ समस्या तथा चुनौती

सबै प्रकारका बालश्रम, बाल यौन शोषण, बालविवाह तथा बालहिंसाको अन्त्य गरी बालमैत्री शासनको स्थापना, बालमैत्री गाउँपालिका घोषणा नहुनु, बालबालिकाको शिक्षा, दिक्षा, पोषण र स्याहार सुसार सम्बन्धी

चेतनाको विस्तार तथा उचित विकास र संरक्षणको लागि गाउँपालिकाले उचित नीति, बजेट र कार्यक्रम तर्जुमा गर्नुपर्ने दीर्घकालीन समस्या र चुनौती रहेका छन् ।

### ४.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| नैसर्गिक अधिकार पूर्ण बालमैत्री समाज |
| **लक्ष्य** |
| बालबालिकाको अधिकार अन्तर्गत स्वास्थ्य, पोषण, उचित स्याहार र शिक्षाका आधारभूत आवश्यकता पूरा गर्ने । |
| **उद्देश्यहरू** |
| बालबालिकाका मौलिक हकको सुनिश्चितता गर्नु । |

### ४.५.४ रणनीति

१. बालअधिकार सम्बन्धी जनचेतना जागरण गर्ने ।

२. अति विपन्न तथा विशेष संरक्षण आवश्यक असहाय बालबालिका केन्द्रित कार्यक्रम सञ्चालन गर्ने ।

३. बालअधिकार सम्बन्धी नीतिगत सुधार तथा व्यवस्था गर्ने ।

### ४.५.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बालबालिकाको वस्तुगत स्थितिपत्र तयारी | बालबालिकाको स्थिति अवगत | ०८१/८२-०८१/८२ | १००० | बालबालिकाको वस्तुगत स्थितिपत्र तयारी भएको हुने |
| २ | बाल अधिकार सम्बन्धी अभिभावक सचेतना कार्यक्रम | बाल अधिकार सम्बन्धी सचेतना अभिवृद्धि | साल बसाली | ५०० | बाल अधिकार सम्बन्धी अभिभावक सचेतना कार्यक्रम संचालन भएको हुने |
| ३ | अतिविपन्न, असहाय बालबालिकाको व्यक्तिगत विवरण संकलन, शिक्षा स्वास्थ्य र पोषणको प्रबन्ध | शिक्षा स्वास्थ्य र पोषणमा सबै बालबालिकाको पहुँच सुनिश्चित | ०८१/८२–०८१/८२ | २०० | अतिविपन्न, असहाय बालबालिकाको व्यक्तिगत विवरण संकलन, शिक्षा स्वास्थ्य र पोषणको प्रबन्ध भएको हुने |
| ४ | बाल संरक्षण समिति स्थापना | बाल संरक्षण | ०८१/८२-०८१/८२ | | बाल संरक्षण समिति स्थापना भएको हुने |
| ५ | बालकोष निर्माण | बाल संरक्षण | ०८२/८३-०८२/८३ | ४००० | बालकोष निर्माण भएको हुने |
| ६ | बालश्रम र बालविवाह मुक्त पालिका घोषणा | बालमैत्री नगरपालिका | ०८१/८२-०८२/८३ | ५०० | बालश्रम र बालविवाह मुक्त पालिका घोषणा भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ७ | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभियान | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभिवृद्धि | ०८१/८२-०८३/८४ | ७०० | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभियान गरिएको हुने |
| ८ | बालक्लबमा आबद्ध बालबालिकाको नेतृत्व विकास तालिम | बालबालिकाको नेतृत्व विकास | ०८१/८२-०८३/८४ | ३०० | बालक्लबमा आबद्ध बालबालिकाको नेतृत्व विकास तालिम संचालन भएको हुने |
| ९ | बाल हेल्पलाईन सञ्चालन | समस्यामा परेका बालबालिकालाई सहयोग | ०८१/८२–०८२/८३ | २०० | बाल हेल्पलाईन सञ्चालनमा आएको हुने |
| १० | बाल उद्यान सम्भाव्यता अध्ययन | बालमैत्री नगरपालिका | ०८२/८३–०८२/८३ | १०० | बाल उद्यान सम्भाव्यता अध्ययन भएको हुने |

### ४.५.६ जोखिम पक्ष तथा अनुमान

बालमनोविज्ञान, बाल आवश्यकता, रुची र चाहना तथा समयको माग अनुकुलका तहगत सरकारका नीति, विधी र कार्यक्रम तथा शिक्षा प्रणालीको विकास गरिएमा भविष्यको लागि आवश्यक जनशक्ति र प्रतिस्पर्धी कर्णधारको विकास गर्न सम्भव हुन्छ । नैतिकता, समाजिक मुल्य, मान्यता, अनुशासन जस्ता विषयमा बालबालिकालाई मूलप्रवाहिकरण गर्न नसकिएमा समग्र देशको भविष्य नै अन्यौलग्रस्त हुनसक्छ ।

## ४.६ युवा, मानव संसाधन, श्रम तथा रोजगार

### ४.६.१ पृष्ठभूमि

राष्ट्रिय युवा नीति, २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ । देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरु हुन् । युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १५ देखि ५९ वर्ष सम्मको उमेर समुहको संख्या ६२ प्रतिशत रहेको छ जसको संख्या १ करोड ८० लाख ७१ हजार हो । गाउँपालिकाको एकिकृत आवधिक योजनामा प्राप्त तथ्याङ्क अनुसार राप्ती गाउँपालिकाभित्र १५ देखि ५९ वर्ष सम्मका सक्रिय यूवाको जम्मा जनसंख्याको ३४.२ प्रतिशत रहेको छ । काम गर्न सक्ने उच्च सय उमेरको यो जनसंख्या नै जनसांख्यिक लाभांश हो । यो सक्रिय जनसंख्याको उपस्थिति मानव संशाधन विकास तथा श्रम शक्तिका हिसाबले ठूलो जनसांख्यिक लाभ हो ।

### ४.६.२ समस्या तथा चुनौती

श्रमको सम्मान गर्ने भावना, सीप, स्वरोजगार र उद्यमशिलता विकास गर्ने शिक्षा प्रणालीको विकास, सकारात्मकता, सामाजिक सद्भाव र सामुदायिक विकासमा योगदान सम्बन्धी चेतनाको विस्तार, विदेश गएकाहरूलाई स्वदेशमै रोजगार सिर्जना, युवा जनशक्तिलाई यथोचित अभिमुखीकरण तथा तालिमको व्यवस्था हुन नसक्नु, अनुशासन र सामाजिक कु-संस्कार उन्मुलन योगदानमा युवाको संलग्नता वृद्धि कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नुपर्ने चुनौती रहेका छन् । युवा पलायनलाई रोक्न ठोस योजनाको कमी जस्ता समस्या समेत विद्यमान रहेका छन् ।

## ४.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| श्रमशिल, कर्मठ र दक्ष युवा मानव संसाधन निर्माण |
| **लक्ष्य** |
| गाउँपालिकाको युवा जनसंख्यालाई पूर्ण रोजगार र उच्च उत्पादनमुखि बनाउने । |
| **उद्देश्यहरू** |
| ✓ श्रमशिल र सक्रिय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरुको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु । |

## ४.६.४ रणनीति

१. युवा तथ्याङ्क व्यवस्थापन गर्ने ।
२. दक्ष र सिपयुक्त मानव संसाधनको विकास गर्ने ।

## ४.६.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | युवा स्थितिपत्र तयार | युवाको बारेमा जानकारी | ०८१/८२-०८१/८२ | २०० | युवा स्थितिपत्र तयार भएको हुने |
| २ | रोजगारीका लागि बाहिरिने युवाहरूको समग्र विवरण तयार | रोजगारीका लागि बाहिरिने युवाहरूको बारेमा जानकारी | ०८१/८२-०८१/८२ | ५०० | रोजगारीका लागि बाहिरिने युवाहरूको समग्र विवरण तयार भएको हुने |
| ३ | रोजगारीमूलक तथा युवा अभिमुखीकरण तालिम | युवालाई तालिमको व्यवस्था | साल बसाली | १००० | रोजगारीमूलक तथा युवा अभिमुखीकरण तालिम संचालन भएको हुने |
| ४ | युवा स्वयंसेवा दस्ता तालिम | तालिम प्राप्त युवा उत्पादन | ०८१/८२-०८३/८४ | २०० | युवा स्वयंसेवा दस्ता तालिम संचालन भएको हुने |
| ५ | युवा कलाकारिता तालिम | कलाकार उत्पादन | ०८१/८२-०८३/८४ | ३०० | युवा कलाकारिता तालिम संचालन भएको हुने |
| ६ | प्रधानमन्त्री रोजगार विशेष तालिम | | ०८१/८२-०८३/८४ | ५०० | प्रधानमन्त्री रोजगार विशेष तालिम संचालन भएको हुने |
| ७ | युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी नेतृत्व विकास तथा उद्यमशिलता विकास तालिम | युवामा नेतृत्व क्षमताको अभिवृद्धि | ०८२/८३-०८२/८३ | १००० | युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी नेतृत्व विकास तथा उद्यमशिलता |

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | विकास तालिम संचालन भएको हुने |
| ८ | बेरोजगार तथा अर्ध बेरोजगार युवाहरूलाई माथी उठाउन वस्तुगत युवा उत्थान तथा सवलिकरण कार्यक्रम सञ्चालन | युवा लक्षित कार्यक्रम | ०८२/८३-०८२/८३ | १५०० | बेरोजगार तथा अर्ध बेरोजगार युवाहरूलाई माथी उठाउन वस्तुगत युवा उत्थान तथा सवलिकरण कार्यक्रम सञ्चालन भएको हुने |

### ४.६.६ जोखिम पक्ष तथा अनुमान

पालिका क्षेत्रमा बसोबास गर्ने युवाको अवस्था पहिचान गरी आवश्यकता सम्बोधन गर्ने विशिष्ट र सामान्य प्रकृतिका कार्यक्रम तर्जुमा, नवप्रवर्तनकारी सोच, व्यवसायीक खोजकर्म गर्ने जोस र जागरणयुक्त युवालाई सहि मार्ग निर्देशन, आर्थिक-प्राविधिक सहयोग र अनुकरणीय कार्यलाई पहिचान गर्न सकेमा सम्पूर्ण युवाशक्ति विकासका संवाहक बन्न सक्छन् । युवा लक्षित नीति/कार्यक्रम तर्जुमा गर्न नसकेमा सामाजिक सद्भावमा खलल, हिंसा बढोत्तरी, विकासमा अवरोध हुन पुगी समाज अवन्नतिको मार्गमा जाने जोखिम रहन्छ ।

## ४.७ खेलकुद तथा मनोरञ्जन

### ४.७.१ पृष्ठभूमि

अनुशासन, राष्ट्रिय भाइचारा प्रदर्शनी गरी शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ । विश्वका विकसित देशहरूले खेल पर्यटन मार्फत समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ । उदाहरणको लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल, फ्रान्स जस्ता यूरोपियन राष्ट्रहरू हाल खेल प्रवर्द्धन मार्फत विश्व परिचित मात्र नभई खर्बौं डलरको कारोबार गर्दछन् । छिमेकी राष्ट्र भारतसमेत क्रिकेटका लागि प्रसिद्ध मानिन्छ । पूर्वाधार अभाव तथा व्यवसायिकताको अवसर नहुँदा नहुँदै पनि नेपाली खेलाडीहरू खेलकुदमा आबद्ध छन् किनकि खेलकुद विकास आर्थिक समृद्धिसँग पनि जोडिएको छ । यस गाउँपालिकाले पनि आफ्ना नीति तथा कार्यक्रममा खेलकुद विकासलाई महत्व दिएको छ ।

### ४.७.२ समस्या तथा चुनौती

खेलकुद क्षेत्रको विकासका लागि दीर्घकालिन सोचको अभाव, खेलाडीमा व्यवसायिकताको कमी, आधुनिक र सुविधा सम्पन्न खेल र मनोरञ्जनात्मक पूर्वाधारको अभाव, स्थानीय स्तरमा खेलकुद प्रशिक्षकको अभाव, खेलकुद तथा मनोरञ्जनमा यथोचित लगानी गर्न नसक्नु, समयसापेक्ष क्षेत्रीय र राष्ट्रियस्तरका प्रतिस्पर्धाको आयोजना नहुनु लगायतका समस्या र चुनौती यस गाउँपालिकामा समेत विद्यमान रहेका छन् ।

### ४.७.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| नेतृत्वमा युवा नविन सोच र विचारमा सहभागिता |
| **लक्ष्य** |
| युवा वर्गलाई खेलकुद र विकासमा समावेश गरी नेतृत्वका लागि सवलिकरण गर्ने |
| **उद्देश्यहरू** |
| ✓ गाउँका सबै निकायहरुमा युवाहरुलाई समावेश गरी आर्थिक सशक्तिकरण तथा सामाजिक जनचेतनाका माध्यमद्वारा युवा बेरोजगारी न्यूनीकरण गर्नु । <br> ✓ खेलकुदको विकासका लागि आवश्यक भौतिक संरचनाको निर्माण गरी खेल गतिविधिको व्यवसायीकरण गर्नु । |

### ४.७.४ रणनीति

१. युवा स्वरोजगार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
२. युवाहहरुलाई स्थानीयस्तरमा रोजगारीका अवसर सिर्जना गर्न जोड दिइनेछ ।
३. गाउँस्तरीय खेलकुद विकास समितिबाट गाउँका विभिन्न विधाका खेलकुदका गतिविधिहरुलाई योजनाबद्ध तरिकाबाट सञ्चालन गरिनेछ ।
४. महिला तथा पुरुष भलिवल प्रतियोगिताहरु लगायत एथ्लेटिक्स सम्बन्धी अन्तर विद्यालय खेलकुदहरु सञ्चालन गरिनेछ ।
५. अध्यक्षकप प्रतियोगिता सञ्चालन गरिनेछ ।
६. बालबालिका तथा युवाहरुको शारीरिक तथा मानसिक विकासका लागि खेलकुदलाई जोड दिइनेछ ।
७. इनडोर गेमको प्रवर्द्धनका लागि मागको आधारमा कवर्डहल निर्माण गरिनेछ ।
८. ५ वर्षभित्रमा "एक वडा एक खेल मैदान" निर्माण पुरा गरिनेछ ।
९. युवा तथा खेलकुद गतिविधिलाई अगाडी बढाउन यस क्षेत्रमा क्रियाशिल संघ संस्था तथा क्लबहरुसँग सहकार्य गरिनेछ ।
१०. बालबलिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक विकास अभिवृद्धिका लागि प्रत्येक विद्यालयलाई अतिरिक्त क्रियाकलाप, विद्यालय NCC Trainning तथा स्काउट सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न लगाइनेछ ।
११. खेल क्षेत्र जनशक्ति उत्पादन गर्न खेल एकेडेमीको व्यवस्था गरिनेछ ।
१२. युवाहरुलाई श्रमप्रतिको सम्मान अभिवृद्धि गर्न श्रममुलक कार्यक्रम तथा हरेक हप्ता २ घण्टा मेरो पालिकाको लागि श्रम मुलक अभियान संचालन गरिनेछ ।
१३. वैदेशिक रोजगारीलाई मर्यादित, उच्च आयमुलक र सुरक्षित बनाउनका लागि र उद्यमशिल बनाउने कार्यक्रम संचालन गरिनेछ ।
१४. वैदेशिक रोजगारीबाट समस्यामा परी फर्केका व्यक्तिहरुको सामाजिक पुन:एकीकरण का कार्यक्रम गरिनेछ ।
१५. रोजगारी सिर्जना गर्दा स्थानीय स्रोत र साधनलाई उच्च प्राथमिकता दिई उद्यमशीलताको विकास गरिनेछ ।

## ४.७.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वडास्तरीय खेलकुद समितिको स्थापना, खेल मैदान निर्माण र मर्मत सम्भार तथा खेल सामाग्री खरिद | खेलकुद विकासका लागि संस्थागत, आर्थिक र अन्य व्यवस्थापन | ०८१/८२-०८३/८४ | १५००० | वडास्तरीय खेलकुद समितिको स्थापना भइ खेल मैदान निर्माण र मर्मत सम्भार भएको हुने |
| २ | वडास्तरीय खेलकुद विकास समिति निर्माण | खेलकुद विकास समिति निर्माण | ०८२/८३-०८२/८३ | ७००० | वडास्तरीय खेलकुद विकास समिति निर्माण भएको हुने |
| ३ | खेलाडीको व्यक्तिगत विवरण तयारी | खेलाडीको अद्यावधिक विवरण उपलब्ध | ०८२/८३-०८२/८३ | २०० | खेलाडीको व्यक्तिगत विवरण तयारी भएको हुने |
| ४ | खेलाडी प्रशिक्षण (नियमित, स्थानीय, प्रादेशिक र राष्ट्रियस्तरको प्रतियोगिता) | नियमित प्रशिक्षण | सालबसाली | २५०० | खेलाडी प्रशिक्षण ( नियमित, स्थानीय, प्रादेशिक र राष्ट्रियस्तरको प्रतियोगिता) संचालन भएको हुने |
| ५ | एक सामुदायिक विद्यालय खेलकुदका पूर्वाधार निर्माण गुरुयोजना तयार | गुरुयोजना निर्माण | ०८२/८३-०८२/८३ | २००० | एक सामुदायिक विद्यालय खेलकुदका पूर्वाधार निर्माण गुरुयोजना तयार भएको भएको हुने |
| ६ | विद्यालयमा खेल मैत्री वातावरण निर्माण | स्वास्थ्य र मनोरञ्जनमा जोड | ०८१/८२-०८३/८४ | १००० | विद्यालयमा खेल मैत्री वातावरण निर्माण भएको हुने |
| ७ | वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता | स्वस्थ प्रतिस्पर्धा र अनुशासनको विकास | सालबसाली | १५०० | वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता संचालन भएको हुने |
| ८ | स्थानीयस्तरमा हुने मनोरञ्जनात्मक गतिविधिको विवरण तयारी | मनोरञ्जनात्मक गतिविधिको सूची | ०८१/८२-०८१/८२ | २०० | स्थानीयस्तरमा हुने मनोरञ्जनात्मक गतिविधिको विवरण तयारी भएको हुने |
| ९ | वनभोजस्थल व्यवस्थापन | मनोरञ्जनात्मक गतिविधिको व्यवस्थापन | ०८१/८२-०८३/८४ | ५०० | वनभोजस्थल व्यवस्थापन भएको हुने |
| १० | वडास्तरीय पार्क सम्भाव्यता अध्ययन | खुल्ला स्थानको व्यवस्थापन | ०८१/८२-०८३/८४ | ५०० | वडास्तरीय पार्क सम्भाव्यता अध्ययन भएको हुने |

## ४.७.६ जोखिम पक्ष तथा अनुमान

पर्यावरण र मनोरञ्जनात्मक गतिविधिबिच सन्तुलन कायम, वडा, गाउँ, प्रदेश र राष्ट्रियस्तरका खेलमा गाउँपालिकाबाट प्रतिनिधित्व, परम्परागत मनोरञ्जनका माध्यमको संस्थागत संरक्षण भई स्वस्थ र समुन्नत

गाउँको विकास भएको हुनेछ । स्वास्थ्य, अनुशासन, मनोरञ्जनात्मक गतिविधि सञ्चालनमा पर्याप्त स्रोत विनियोजन र प्रभावकारी कार्यान्वयन गर्न नसकिएमा समाज पहिचानविहिन र यान्त्रिक हुने जोखिम रहन्छ ।

## ४.८ सामाजिक सुरक्षा

### ४.८.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ४३ मा मौलिक हक अन्तर्गत सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ । जस अनुसार आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने छ भनी उल्लेख गरिएको छ । अर्कोतर्फ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संघ र प्रदेश कानूनको अधिनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेकाले स्थानीय विकास योजना तर्जुमा गर्दा सामाजिक सुरक्षालाई सम्बोधन गर्नु आवश्यक रहेको छ ।

### ४.८.२ समस्या तथा चुनौती

लक्षित समुहको सहि पहिचान र अभिलेख व्यवस्थापन, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको सुरुवात गर्नु, सामाजिक सुरक्षासम्बन्धी जनचेतनामा वृद्धि गर्नु, दीर्घकालीन र जीवनस्तर सुधार गर्ने सामाजिक सुरक्षाका कार्यक्रम तर्जुमा र तीनै तहका सरकारबाट प्रदान गरिने कार्यक्रमबीच सामञ्जस्यता कायम गर्नुपर्ने जस्ता समस्या र चुनौती विद्यमान रहेका छन् ।

### ४.८.३ दीर्घकालनीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| असक्त अवस्थामा निश्चिन्तता सामाजिक सुरक्षा |
| **लक्ष्य** |
| असक्षम र असक्त भई जीवन निर्वाह गर्न नसक्ने अवस्थाका सबैलाई राज्यद्वारा अभिभावकत्व दिने । |
| **उद्देश्यहरू** |
| ✓ सामाजिक जीवनमा विभिन्न कारणले असक्षम र असक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्वारा सहारा दिनु । |

### ४.८.४ रणनीति

१. सामाजिक सुरक्षाको आवश्यकता पर्ने सम्पूर्ण नागरिकको पहिचान गर्ने संयन्त्र निर्माण गर्ने ।

### ४.८.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण | सामाजिक सुरक्षा तथ्याङ्क प्रणाली निर्माण | ०८१/८२-०८१/८२ | ५०० | सामाजिक सुरक्षा तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण भएको हुने |
| २ | सामाजिक सुरक्षाका प्रकृति र तहहरूको निर्क्यौल र दायरा वृद्धि गर्न अध्ययन | एकीकृत सामाजिक सुरक्षा प्रणालीको विकास | ०८१/८२-०८१/८२ | २०० | सामाजिक सुरक्षाका प्रकृति र तहहरूको निर्क्यौल र दायरा वृद्धि गर्न अध्ययन भएको हुने |
| ३ | योगदानमा आधारित सामाजिक सुरक्षा | योगदानमा आधारित सामाजिक सुरक्षा | साल बसाली | ७०० | योगदानमा आधारित सामाजिक सुरक्षाको व्यवस्था भएको हुने |
| ४ | अनौपचारिक तथा निजी क्षेत्रमा श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा | योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयन | ०८२/८३-०८३/८४ | १००० | अनौपचारिक तथा निजी क्षेत्रमा श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको व्यवस्था भएको हुने |
| ५ | जनचेतनामूलक कार्यक्रम सञ्चालन | जनचेतना अभिवृद्धि | साल बसाली | ५०० | जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |

### ४.८.६ जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षाका वास्तविक लाभग्राहीको पहिचान, योगदानमा आधारित र दिगो सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, तहगत सरकारको समन्वयात्मक पहल हुन सकेमा सामाजिक सुरक्षाका कार्यक्रम प्रभावकारी हुन्छन् । गाउँपालिकाको आय, वित्तीय हस्तान्तरण लगायतका पक्षलाई ध्यान नदिई वितरणमुखी कार्यक्रम सञ्चालन गर्न नसकिएमा सामाजिक सुरक्षाका कार्यक्रमको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ४.९ शान्ति सुरक्षा

### ४.९.१ पृष्ठभूमि

गरिबी, सामाजिक विसंगति र अपराधिक मनोविज्ञानका कारण समाजमा विविध किसिमका अपराधिक घटनाहरू घट्ने गर्दछन् । यस्ता घटनाहरू न्यूनीकरण गर्न शान्ति, सुरक्षा र अमन चयनको प्रबन्ध मिलाउने दायित्व राज्यको हुन आउँछ । यसर्थ गाउँपालिकाले गाउँमा शान्ति सुरक्षा कायम गर्न गाउँपालिकाले आवश्यकताको आधारमा प्रहरी चौकि विस्तार गर्न, सुरक्षा गस्तीको प्रबन्ध गर्न र नगर प्रहरीको संख्या निर्धारण गरि उचित तालिमको प्रवन्ध गर्न जरुरी रहेको छ ।

## ४.९.२ समस्या तथा चुनौती

विकृत मनोभावना र क्रियाकलापलाई मनोसामाजिक परामर्श, रचनात्मक कार्यमा संलग्नता मार्फत सकारात्मक उर्जामा परिवर्तन, हातहतियार, लागु औषध नियन्त्रणका लागि सरोकारवाला सबैको ऐक्यबद्धता र सहयोग, हिंसा सम्बन्धी उजुरी र छिटो छरितो कानुनी उपचारको व्यवस्था, सुरक्षाका लागि पर्याप्त पूर्वाधार सहित जनशक्ति व्यवस्थापन लगायतका समस्या तथा चुनौती यस गाउँपालिकामा रहेका छन् ।

## ४.९.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| शान्ति सुरक्षाका हिसाबले सुरक्षित गाउँपालिका |
| **लक्ष्य** |
| गाउँपालिकाबासीलाई शान्ति सुव्यवस्थाका हिसाबले पूर्ण सुरक्षित महसुस गराउने । |
| **उद्देश्यहरू** |
| समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा अमनचयन कायम गरी सबै खाले अपराधलाई नियन्त्रण गर्नु । |

## ४.९.४ रणनीति

१. सुरक्षा पूर्वाधारको विकास गर्ने ।

२. संस्थागत क्षमता विकासका क्रियाकलाप सञ्चालन गर्ने ।

## ४.९.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | समग्र पालिका सुरक्षा योजना तयार | सुरक्षा योजना तयार | ०८१/८२-०८१/८२ | ५०० | समग्र पालिका सुरक्षा योजना तयार भएको हुने |
| २ | प्रहरी चौकी विस्तार गर्न सम्भावित स्थानको पहिचान | आवश्यकताको आधारमा प्रहरी चौकी निर्माण | ०८२/८३-०८२/८३ | १००० | प्रहरी चौकी विस्तार गर्न सम्भावित स्थानको पहिचान भएको हुने |
| ३ | नगर प्रहरीको दरबन्दी तय | सुरक्षाकर्मीको व्यवस्था | ०८१/८२-०८१/८२ | २०० | नगर प्रहरीको दरबन्दी तय भएको हुने |
| ४ | सुरक्षा गस्तीको आवश्यक रुट र स्थानबारे अध्ययन | सुरक्षा गस्तीको रुट तय | ०८३/८४-०८३/८४ | ३०० | सुरक्षा गस्तीको आवश्यक रुट र स्थानबारे अध्ययन भएको हुने |
| ५ | Hot Line सेवा सञ्चालन | आपतकालिन सुरक्षा व्यवस्था | साल बसाली | १०० | Hot Line सेवा सञ्चालन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ६ | सघन बजार र बस्ती क्षेत्रमा CCTV जडान | सुरक्षा व्यवस्था | ०८१/८२-०८३/८४ | १५०० | सघन बजार र बस्ती क्षेत्रमा CCTV जडान भएको हुने |
| ७ | गुप्तचर सेवा तालिम | अनुसन्धानमा सहयोग | ०८२/८३-०८३/८४ | ५० | गुप्तचर सेवा तालिम प्रदान भएको हुने |
| ८ | नगर प्रहरी तालिम | दक्ष जनशक्ति | ०८१/८२-०८३/८४ | १०० | नगर प्रहरी तालिम प्रदान गरिएको हुने |

### ४.९.६ जोखिम पक्ष तथा अनुमान

बढ्दो दुर्व्यसनी, आपराधिक मानसिकता, अस्वस्थ प्रतिस्पर्धा, सिमापार हुने अपराधको नियन्त्रण जस्ता विषयलाई समयमा नै सम्बोधन गरी आधारभूत शान्ती सुव्यवस्था कायम गर्न सकिएमा विकास र समृद्धि सम्भव हुन्छ। शान्ति सुव्यवस्था, मानव अधिकारको स्थापना र अमनचयन बनाई राख्न नसकेको खण्डमा दिगो विकास र सामाजिक न्याय समेत जोखिममा पर्न सक्छ।

## ४.१० शवदाहस्थल तथा समाधिस्थल व्यवस्थापन

### ४.१०.१ पृष्ठभूमि

हरेक क्षेत्र तथा समुदायको आ-आफ्नो धर्म र संस्कृति अनुसार शवदाहस्थल र समाधिस्थल व्यवस्थापन एक महत्वपूर्ण र संवेदनशील विषय र आवश्यकता पनि हो। भावनात्मक अर्थसमेत बोकेको यो विषयलाई कुनै पनि योजनाले समयमै सम्बोधन गर्नुपर्दछ। परम्परागत रूपमा सञ्चालनमा रहेका शवदाहस्थल र समाधिस्थललाई भविष्यमा सहज र व्यवस्थित बनाउनु पर्दछ। अन्यथा अव्यवस्थित दाहसंस्कार गरिनुले गाउँपालिकाको पर्यावरणीय, सामाजिक तथा साँस्कृतिक व्यवस्थामा चुनौती थपिन्छ। परम्परागत रुपमा सञ्चालनमा रहेका शवदाहस्थल र समाधीस्थललाई भविष्यमा सहज र व्यवस्थित बनाउँदै लैजानुपर्दछ। गाउँपालिकाभित्र जातिय तथा धार्मिक विविधता भएसँगै प्राकृतिक स्रोतका कारण शवदहन गर्न शहरी क्षेत्र तथा बजार क्षेत्र वाहेकका वडाहरुमा जाती तथा धर्म अनुसार शवदहन क्षेत्र तथा समाधिस्थलहरु रहेका छन्।

### ४.१०.२ समस्या तथा चुनौती

गाउँपालिकामा व्यवस्थित तवरले शवदाहस्थल तथा समाधिस्थलहरूको व्यवस्थापन नहुनु, अव्यवस्थित दाहसंस्कारले गाउँपालिकाको पर्यावरणमा चुनौती थपिनु, गाडिएका शवहरूलाई जंगली जनावरहरूले खोस्रेर यत्रतन्त्र छर्नु, अन्तिम संस्कारका लागि सडक, विद्युत, बाटोघाटो, सञ्चार लगायतका पूर्वाधार विकासमा बजेटको अभाव हुनु, शवदाहस्थल तथा समाधिस्थल व्यवस्थापनका लागि सर्वस्वीकृति स्थलको अभाव लगायतका समस्या तथा चुनौती यस गाउँपालिकामा रहेका छन्।

### ४.१०.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| शवदाहस्थल तथा समाधिस्थलको उचित व्यवस्थापन गर्ने |

| लक्ष्य |
|---|
| भविष्यमा शवदाह तथा समाधिस्थल व्यवस्थापनको समस्यालाई पूर्णत सम्बोधन गर्ने र उचित प्रबन्ध गर्ने । |

| उद्देश्यहरू |
|---|
| शवदाहस्थल तथा समाधिस्थलको उचित व्यवस्थापन गर्नु । |

## ४.१०.४ रणनीति

सम्पूर्ण वडालाई समेटेर व्यवस्थित शवदाहस्थल र समाधिस्थलको पूर्वाधार तयार गर्ने ।

## ४.१०.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | शवदाहस्थल तथा समाधिस्थलहरुको नक्साङ्कन | व्यवस्थित शवदाहस्थल तथा समाधिस्थल निर्माण | ०८१/८२-०८१/८२ | ५०० | शवदाहस्थल तथा समाधिस्थलहरुको नक्साङ्कन भएको हुने |
| २ | शवदाहस्थल तथा किरियापुत्रीघर निर्माण र समाधिस्थल क्षेत्र तारबार | आवश्यकताको आधारमा शवदाहस्थल तथा समाधिस्थल निर्माण | ०८२/८३-०८३/८४ | १५०० | शवदाहस्थल तथा किरियापुत्रीघर निर्माण र समाधिस्थल क्षेत्र तारबार भएको हुने |
| ३ | किरिया खर्च व्यवस्थापन ( अति विपन्न) | सामाजिक सहयोग | ०८१/८२-०८३/८४ | १००० | अति विपन्न नागरिकका लागि किरिया खर्चको व्यवस्थापन भएको हुने |
| ४ | माहामारी शव व्यवस्थापन योजना निर्माण | संक्रमणजन्य रोग व्यवस्थापन | ०८२/८३-०८२/८३ | ३०० | माहामारी शव व्यवस्थापन योजना निर्माण भएको हुने |
| ५ | शव वाहन खरिद | सहज शव परिवहन | ०८१/८२-०८१/८२ | २५०० | शव वाहन खरिद भएको हुने |
| ६ | शवदाहस्थलहरु डि.पि.आर | डि.पि.आर निर्माण | ०८१/८२-०८३/८४ | ३००० | शवदाहस्थलहरु डि.पि.आर भएको हुने |

## ४.१०.६ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको सौन्दर्यमा असर नपर्ने तथा विभिन्न जात, धर्म, समुदाय तथा सम्प्रदायको मनोभावना र साँस्कृतिक चालचलन अनुसारको शवदाहस्थलको स्थापना बारेमा समयमा नै नीति तथा कार्यक्रम तय नगरिएको खण्डमा गाउँपालिकावासीको स्वास्थ्य, गाउँको सौन्दर्य लगायतका विषयमा जोखिम आउन सक्छ ।

# नतिजा सूचकहरु

| क्र. सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **शिक्षा विज्ञान तथा प्रविधि** | | | | |
| | असर | प्राथमिक तहमा खुद भर्नादर | प्रतिशत | | |
| | असर | प्राथमिक तह पुरा गर्ने दर | प्रतिशत | | |
| | असर | कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थी | प्रतिशत | | |
| | असर | कक्षा १ मा भर्ना भएका छात्राहरुको (छात्रको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात | | | |
| | असर | कक्षा १ मा भर्ना भएका छात्राहरुको (छात्रको तुलनामा) कक्षा १२ सम्म पुग्ने अनुपात | | | |
| | असर | माध्यमिक शिक्षाको कुल भर्नादर (९ देखि १२) | प्रतिशत | | |
| | प्रतिफल | पूर्व प्राथमिक शिक्षाको लागि बाल अनुदान पाएको (संख्या) | संख्या | | |
| | असर | पूर्व वाल्यकाल शिक्षामा उपस्थिति (प्रतिशत) हाजिरी | प्रतिशत | | |
| | असर | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी प्रतिशत (कुल विद्यार्थीमा) | प्रतिशत | | |
| | प्रभाव | लैङ्गिक समता सूचकाङ्क (प्राथामिक) | | | |
| | प्रभाव | लैङ्गिक समता सूचकाङ्क (माध्यमिक) | | | |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | प्रतिशत | | |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | | |
| | प्रतिफल | प्रति विद्यार्थी हुने सार्वजनिक खर्च (हजारमा) | हजारमा | | |
| | असर | विद्युतमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | | |
| | असर | इन्टरनेटमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | | |
| | असर | WASH सुविधा भएका आधारभूत विद्यालयहरु | प्रतिशत | | |
| | असर | अपाङ्गमैत्री विद्यालयहरु | प्रतिशत | | |
| | असर | न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु | प्रतिशत | | |
| | असर | न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यमिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु | प्रतिशत | | |
| | | (दिगो विकास लक्ष्य ४ अन्तर्गत) माथिका सबै सूचकहरु | | | |
| | असर | समग्र साक्षरता प्रतिशत | संख्या | | |
| | असर | साक्षरता प्रतिशत (पुरुष) | संख्या | | |
| | असर | साक्षरता प्रतिशत (महिला) | संख्या | | |
| | प्रतिफल | उच्च शिक्षा अध्यापन हुने कलेज | संख्या | | |
| | प्रतिफल | प्राविधिक शिक्षा सञ्चालन हुने विद्यालय | संख्या | | |
| | असर | आधारभूत शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | | |
| | असर | माध्यमिक शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | | |
| | असर | स्नातक तह उत्तीर्ण जनसंख्या | प्रतिशत | | |
| | असर | स्नातकोत्तर उत्तीर्ण जनसंख्या | प्रतिशत | | |

| क्र. सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | विद्या वारिधि उत्तीर्ण जनसंख्या | संख्या | | |
| | असर | प्राविधिक वा व्यवसायिक तालिम प्राप्त युवा संख्या | प्रतिशत | | |
| | असर | विज्ञान प्रयोगशाला सुविधा भएका विद्यालय | प्रतिशत | | |
| | असर | सुविधा सम्पन्न पुस्तकालय भएका विद्यालय | प्रतिशत | | |
| | असर | बुक कर्नर सुविभा भएका विद्यालय | प्रतिशत | | |
| | असर | सुविधायुक्त खेलमैदान भएका विद्यालय | प्रतिशत | | |
| | असर | छात्राको लागि व्यवस्थित शौचालय भएका विद्यालय | प्रतिशत | | |
| | असर | एक स्वास्थ्यकर्मीको सुविधा भएका विद्यालय | प्रतिशत | | |
| | प्रतिफल | अनौपचारिक प्रौढ कक्षा संख्या | संख्या | | |
| | प्रतिफल | व्यवस्थित रुपमा संचालन भएका बालक्लव | संख्या | | |
| २. | **स्वास्थ्य** | | | | |
| | असर | दक्ष प्रसुती कर्मीहरुको सहयोगमा भएको जन्मको (अनुपात) | प्रतिशत | | |
| | असर | पाँच वर्षमूनिको बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | | |
| | असर | नवजात शिशु मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | | |
| | प्रतिफल | कुष्ठरोगी बिरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | कालाजार बिरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | हात्तिपाइले बिरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | डेङ्गु बिरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | सक्रिय ट्रकोमा बिरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | मुटुसम्बन्धीबिरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | क्यान्सर बिरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | मधुमेह बिरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | स्वास प्रणाली सम्बन्धीदीर्घ रोग दम आदिका बिरामी | संख्या | | |
| | प्रतिफल | आत्महत्याबाट हुने मृत्युदर प्रति लाख जनसंख्यामा | संख्या | | |
| | प्रतिफल | सडक दुर्घटनाबाट मृत्युदर प्रति लाख जनसंख्यामा | संख्या | | |
| | प्रतिफल | परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | | |
| | असर | प्रोटोकल अनुसार चार पटक पूर्व प्रसुति सेवा प्राप्त गर्ने महिला वार्षिक | प्रतिशत | | |
| | असर | अस्पताल/स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिला | प्रतिशत | | |
| | असर | हेपाटाइटिस बी भ्याक्सिन पुरा (३ डोज) गर्ने शिशु | प्रतिशत | | |
| | असर | रगतमा ग्लुकोजको मात्रा वृद्धि भई औषधि प्रयोग गरिरहेका १५ वर्ष वा सो भन्दा माथिको जनसंख्या | प्रतिशत | | |

| क्र. सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | घरबाट स्वास्थ्य संस्थामा ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवार | प्रतिशत | | |
| | असर | स्वास्थ्य बिमामा आबद्ध विपन्न परिवार | प्रतिशत | | |
| | असर | राष्ट्रिय खोप कार्यक्रममा समावेश भएका सबै खोपद्वारा समेटिएको लक्षित जनसंख्या | प्रतिशत | | |
| | असर | स्वास्थ्यकर्मीको घनत्व र वितरण | प्रतिलाख जनसंख्यामा) | | |
| | असर | स्वास्थ्य क्षेत्रमा कुल खर्च कुल (बजेटको) दिगो विकास लक्ष्य ३ | प्रतिशत | | |
| | प्रतिफल | सम्पूर्ण आधारभूत सुविधायुक्त स्वास्थ्य चौकी | संख्या | | |
| | असर | कुपोषण भएका बालबालिका दर | प्रतिशत | | |
| | प्रतिफल | चौबिसै घण्टा आकस्मिक स्वास्थ्य सेवा भएका स्वास्थ्य संस्था | संख्या | | |
| | प्रतिफल | चौबिसै घण्टा आकस्मिक प्रसुति सेवा भएका स्वास्थ्य संस्था | संख्या | | |
| | प्रतिफल | चौबिसै घण्टा एम्बुलेन्स सेवा भएका स्वास्थ्य संस्था | संख्या | | |
| | प्रतिफल | बैकल्पिक स्वास्थ्य उपचार केन्द्र | संख्या | | |
| | प्रतिफल | योग केन्द्र | संख्या | | |
| | असर | पूर्ण सुरक्षित पिउने पानी प्रयोग गर्ने जनसंख्या | प्रतिशत | | |
| | प्रतिफल | आधारभूत स्वास्थ्य चेतना प्राप्त गर्ने वैद्य धामी झाँक्री | संख्या | | |
| | प्रतिफल | परिवार नियोजन सेवा केन्द्र | संख्या | | |
| | प्रतिफल | रक्तसंचार सेवा | संख्या | | |
| | प्रतिफल | अपेक्षित आयू (जन्मदाको बखत) | वर्ष | | |
| | प्रतिफल | मातृ मृत्युदर (प्रति लाखमा) | प्रतिलाखमा | | |
| | असर | पाठेघरको क्यान्सरका निम्ति स्क्रिनीङ गरिएका ३० देखि ४९ वर्षका महिला | संख्या | | |
| | प्रतिफल | HIV AIDS Antiviral औषधि प्राप्त गर्ने | संख्या | | |
| | प्रतिफल | उच्च रक्तचापको औषधि सेवन गरिरहेका १५ वर्ष भन्दा माथिको जनसंख्या | प्रतिशत | | |
| | प्रतिफल | सुविधासम्पन्न अस्पताल | संख्या | | |
| | प्रतिफल | घुम्ती स्वास्थ्य शिविर वार्षिक | संख्या | | |
| | प्रतिफल | स्वास्थ्य प्रयोगशाला | संख्या | | |
| **३.** | **संस्कृति, भाषा, कला तथा साहित्य** | | | | |
| | प्रतिफल | अमूर्त साँस्कृतिक सम्पदामा सूचिकृत सम्पदा | संख्या | | |
| | प्रतिफल | साँस्कृतिक सम्पदा मध्ये स्थानीय पाठ्यक्रमका समावेश (सम्पदा) | संख्या | | |
| | प्रतिफल | साँस्कृतिक बृत्त चित्र | संख्या | | |
| | प्रतिफल | कलाकार विवरणमा समावेश कलाकार | संख्या | | |
| | प्रतिफल | साँस्कृतिक पात्रोमा समावेश गतिविधि (वार्षिक) | संख्या | | |

| क्र. सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | साँस्कृतिक प्रतियोगिता तथा कार्यक्रम (वार्षिक) | संख्या | | |
| | प्रतिफल | स्थानीय मातृभाषा पाठ्यक्रम | संख्या | | |
| | प्रतिफल | साहित्यिक गतिविधि (कार्यक्रम) (वार्षिक) | संख्या | | |
| | प्रतिफल | झाँकी प्रर्दशनी (वार्षिक) | संख्या | | |
| | प्रतिफल | साँस्कृतिक केन्द्र | संख्या | | |
| | प्रतिफल | साँस्कृतिक समिति | संख्या | | |
| | प्रतिफल | साँस्कृतिक (कला र साहित्य) उत्सव (Art and Literature Festival) | संख्या | | |
| | प्रतिफल | कला संग्रहालय | संख्या | | |
| ४. | **लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता सामाजिक समावेशीकरण** | | | | |
| | प्रतिफल | गाँउपालिकामा महिला उद्यमीहरूको | संख्या | | |
| | प्रतिफल | पूर्णरूपमा आत्मनिर्भर एकल महिलाको संख्या ( प्रतिशतमा बढाउँदै लैजाने) | प्रतिशत | | |
| | प्रतिफल | बालश्रमिकहरू (घटाउँदै लैजाने) | संख्या | | |
| | प्रतिफल | अन्तरजातीय विवाह (बढाउँदै लैजाने) | संख्या | | |
| | प्रतिफल | दुर्व्यसन सुधार गृह | संख्या | | |
| | प्रतिफल | बाल सुरक्षा/संरक्षण गृह | संख्या | | |
| | प्रतिफल | जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | संख्या | | |
| | असर | सामाजिक सुरक्षामा योजनामा समावेश भएका नागरिक | प्रतिशत | | |
| | असर | आधार वर्षको तुलनामा न्यायिक समितिमा उजुरीको(प्रतिशतले घटाउँदै लैजाने) | प्रतिशत | | |
| | असर | विगत १२ महिनामा शारीरिक, मनोवैज्ञानिक लैङ्गिक तथा यौनजन्य हिंसामा परेका जनसंख्या ( संख्यामा) घटनाको आधारमा (प.दि.वि.ल. १६.१.१) | संख्या | | |
| | असर | उमेरअनुसार १८ वर्षको उमेरसम्म यौनहिंसाको अनुभव गरेका १८ देखि २९ वर्ष उमेरका युवती र युवकहरूको अनुपात (प.दि.वि.ल. १६.२.३) | प्रतिशत | | |
| | असर | निर्णय-निर्माण समावेशी र जवाफदेही भएको विश्वास गर्ने जनसंख्याको अनुपात (लिङ्ग, उमेर, अपाङ्गता र जनसाङ्ख्यिक समूहअनुसार) ( प.दि.वि.ल. १६.७.२) | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूको नीतिनिर्माण पदहरूमा रहेका महिलाहरूको अनुपात (प.दि.वि.ल. १६.७.२.१) | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका जनजातिको प्रतिशत | प्रतिशत | | |

| क्र. सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका आदिवासीको प्रतिशत | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मधेशीको प्रतिशत | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मुस्लिमको प्रतिशत | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका पिछडा वर्गको प्रतिशत | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका अल्पसंख्यकको प्रतिशत | प्रतिशत | | |
| | असर | शारीरिक/यौनहिंसा अनुभग गरेका १५ देखि ४९ वर्षसम्मका महिलाहरूको (प्रतिशत) (प.दि.वि.ल. ५.२.२.१) | प्रतिशत | | |
| | प्रतिफल | महिला, किशोरी तथा बालबालिकाहरूको बेचबिखन (सङ्ख्या) (प.दि.वि.ल. ५.२.२.२) | संख्या | | |
| | असर | विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरू (प्रतिशत) ( प.दि.वि.ल. ५.३.१.१) | प्रतिशत | | |
| | असर | श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात (प.दि.वि.ल. ५.४.१.१) | प्रतिशत | | |
| | असर | महिलाले घरायसी काममा खर्चेको औसत समय/घण्टामा (प.दि.वि.ल. ५.४.१.२) | घण्टामा | | |
| | असर | गाँउपालिकाबाट राष्ट्रिय संसद्मा प्रतिनिधित्व ( प्रतिशत) (प.दि.वि.ल. ५.५.१.१) | प्रतिशत | | |
| | असर | गाँउपालिका प्रादेशिक संसदमा प्रतिनिधित्व ( प्रतिशत) (प.दि.वि.ल. ५.५.१.२) | प्रतिशत | | |
| | असर | स्थानीय सरकारका तहहरूमा प्रतिनिधित्व(Bodies)(प्रतिशत) (प.दि.वि.ल. ५.५.१.३) | प्रतिशत | | |
| | असर | निजी क्षेत्रको निर्णायक तहमा महिलाहरूको सहभागिता (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.१) | प्रतिशत | | |
| | असर | सहकारी क्षेत्रमा महिलाहरूको सहभागिता ( प्रतिशत) (प.दि.वि.ल. ५.५.२.२) | प्रतिशत | | |
| | असर | सार्वजनिक सेवाका नीतिनिर्माणका पदहरूमा रहेका महिला (कुल कर्मचारीहरूमध्ये महिलाको प्रतिशत) (प.दि.वि.ल. ५.५.२.३) | प्रतिशत | | |

| क्र. सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | व्यावसायिक र प्राविधिक कामदारहरूमा महिला-पुरुषको अनुपात (Ratio of women to men) (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.४) | प्रतिशत | | |
| | असर | यौन सम्बन्ध, परिवार नियोजनका साधनहरूको प्रयोग र प्रजनन स्वास्थ्य हेरचाह सम्बन्धमा सुसूचित भएर आफैले निर्णय गर्ने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात (प.दि.वि.ल. ५.६.१) | प्रतिशत | | |
| | प्रतिफल | महिलाहरूको स्वामित्व भएका उद्यमहरूको सङ्ख्या (प.दि.वि.ल. ५.क.१) | संख्या | | |
| | प्रतिफल | महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व (जमिन र घर) (प.दि.वि.ल. ५.क.२) | संख्या | | |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत (प.दि.वि.ल. ५.ख.१) | प्रतिशत | | |
| **५.** | **बालबालिका** | | | | |
| | प्रतिफल | बाल श्रमिकको (संख्या) | संख्या | | |
| | प्रतिफल | असहाय बालबालिका (संख्या) | संख्या | | |
| | प्रतिफल | पुर्नस्थापित बालबालिका संख्या | संख्या | | |
| | प्रतिफल | विद्यालय जान नपाएका बालबालिकाको संख्या | संख्या | | |
| | प्रतिफल | बालगृह संख्या | संख्या | | |
| | प्रतिफल | बाल विवाह संख्या | संख्या | | |
| | प्रतिफल | बाल उद्यान संख्या | संख्या | | |
| | प्रतिफल | पोषण सुनिश्चित गरिएका असहाय अति विपन्न बालबालिका | संख्या | | |
| | प्रतिफल | बालबालिका केन्द्रित वार्षिक बाल कार्यक्रम | संख्या | | |
| **६.** | **युवा श्रम तथा रोजगार** | | | | |
| | असर | बेरोजगार युवा (प्रतिशत) | प्रतिशत | | |
| | असर | पुरुष बेरोजगार युवा | प्रतिशत | | |
| | असर | महिला बेरोजगार युवा | प्रतिशत | | |
| | असर | रोजगार युवा (प्रतिशत) | प्रतिशत | | |
| | असर | पुरुष रोजगार युवा | प्रतिशत | | |
| | असर | महिला रोजगार युवा | प्रतिशत | | |
| | असर | न्यूनतम रोजगारीका लागि विदेशिने युवाहरू | प्रतिशत | | |
| | प्रतिफल | आफ्नै स्वामित्वमा उद्योग भएका युवा उद्यमीहरूको | संख्या | | |
| | प्रतिफल | महिला युवा उद्यमीहरूको | संख्या | | |
| | प्रतिफल | स्नातक तह उत्तीर्ण गर्न नसकि अध्ययन छाडेका युवाको | संख्या | | |
| | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट बञ्चीत युवाको प्रतिशत | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट सन्तुष्ट युवाको प्रतिशत | प्रतिशत | | |
| | असर | दुर्व्यसनमा फसेका युवाको प्रतिशत | प्रतिशत | | |
| | प्रतिफल | जटिल प्रकारका रोगबाट ग्रसित युवाको संख्या | संख्या | | |
| | प्रतिफल | अपराधिक कार्यमा संलग्न युवाको संख्या | संख्या | | |
| | प्रतिफल | राष्ट्रिय रूपमा ख्याती प्राप्त युवाको संख्या ( कलाकारिता, नेतृत्व, उद्यमी, खेलकुद, अध्ययन अनुसन्धान, आदि) | संख्या | | |
| ७. | **खेलकुद तथा मनोरञ्जन** | | संख्या | | |
| | प्रतिफल | व्यायामशालाको संख्या | संख्या | | |
| | प्रतिफल | सुविधा सम्पन्न खेलकुद रंगशालाको संख्या | संख्या | | |
| | प्रतिफल | खेल मैदानको संख्या | संख्या | | |
| | प्रतिफल | थिएटर वा सिनेमा घरको संख्या | संख्या | | |
| | प्रतिफल | बाल उद्यानको संख्या | संख्या | | |
| | प्रतिफल | पार्क तथा हरित उद्यानको संख्या | संख्या | | |
| | प्रतिफल | व्यवथित पिकनिक स्थलको संख्या | संख्या | | |
| | प्रतिफल | व्यावथित पौडी पोखरीको संख्या | संख्या | | |
| | प्रतिफल | जेष्ठ नागरिक मिलन केन्द्रको संख्या | संख्या | | |
| | प्रतिफल | साँस्कृतिक तथा कला केन्द्रको संख्या | संख्या | | |
| ८. | **शान्ति सुरक्षा** | | | | |
| | प्रतिफल | प्रहरी बिटको संख्या | | | |
| | असर | प्रति वर्ष हुने अपराधिक क्रियाकलापका घटनाहरू (घटाउँदै लाने) | संख्या | | |
| | असर | प्रति सुरक्षाकर्मी जनसंख्या अनुपात | संख्या | | |
| | प्रतिफल | नेपाल प्रहरी | संख्या | | |
| | प्रतिफल | नेपाली सेना | संख्या | | |
| | प्रतिफल | शसस्त्र प्रहरी | संख्या | | |
| | प्रतिफल | नगर प्रहरी | संख्या | | |
| | असर | आफू बसेको क्षेत्र वरिपरि एक्लै हिंडडुल गर्ने आफूलाई सुरक्षित ठान्ने जनसंख्या प्रतिशत ( प.दि.वि.ल. १६.१.४) | प्रतिशत | | |
| | प्रतिफल | सिसिटिभी जडान संख्या | संख्या | | |
| ९. | **शवदाहस्थल तथा समाधिस्थल व्यवस्थापन** | | | | |
| | प्रतिफल | व्यवस्थित शवदाह स्थल/समाधिस्थलको संख्या | संख्या | | |
| | प्रतिफल | शववाहनको संख्या | संख्या | | |

*स्रोत: राप्ती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय*

# परिच्छेद - ५: पूर्वाधार विकास

## ५.१ खानेपानी तथा सरसफाई

### ५.१.१ पृष्ठभूमि

गाउँपालिकाको अधिकांश भू-भागहरु जंगल तथा पहाडी क्षेत्र भएकाले जलस्रोत पर्याप्त मात्रा रहेको छ । राष्ट्रिय जनगणना २०७८, को तथ्याङ्क अनुसार यहाँको खानेपानीको स्रोतको अवस्थाको आधारमा सबैभन्दा बढी खानेपानीको श्रोतको रुपमा ट्यूबेल वा हातेपम्प ५,६०७ अर्थात ४७ प्रतिशत घरधुरीले प्रयोग गर्ने गरेका छन । त्यसैगरी निजी धाराको पानी प्रयोग गर्ने घरधुरी संख्या ३,८०९ अर्थात ३२.२० प्रतिशत, (घरबाहिरको धाराको पानी) प्रयोग गर्ने घरधुरी संख्या १,४८९ अर्थात, १२.५९ प्रतिशत रहेका छन् । यसरी हेर्दा जम्मा घरधुरीको करिब ४२ प्रतिशत घरधुरीले निजी धारा प्रयोग गरिरहेको अवस्था छ । गाउँपालिकामा अझै पनि स्वच्छ पिउने पानीको पहुँचमा सबै घरपरिवार नरहनुले पानीजन्य रोगहरू जस्तै टाइफाईड, झाडापखाला, आउँ जस्ता रोगहरूको संक्रमण हुन सक्ने सम्भावना रहेको छ ।

### ५.१.२ समस्या तथा चुनौती

शुद्ध र स्वस्थ पिउने पानीको अभावमा टाइफाईड, झाडापखाला, आउँ जस्ता सरुवा रोगहरूको संक्रमण वर्षेनी फैलिन गई हुने मानवीय जीवनको क्षति नियन्त्रण गर्नु, खानेपानीको मूल दर्ता गर्नु, सार्वजनिक स्थलहरुमा फोहोर व्यवस्थापन नहुनु, सम्पूर्ण घरपरिवारलाई सुरक्षित र स्वच्छ पिउने पानी वितरण प्रणालीमा जोड्न नसक्नु, पिउने पानी शुद्धिकरण सम्बन्धी उपायको अवलम्बन सम्बन्धी जनचेतनाको विस्तार गर्नु, वैज्ञानिकरुपमा फोहोरमैला व्यवस्थापन हुन नसक्नु, मानव तथा पशुजन्य विकारलाई पानीको मुहानभन्दा टाढा व्यवस्थापन गर्नु लगायतका समस्या र चुनौती यस गाउँपालिकामा रहेका छन् ।

### ५.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| खानेपानी तथा सरसफाईमा समुदायको सहभागिता |
| **लक्ष्य** |
| सबै नागरिकलाई सक्षम र स्वस्थ बनाई उत्पादनशिल जनशक्तिको उत्पादन गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ समुदायको स्वास्थ्य अवस्थामा सुधार ल्याउन खानेपानी तथा सरसफाईका संस्थागत विकासमा सुधार ल्याउनु । |

### ५.१.४ रणनीति

१. गाउँपालिका क्षेत्रको अत्याश्यक स्थान तथा वडालाई ठूला तथा मझौलास्तरका खानेपानी योजनाहरु संचालन गर्न संघीय सरकार तथा प्रदेश सरकार र दातृ संस्थालाई अनुरोध गरी खानेपानी योजनाहरुको संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

२. खानेपानी उपभोक्ता समिति गठन, नियमन, प्रवर्द्धन तथा क्षमता विकास गरी खानेपानी तथा सरसफाईलाई दिगो विकास गरिनेछ ।

३. गाउँपालिका क्षेत्रभित्र खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबिच आवश्यक सान्वय गरी योजना तथा कार्यक्रम संचालन गरिनेछ ।
४. खानेपानी तथा सरसफाई संरचना निर्माण गर्दा अन्य विकास संरचनालाई असर नपर्ने गरी समन्वयमा मात्र गरिनेछ ।
५. शहरी तथा शहर उन्मुख क्षेत्रमा ढल तथा फोहरमैला व्यवस्थापनको कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।
६. स्थानीयस्तरमा कुहिने र नकुहिने फोहोर छुट्याउन तालिम, सामाग्री सहयोग गरी घरैमा फोहोर बिसर्जन गर्न जैविक मल, गड्यौला खेती लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।
७. खानेपानीको श्रोत न्यून भएको स्थानहरुमा लिफ्ट खानेपानी आयोजना संचालन गरीनेछ ।
८. पानीको श्रोत कम भएका बस्तीहरुमा आकासे पानी सकंलन तथा शुद्धीकरण कार्यक्रम संचालन गरिनेछ ।
९. गाउँपालिका प्रमुखको अध्यक्षतामा गाउँस्तरीय खानेपानी तथा सरसफाई समिति र वडा अध्यक्षको अध्यक्षतामा वडास्तरीय खानेपानी तथा सरसफाई समिति गठन गरिनेछ ।
१०. बजारको फोहोरमैलाको उचित व्यबस्थापनको लागि आवश्यक जग्गा प्राप्त गरी ल्याण्डफिल्ड साइटका विस्तृत परियोजना प्रतिवेदन तयार गर्नेछ ।
११. सार्वजनिक स्थान र सरकारी कार्यालय, विद्यालयरूमा सफा शौचालय कार्यक्रम लागू गरिनेछ ।
१२. गाउँपालिका भित्रका सबै घरघुरीमा अनिवार्य शौचालय निर्माण गर्न लगाई गाउँलाई खुला दिसामुक्त पालिकाको सुनिश्चित गरिनेछ ।

### ५.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानीको मुहान पहिचान तथा विवरण संकलन | खानेपानीको मुहान पहिचान | ०८१/८२ ०८१/८२ | ५०० | खानेपानीको मुहान पहिचान तथा विवरण संकलन भएको हुने |
| २ | खानेपानी आयोजनाको निर्माण | खानेपानी आयोजनाको निर्माण | ०८१/८२-०८३/८४ | १००० | खानेपानी आयोजनाको निर्माण भएको हुने |
| ३ | खानेपानी प्रशोधन तथा वितरण प्रणाली निर्माण | खानेपानी प्रशोधन तथा वितरण प्रणाली निर्माण | ०८१/८२ ०८१/८२ | १५०० | खानेपानी प्रशोधन तथा वितरण प्रणाली निर्माण भएको हुने |
| ४ | खानेपानी आपूर्ति पाइप लाईन विस्तार | स्वस्थ खानेपानी आपूर्ति पाइप लाईन विस्तार | ०८१/८२-०८३/८४ | ७००० | खानेपानी आपूर्ति पाइप लाईन विस्तार भएको हुने |
| ५ | एक घर एक धारा कार्यक्रम | स्वस्थ पिउने पानीको व्यवस्था | ०८१/८२-०८३/८४ | ११००० | एक घर एक धारा कार्यक्रम संचालन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ६ | खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन | सम्भावित खानेपानीको स्रोत | ०८२/८३ ०८२/८३ | ५०० | खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन भएको हुने |
| ७ | क) आयोजना निर्माण ठेकेदारलाई दण्ड तथा पुरस्कारको प्रबन्ध<br>ख) खानेपानी आयोजना निर्माण सम्पन्न गरी उपभोक्ता समितिमार्फत सेवा सञ्चालन | निर्माण व्यवसायी जिम्मेवार र जनताको स्वामित्व वृद्धि | ०८१/८२ ०८२/८३ | ३०० | आयोजना निर्माण ठेकेदारलाई दण्ड तथा पुरस्कारको प्रबन्ध भएको हुने । |
| ८ | पानीको मुहान संरक्षण तथा संरचना मर्मत | खानेपानी मुहान संरक्षण तथा व्यवस्थापन | ०८१/८२- ०८३/८४ | ५०० | पानीको मुहान संरक्षण तथा संरचना मर्मत भएको हुने |
| ९ | शौचालय निर्माण अनुदान | शौचालय प्रयोगलाई प्रोत्साहन | ०८१/८२- ०८३/८४ | ४००० | १०० परिवार विपन्न समुदायको घरमा शौचालय निर्माण भएको हुने |
| १० | सार्वजनिक स्थल तथा बजार केन्द्रमा सार्वजनिक शौचालय, फोहोर संकलन केन्द्रको निर्माण | मानवजन्य तथा अन्य प्रकारका फोहोर व्यवस्थापन | ०८१/८२- ०८३/८४ | २००० | सार्वजनिक स्थल तथा बजार केन्द्रमा सार्वजनिक शौचालय, फोहोर संकलन केन्द्रको निर्माण भएको हुने |
| ११ | गाउँपालिकाद्वारा सम्भाव्य स्थानमा ल्यान्डफिल साईटको निर्माण | ल्यान्डफिल साईट निर्माण | ०८१/८२- ०८३/८४ | ४५०० | गाउँपालिकाद्वारा सम्भाव्य स्थानमा ल्यान्डफिल साईटको निर्माण भएको हुने |
| १२ | सघन बस्ती क्षेत्रमा ढल निर्माण | व्यवस्थित बस्ती विकास | ०८१/८२- ०८३/८४ | ८२०० | सघन बस्ती क्षेत्रमा ढल निर्माण भएको हुने |
| १३ | फोहोर व्यवस्थापनका लागि टोल विकास संस्था र नीजि क्षेत्र संग सहकार्यका लागि कार्ययोजना निर्माण | सरोकारवालाबीच सहकार्य | ०८२/८३ ०८२/८३ | १०० | फोहोर व्यवस्थापनका लागि टोल विकास संस्था र नीजि क्षेत्र संग सहकार्यका लागि कार्ययोजना निर्माण भएको हुने |
| १४ | क) वडास्तरीय कम्पोस्ट मल उत्पादन तालिम | फोहोरमैलाको उचित व्यवस्थापन र बहुप्रयोग | ०८१/८२ ०८२/८३ | ५०० | वडास्तरीय कम्पोस्ट मल उत्पादन तालिम संचालन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | ख) फोहोर पुनर्प्रयोग गर्न तालिम | | | | |
| १५ | सरसफाई कार्यक्रम सञ्चालन | सहकार्य र साझेदारीमा आधारित फोहोरमैला व्यवस्थापन | साल बसाली | ४०० | सरसफाई कार्यक्रम सञ्चालन भएको हुने |
| १६ | स्थानीय सञ्चार माध्यममा सरसफाई सम्बन्धी जनचेतनामुलक कार्यक्रम | सञ्चारका माध्यम मार्फत जनचेतना अभिवृद्धि | साल बसाली | ५०० | स्थानीय सञ्चार माध्यममा सरसफाई सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन भएको हुने |

### ५.१.६ जोखिम पक्ष तथा अनुमान

पिउनयोग्य खानेपानीको मुहान पहिचान हुने, स्वच्छ पिउने पानी वितरण प्रणाली स्थापना हुने, पिउने पानी शुद्धीकरणको विधिबारे गाउँपालिकाबासी सचेत भएका हुने, मानवजन्य र अन्य फोहोरमैलाको उचित व्यवस्थापन भई सफा र हराभरा गाउँ निर्माण हुने, खानेपानी र फोहोरमैला व्यवस्थापनमा सामुदायिक र निजी संस्थाको संलग्नता बढी सुविधा सम्पन्न गाउँ विकास भएको हुने । उचित योजना, मुहान संरक्षणको अभाव, आयोजना निर्माणको अनुगमन तथा मुल्याङ्कन हुन नसकेको खण्डमा खानेपानी सम्बन्धी मौलिक हक तथा दिगो विकासका लक्ष्य प्राप्त नहुने जोखिम रहन्छ ।

## ५.२ सिँचाई

### ५.२.१ पृष्ठभूमि

भित्री मधेस अन्तर्गत समथर मैदान रहेको कारण यस गाउँपालिकामा पर्याप्त मात्रामा कृषियोग्य जमिन रहेको छ । यहाँ धान, गहुँ, मकै, तरकारी जस्ता कृषि उत्पादन प्रचुर मात्रामा हुने गरेको पाइन्छ । गाउँपालिकामा साना तथा मझौला र मौसमी सिँचाई आयोजनाहरुबाट तथा भूमिगत जलस्रोतमार्फत कृषियोग्य जमीनमा सिंचाई गरिँदै आइरहेको छ । तथापि अपर्याप्त सिंचाई सुविधाका कारण सम्पूर्ण खेतीयोग्य जमिन सिंचित हुन सकेको छैन । सिंचाई कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा उच्च प्राथमिकताका साथ नहर तथा सिंचाई आयोजनाहरू निर्माण गरी सिंचाई कार्य गर्नु नितान्त जरुरी छ ।

### ५.२.२ समस्या तथा चुनौती

परम्परागत सिँचाई प्रणालीलाई समयसापेक्ष परिवर्तन गर्नु, वातावरण अनुकुल र श्रोतको उपलब्धताको आधारमा सिँचाईका विभिन्न विकल्प विकास गर्नु, डिप बोरिङको उचित व्यवस्थापन नहुनु, परम्परागत प्रविधिमा आधारित कुलो तथा नहरहरुको मर्मत तथा सम्भार हुन नसक्नु, पोखरी र खोलानालाहरुमा मानविय क्रियाकलापका कारण अतिक्रमण बढ्नु, उपलब्ध जलाधार र जलस्रोतको उपयोग गर्न दिगो योजनाको विकास गर्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा रहेका छन् ।

## ५.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| प्राकृतिक जलस्रोतको अधिकतम उपयोग |
| **लक्ष्य** |
| सिंचाई योजनाहरूको उचित व्यवस्थापनमार्फत सिंचित क्षेत्रफल वृद्धि गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने |
| **उद्देश्यहरू** |
| ✓ सिंचाईका योजनाहरूको उचित व्यवस्थापन गरी कृषि उत्पादन र उत्पाकत्वमा वृद्धि गर्नु |

## ५.२.४ रणनीति

- साना तथा मझौला सिंचाइलाई दिर्घकालीन तथा पक्की संरचनामा विकास गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- व्यवस्थापन गर्नका लागि संभाव्यता अध्ययन तथा DPR तयार गरी परियोजना बैंकमा समावेश गर्दै सिँचाइ क्षेत्रको गाउँपालिका गुरुयोजना निर्माण गरिनेछ ।
- सिंचाई सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- सिंचाई सुबिधाको पूर्तिको लागि प्रदेश सरकार, संघीय सरकारसँग सहकार्य गरिनेछ ।
- सिंचाई सुविधाबाट वञ्चित क्षेत्रमा बोरिङ्ग, आकाशे पानी संकलन, लिफ्ट सिस्टम लगायत अन्य बैकल्पिक सिंचाई प्रविधिको विकास गरिनेछ ।
- उपभोक्ता समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । मर्मतसम्भार कोषको विकास गरी उपभोक्ता समितिमा संकलित मर्मतसम्भार कोषबाट पारिश्रमिक सहित परिचालन गरिनेछ ।
- गाउँपालिकाको कृषि योग्य भूमिमा भरपर्दो र दिगो सिंचाई सेवामार्फत कृषि उत्पादकत्व तथा उत्पादन वृद्धिमा सहयोग, उपयुक्त प्रविधिको छनौट गरी वर्षभरी भरपर्दो सिंचाई सुबिधा उपलब्ध गराउने जसमा सिंचाई प्रणाली निर्माण, निर्माण सम्पन्न भएका प्रणालीहरुको मर्मतसम्भार गरी गाउँपालिका क्षेत्रभित्र सिंचाई हुन बाकी रहेका कृषि योग्य क्षेत्रहरुको पहिचान गरी प्रभावकारी सिंचाईका श्रोतहरु गाउँपालिकामा उपभोक्ता समितिमार्फत दर्ता गर्ने प्रावधान गरिनेछ ।
- निर्माण सम्पन्न भइसकेका सिंचाई प्रणालीहरुको मर्मतसम्भार एवं दीगो व्यबस्थापनका लागि उपभोक्ताहरुको सहभागिता सुनिश्चित गरिनेछ ।
- साना सिंचाई आयोजनाहरुमा लागत साझेदारीमा अनुदान दिने व्यवस्था गरिनेछ ।

## ५.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जलाधार क्षेत्रको विवरण संकलन तथा नक्सांकन | जलाधार क्षेत्रको तथ्याङ्क उपलब्ध | ०८१/८२ ०८१/८२ | ५०० | जलाधार क्षेत्रको विवरण संकलन तथा नक्सांकन भएको हुने |
| २ | प्राथमिकता प्राप्त कुलो तथा नहरहरूको मर्मत सम्भार तथा स्तरोन्नती | प्राथमिकताको आधारमा सबै वडामा सिँचाइ पूर्वाधार निर्माण | ०८१/८२-०८३/८४ | १२००० | प्राथमिकता प्राप्त कुलो तथा नहरहरूको मर्मत सम्भार तथा स्तरोन्नती भएको हुने |
| ३ | भूमिगत तथा सतह सिँचाई सम्भाव्यता अध्ययन तथा निर्माण | सिँचाईको उचित व्यवस्थापन | ०८१/८२ ०८१/८२ | २००० | भूमिगत तथा सतह सिँचाई सम्भाव्यता अध्ययन तथा निर्माण भएको हुने |
| ४ | वैकल्पिक सिँचाईको व्यवस्था | सिँचाईको व्यवस्था | ०८२/८३-०८३/८४ | ११००० | वैकल्पिक सिँचाईको व्यवस्था भएको हुने |
| ५ | ठूला कृषि उत्पादन क्षेत्रमा सिँचाईको विशेष व्यवस्था | कृषि पूर्वाधारको व्यवस्था | ०८१/८२-०८३/८४ | १३००० | ठूला कृषि उत्पादन क्षेत्रमा सिँचाईको विशेष व्यवस्था भएको हुने |
| ६ | वहुउद्देश्यीय नमूना पोखरी निर्माण | पोखरी निर्माण तथा मर्मत सम्भार | ०८१/८२-०८३/८४ | ४५०० | ३ वटा वहुउद्देश्यीय नमूना पोखरी निर्माण भएको हुने |
| ७ | कृत्रिम जलाशय निर्माणको सम्भाव्यता अध्ययन | सिँचाईको वैकल्पिक व्यवस्था | ०८२/८३ ०८२/८३ | ५०० | कृत्रिम जलाशय निर्माणको सम्भाव्यता अध्ययन भएको हुने |
| ८ | मर्मत सम्भार कोष स्थापना | निर्माण र मर्मत सम्भारका लागि स्रोत व्यवस्था | ०८२/८३ ०८२/८३ | १००० | मर्मत सम्भार कोष स्थापना भएको हुने |
| ९ | सिँचाई उपभोक्ता समिति तालिम | जिम्मेवार उपभोक्ता समिति | ०८२/८३ ०८३/८४ | ५०० | सिँचाई उपभोक्ता समिति तालिम संचालन भएको हुने |
| १० | हरित क्षेत्र विकास कार्यक्रम सञ्चालन | हरित क्षेत्र विकास कार्यक्रम | ०८१/८२ ०८३/८४ | १००० | हरित क्षेत्र विकास कार्यक्रम सञ्चालन भएको हुने |
| ११ | जलवायु अनुकुलन तथा प्रभाव न्युनीकरण कार्यक्रम सञ्चालन | पर्यावरणमैत्री र जलवायु अनुकुल जीवनपद्धतिको निर्माण | साल बसाली | ५०० | जलवायु अनुकुलन तथा प्रभाव न्युनीकरण कार्यक्रम सञ्चालन भएको हुने |

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १२ | सिँचाई सेवा शुल्क निर्धारण तथा संकलन | सेवामा आधारित शुल्क | ०८१/८२-०८३/८४ | १००० | सिँचाई सेवा शुल्क निर्धारण तथा संकलन भएको हुने |
| १३ | मुहान तथा जलाधार क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन | जलाधार व्यवस्थापन | ०८१/८२ ०८३/८४ | ५०० | मुहान तथा जलाधार क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन भएको हुने |

### ५.२.६ जोखिम पक्ष तथा अनुमान

कृषियोग्य भूमिमा सिँचाई सुविधा उपलब्ध भई उत्पादन वृद्धि हुने, जलाधार क्षेत्रको पहिचान, प्रयोग र संरक्षण भएको हुने, बहुउपयोगी जलाशय निर्माण भएको हुने, आलोपालो प्रणाली मार्फत सिँचाईको समानुपातिक सुविधा पुगेको हुने, जलवायु अनुकुल उत्पादन र सिँचाई प्रणाली प्रयोगमा आएको हुनेछ । उल्लिखित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न नसकिएमा पानीको प्राकृतिक स्रोतको संरक्षण नहुने, परम्परागत र आधुनिक नहरको नियमित मर्मत सम्भार नहुने र कृषियोग्य भूमि बाँझो रहने तथा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ५.३ ऊर्जा

### ५.३.१ पृष्ठभूमि

कुनै पनि स्थानमा बसोबास गर्ने नागरिकको जीवनलाई सरल र सहज बनाउन साथै आर्थिक तथा सामाजिक विकास गर्न विद्युत तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । रराष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा खाना पकाउनका लागि कुल घरधुरी मध्ये ४,२०३ घरधुरी अर्थात ३५.५० प्रतिशतले दाउरा प्रयोग गर्ने गरेका छन् । त्यसैगरी ६,९७२ अर्थात ५८.९५ प्रतिशतले एलपी ग्याँस, ५४७ घरधुरी अर्थात ५.६२ प्रतिशतले बायो ग्याँसको प्रयोग गर्ने गरेका छन् । यहाँका अधिकाशं घरधुरीले उज्यालो बत्तीको लागि भने विजुली बत्ती प्रयोग गर्दै आएका छन् । काठदाउराको श्रोत सामुदायिक वन तथा निजी वन रहेका छन् । काठ दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरूमध्ये स्वास्थ्यमा पर्ने असर र वनजङ्गलको विनाश प्रमुख हुन् ।

### ५.३.२ समस्या तथा चुनौती

विद्युतीकरणको लागि पोल लगायत आवश्यक पूर्वाधारको स्थापना, दिगो विद्युत प्रवाहको लागि ट्रान्सफर्मरको अभाव, घरायसी इन्धनको रूपमा अझै पनि मानव स्वास्थ्यमा प्रतिकूल हुने तथा वनजंगल विनासको कारक तत्वको रूपमा रहेको काठदाउराको प्रयोग गरिनु, सार्वजनिक सडक बत्तिहरूको पर्याप्तता नहुनु, सुपथ मुल्यमा विद्युत सेवाको समन्यायिक वितरण लगायतका समस्या र चुनौती यस गाउँपालिकामा रहेका छन् ।

### ५.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| विद्युत सुविधामा सबैको पहुँच |

| लक्ष्य |
|---|
| विद्युत सुविधामा सबै बस्ती सबै टोलको पहुँच पुऱ्याई स्थानीय उत्पादनलाई बजारसँग जोडिनेछ। |
| **उद्देश्यहरू** |
| ✓ विद्युतसेवामा गाउँपालिकावासीको पहुँच र उपयोगमा वृद्धि गर्दै जीवनस्तरमा सुधार ल्याउनु। |

## ५.३.४ रणनीति

- वैकल्पिक ऊर्जा विकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ।
- वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण क्षमता अभिवृद्धि गरिनेछ।
- गाउँपालिका भित्रका शहरी क्षेत्रहरु र मुख्य सड्क तथा चोकमा सोलार बत्तीको व्यवस्था गरिनेछ।
- लोडसेडिङ मुक्त हुदाँ पनि नियमित आपूर्ति हुन नसकेको अवस्थालाई ध्यानमा राखी गाउँपालिकामा सबस्टेशन निर्माण गर्न पहल गरिने।
- गाउँपालिका भित्र देखिएका विद्युत सम्बन्धी सम्पूर्ण समस्याको २ वर्षभित्र दीर्घकालीन रुपमा समाधान गरिने कार्यक्रम बनाई ट्रान्सफर, थ्री फेज लाइन विस्तार गरिनेछ।
- वैकल्पिक ऊर्जाका माध्यमबाट स्थानीय सामाजिक अवस्थामा सुधार तथा वातावरणीय दीगोपनामा सहयोग पुग्ने खालका एकीकृत कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- लक्षित र विपन्न वर्गबाट गरिने प्रयासलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ।
- स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, क्षमता अभिवृद्धि, सञ्चालन अनुगमन र नियमन गरिनेछ।

## ५.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्युत प्रशारण लाईन विस्तार | विद्युतीकरण | ०८१/८२-०८३/८४ | ११००० | विद्युत प्रशारण लाईन विस्तार भएको हुने |
| २ | वैकल्पिक ऊर्जा प्रयोग गर्न अनुदान | परम्परागत ऊर्जामा निर्भरता न्युनीकरण | ०८१/८२-०८३/८४ | १२००० | वैकल्पिक ऊर्जा प्रयोग गर्न अनुदान प्रदान भएको हुने |
| ३ | सघन बस्ती क्षेत्रमा चार्जिङ स्टेशन निर्माण | विद्युतको सहज उपलब्धता | ०८२/८३ ०८३/८४ | | सघन बस्ती क्षेत्रमा चार्जिङ स्टेशन निर्माण भएको हुने |
| ४ | आवश्यकताका आधारमा ट्रान्सफर्मर जडान | ट्रान्सफर्मर जडान | ०८१/८२ ०८३/८४ | ५००० | आवश्यकताका आधारमा ट्रान्सफर्मर जडान भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५ | विद्युतीय उपकरण खरिदमा निश्चित मापदण्डका आधारमा छुट | विद्युतीय उपकरण प्रयोगलाई प्रोत्साहन | ०८१/८२-०८३/८४ | ६००० | विद्युतीय उपकरण खरिदमा निश्चित मापदण्डका आधारमा छुट प्रदान भएको हुने |
| ६ | विद्युतीय सवारी साधन सञ्चालनमा सवारी कर छुटको व्यवस्था | विद्युतीय सवारी प्रयोगलाई प्रोत्साहन | ०८१/८२-०८३/८४ | ६५०० | विद्युतीय सवारी साधन सञ्चालनमा सवारी कर छुटको व्यवस्था भएको हुने |
| ७ | विद्युत चोरी तथा चुहावट नियन्त्रण गर्न अनुगमनको व्यवस्था | विद्युत चोरी तथा चुहावट नियन्त्रण | साल बसाली | ४०० | विद्युत चोरी तथा चुहावट नियन्त्रण गर्न अनुगमनको व्यवस्था भएको हुने |
| ८ | विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत प्रसारणलाईन सुधार | सहज विद्युत सेवा विस्तार | ०८१/८२ ०८३/८४ | ३५०० | विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत प्रसारणलाईन सुधार भएको हुने |
| १० | सडक तथा सार्वजनिक स्थानमा सडक बत्ती जडान | सार्वजनिक स्थानमा सडक बत्तीको व्यवस्थापन | ०८१/८२-०८३/८४ | १५०० | सडक तथा सार्वजनिक स्थानमा सडक बत्ती जडान भएको हुने |
| ११ | विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | वैकल्पिक ऊर्जाको प्रयोग वृद्धि | साल बसाली | ३५० | विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |

### ५.३.६ जोखिम पक्ष तथा अनुमान

विद्युत प्रसारणको लागि जग्गा प्राप्ति, सहज साइट क्लिरेन्स, विद्युतीय उपकरण प्रयोगलाई प्रोत्साहन, विद्युतीय सवारी साधन र सामाग्रीको प्रयोगमा वृद्धि, निजी क्षेत्रको संलग्नतामा वैकल्पिक उर्जाको विकास र विस्तार, विद्युत चोरी नियन्त्रण, सार्वजनिक स्थलमा सौर्य उर्जाको प्रयोग गरी विद्युतीकरण गरिएको खण्डमामा अपेक्षित उपलब्धि हासिल हुन्छ। उल्लिखित क्रियाकलाप सञ्चालन गर्न नसकिएमा उद्देश्य हासिल नहुने जोखिम रहन्छ।

## ५.४ सडक तथा यातायात

### ५.४.१ पृष्ठभूमि

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ। गाउँपालिकामा सडक तथा यातायातको अवस्थालाई हेर्दा स्थिति सन्तोषजनक रहेको छ। गाउँपालिकाको एकिकृत आवधिक योजनामा प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकाका ८ वटा वडाहरुमा कालोपत्रे सडक पुगेको अवस्था छ भने करिब

९५ प्रतिशत जनसंख्या सडक यातायातको पहुँचमा रहेको अवस्था छ । तथापी कच्ची सडकहरुको स्तरोन्नती भने आवश्यक रहेको छ। सडक मार्गबाट ओहोर दोहोर गर्ने यात्रुहरूलाई सुविधाको लागि विभिन्न स्थानहरूमा यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण गर्नु आवश्यक छ। सडक तथा यातायातको विकासले उत्पादकत्व वृद्धि गर्ने, स्वास्थ्य तथा शिक्षा सेवामा पहुँच पुऱ्याउने, रोजगारी श्रृजना गर्ने, गरिबी न्यूनीकरण गर्ने तथा आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउँछ।

### ५.४.२ समस्या तथा चुनौती

सडक पूर्वाधार सम्बन्धी एकीकृत गुरुयोजनाको अभाव हुनु, पर्यावरणमैत्री र बाह्रै महिना संचालन हुने गरी सडकको स्तरोन्नती गर्नु, पर्याप्त पुल नहुनु र भएका पुलहरूको स्तरोन्नति गर्नु, सडकहरूमा ढल तथा नाली व्यवस्थापन गर्नु, सामाजिक र आर्थिक विकासका पूर्वाधारबीच अन्तर आबद्धता कायम गर्नु लगायतका समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन्।

### ५.४.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| विकासको मेरुदण्ड सडक पूर्वाधार र यातायात |
| **लक्ष्य** |
| सडक यातायातको स्तरोन्नति गरी सबै टोल बस्तीमा आवागमनलाई सहज र सुविधामुलक बनाईनेछ। |
| **उद्देश्यहरू** |
| ✓ सडक यातायातको स्तरोन्नति गरी आवागमनमा सहजता ल्याउनुका साथै स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउने । |

### ५.४.४ रणनीति

- गाउँ तथा वडास्तरीय सडकहरूको गाउँस्तरीय सडक गुरुयोजनामा पर्ने सडकहरुको DPR गरी आयोजना बैंक तयार गरिनेछ।
- गाउँपालिकाभित्र सञ्चालित उद्योग, कलकारखाना वाट प्रभावित सडकको स्तरोन्नतीमा प्राथमिकता दिईनेछ।
- गाउँ तथा वडाबाट बजेट विनियोजन गर्दा सडक मापदण्ड पुगेको वा पुर्याउनका लागि बजेट विनियोजन गरिनेछ।
- गाउँपालिकाले नया ट्र्याक खोल्ने अभियानलाई सिमित गरी सडक स्तरोन्नती, नाला बनाउने, पोलिग ग्राभेलिङ, टेवा पर्खाल, कालोपत्रे, वायो इन्जिनियरिङ लगायतका कार्यलाई प्राथमिकता दिइनेछ।
- सडक तथा पुलको निर्माण तथा मर्मतसम्भारमा सामाजिक एवम् वातावरणीय पक्षको नकारात्मक असर न्यूनीकरणको लागि आवश्यक उपायहरूको अवलम्बन गरिनेछ।
- सडकको नयाँ ट्र्याक खोल्दा नाली तथा बायोइन्जिनियरिङको व्यवस्था मिलाईनेछ।
- गाउँपालिकाभित्र रहेका सडकलाई सुचीकृत गरिने नीति अवलम्बन गरिनेछ।

- गाउँपालिका र वडाले सडकमा छुट्याउने बजेटलाई सडकको स्तरोन्नतीलाई प्रमुख प्राथमिकता दिइनेछ।
- गाउँपालिका क्षेत्रभित्र आवश्यक पर्ने पक्की पुलहरुको सम्भाव्यता अध्ययन गरी प्रदेश र दातृ संस्थाहरुको सहयोगमा निर्माण गर्न पहल गरिनेछ।
- गाउँपालिकाभित्र रहेका सडकलाई सुचीकृत गरिने नीति अवलम्बन गरिनेछ।
- गाउँपालिका र वडाले सडकमा छुट्याउने बजेटलाई सडकको स्तरोन्नतिलाई प्रमुख प्राथमिकता दिइनेछ।
- सडक निर्माण गर्दा अनिर्वाय वायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरिनेछ।
- सडक, पुल, तथा अन्य सहायक सडकहरु निर्माण गर्दा विपद् उत्थानशिल विधि आत्मसाथ गर्ने नीति लागु गरिनेछ।
- पूर्वाधार निर्माणका काममा उपभोक्ता समितिवाट काम गर्दा कम्तीमा १० प्रतिशत रकम लागत सहभागिता अनिवार्य गरिनेछ।
- गाउँपालिकाभित्रका सडक मापदण्डभित्र परेका बाटोहरूको लगतकट्टा गर्ने अभियान संचालन गरिन्छ। लगतकट्टा गर्नको लागि वडा कार्यालयबाट आवश्यक सहजीकरण गरिनेछ।
- गाउँपालिकाभित्रका सडकहरुलाई १२ महिना नै संचालन हुने गरी ग्राभेलिङ गर्ने नीति अवलम्बन गरिनेछ।
- EIA/IEE तथा विपद जोखिम विश्लेषण गरी सडक निर्माणको कार्य गर्न बिशेष नीति अवलम्बन गरिनेछ।

## ५.४.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सडक तथा यातायात गुरुयोजना निर्माण | प्रणालीबद्ध सडक सञ्जालीकरण | ०८१/८२-०८१/८२ | १०००० | सडक तथा यातायात गुरुयोजना निर्माण भएको हुने |
| २ | निर्माणाधिन सडक निर्माण तथा संचालन | सडक निर्माण तथा संचालन | ०८१/८२-०८१/८२ | १५००० | निर्माणाधिन सडक निर्माण तथा संचालन भएको हुने |
| ३ | कृषि सडकहरूको विस्तार तथा स्तरोन्नती | कृषि सडकहरूको विस्तार र स्तरोन्नती | ०८१/८२-०८३/८४ | १३००० | कृषि सडकहरूको विस्तार तथा स्तरोन्नती भएको हुने |
| ४ | रणनीतिक सडकहरूको विस्तृत परियोजना प्रतिवेदन निर्माण | रणनीतिक सडक निर्माण | ०८२/८३ ०८२/८३ | २००० | रणनीतिक सडकहरूको विस्तृत परियोजना प्रतिवेदन निर्माण भएको हुने |

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५ | वडाकेन्द्रलाई गाउँपालिका केन्द्रसँग जोड्ने मुख्य सडकको स्तरोन्नती तथा कालोपत्रे | सबै वडामा सडक सञ्जालीकरण | ०८१/८२-०८३/८४ | २७००० | वडाकेन्द्रलाई गाउँपालिका केन्द्रसँग जोड्ने मुख्य सडकको स्तरोन्नती तथा कालोपत्रे भएको हुने |
| ६ | बसपार्क तथा बस टर्मिनल निर्माण | विभिन्न वडामा आवश्यकताको आधारमा बसपार्क तथा बस टर्मिनल निर्माण | ०८१/८२-०८३/८४ | ३००० | बसपार्क तथा बस टर्मिनल निर्माण भएको हुने |
| ७ | औद्योगिक, व्यवसायिक तथा कृषि क्षेत्र जोड्ने सडक निर्माण | गुणस्तरीय सडक पूर्वाधार | ०८१/८२-०८३/८४ | ४००० | औद्योगिक, व्यवसायिक तथा कृषि क्षेत्र जोड्ने सडक निर्माण भएको हुने |
| ८ | सार्वजनिक सवारीसाधनको संख्या र प्रकार, रुट र भाडादर निर्धारण | सुलभ, सहज र नियमित यातयात सेवाको उपलब्धता | ०८१/८२ ०८१/८२ | १०० | सार्वजनिक सवारीसाधनको संख्या र प्रकार, रुट र भाडादर निर्धारण भएको हुने |
| ९ | उच्च प्राथमिकता प्राप्त पुलहरूको सर्वेक्षण अध्ययन, डिपिआर | सम्भाव्यता प्राप्त आयोजनाको डिपिआर तयार | ०८१/८२-०८३/८४ | ३००० | उच्च प्राथमिकता प्राप्त पुलहरूको सर्वेक्षण अध्ययन, डिपिआर भएको हुने |
| १० | उच्च प्राथमिकता प्राप्त पुल निर्माणका लागि सङ्घीय र प्रदेश सरकारसँग समन्वय | पूर्वाधार निर्माणमा साझेदारी | ०८१/८२-०८३/८४ | ३०० | उच्च प्राथमिकता प्राप्त पुल निर्माणका लागि सङ्घीय र प्रदेश सरकारसँग समन्वय भएको हुने |
| ११ | सार्वजनिक शौचालय तथा प्रतिक्षालय निर्माण | सहरी पूर्वाधारको निर्माण | ०८१/८२-०८३/८४ | ३३०० | सार्वजनिक शौचालय तथा प्रतिक्षालय निर्माण भएको हुने |
| १२ | ट्राफिक युनिट स्थापना | यातायात व्यवस्थापन | ०८२/८३ ०८२/८३ | ५०० | ट्राफिक युनिट स्थापना भएको हुने |
| १३ | सडक मर्मत सम्भारमा Bio-engineering प्रविधि अवलम्बन | गुणस्तरीय सडक सेवा | ०८१/८२ ०८३/८४ | १००० | सडक मर्मत सम्भारमा Bio-engineering प्रविधि अवलम्बन भएको हुने |
| १४ | प्रत्येक वडाका सम्भाव्य स्थलमा हेली प्याड निर्माण | सम्भाव्यता र आवश्यकताका आधारमा वडाका विभिन्न स्थलमा हेलिप्याड निर्माण | ०८१/८२-०८३/८४ | ३००० | प्रत्येक वडाका सम्भाव्य स्थलमा हेली प्याड निर्माण भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १५ | विद्युतीय सवारी साधन खरिदमा सहुलियत | पर्यावरणमैत्री सवारीसाधन प्रयोगमा जोड | ०८१/८२-०८३/८४ | २००० | विद्युतीय सवारी साधन खरिदमा सहुलियत भएको हुने |

### ५.४.६ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका क्षेत्रका विशेषता र आवश्यकताका आधारमा सडक र हवाई पूर्वाधारको निर्माण हुने, सार्वजनिक स्थलमा विद्युत, शौचालय र प्रतिक्षालय निर्माण हुने, सडक पूर्वाधार निर्माणमा जस्तै मर्मत सम्भारका लागि पनि वार्षिक बजेट विनियोजन भएमा यातायातका पूर्वाधार निर्माण र प्रभावकारी सञ्चालनमा आउन सक्नेछन् । स्थानीयबासीको आवश्यकताका आधारमा रुटको निर्धारण, यातयात सञ्चालन, प्रभावकारी अनुगमन हुन नसकेमा यातायात क्षेत्रमा निर्धारित लक्ष्य हासिल नहुने जोखिम रहन्छ ।

## ५.५ आवास, भवन तथा वस्ती विकास

### ५.५.१ पृष्ठभूमी

मानव जीवनको आधारभूत आवश्यकताहरु मध्ये आवास पनि एक हो । नेपालको संविधानले पनि सुरक्षित तथा वातावारण मैत्री आवासको हकलाई प्रत्याभूति गरेको छ । गाउँपालिकाका अधिकांश घरहरू अर्धपक्की तथा कच्ची अवस्थामा रहनुले यस गाउँपालिकाका घरहरू भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका छन । यहाँ स्वास्थ्य चौकी भालुवाङ, इलाका प्रहरी कार्यालय, भालुवाङ, मौसम मापन केन्द्र, बधासोती खोला, ससस्त्र प्रहरी कार्यालय, भालुवाङ, वडा कार्यालय भवन मसुरिया, गाउँकार्यपालिका कार्यालय भवन, मसुरिया, वडा कार्यालय सिसहनिया, प्रहरी चौकी, सिसहनिया, प्रगन्न सिँचाइ भवन लगायतका सरकारी भवनहरु रहेका छन् ।

### ५.५.२ समस्या तथा चुनौती

भू-उपयोग योजना निर्माण र कार्यान्वयनमा आउन नसक्नु, भवन तथा सुरक्षित आवास निर्माणका लागि स्थानीयस्तरमा प्राविधिक र दक्ष जनशक्तिको अभाव रहनु, सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका निम्ति आवास निर्माणसम्बन्धी ठोस नीति आवश्यक रहेको, भवन निर्माण सम्बन्धी मौलिक संस्कृति र वास्तुकलाको लोप हुँदै जाने अवस्था रहेको, छरिएर रहेका बस्तीहरूलाई एकीकृत गर्न तथा आवास क्षेत्रमा वृद्धाश्रम, धर्मशाला, सामुदायिक भवन आदि निर्माण गर्न प्रशस्त मात्रामा बजेटको आवश्यकता लगायतका समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

### ५.५.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| व्यवस्थित भवन निर्माणमा सामाजिक चेतना |
| **लक्ष्य** |
| व्यवस्थित बस्ती भवन निर्माणमा समुदायको संलग्नतामा वृद्धि गरी दीगो बस्ती विकासको अवधारणा अगाडी बढाउने |

**उद्देश्यहरू**

✓ सार्वजनिक पूर्वाधार निर्माण व्यवस्थाको निर्माण गरी प्रभावकारी रुपमा लागु गर्नु

## ५.५.४ रणनीति

- गाउँपालिकाभित्रको प्रमुख बजारहरुमा स्वच्छ सफा, सुन्दर बजार विशेष कार्यक्रम ल्याइनेछ ।
- सबैका लागि सुरक्षित र सुलभ आवास लक्ष्य हासिल गर्न सुरक्षित र सुलभ आवास निर्माणलाई प्रोत्साहन गरिनेछ ।
- नेपाल सरकार, प्रदेश सरकार र दातृसंस्थाको सहयोगमा तीन वर्षभित्रमा स्वास्थ्य चौकीहरुको नयाँ निर्माण तथा पुनः निर्माण सवलीकरण तथा मर्मत सम्भार गरिनेछ ।
- एकीकृत बस्ती विकासलाई प्रोत्साहन दिने नीति लिईनेछ, सो स्थानमा सडक, खानेपानी, विद्युतको क्षेत्रमा प्राथमिकता दिई पूर्वाधार विकास गरिनेछ ।
- छरिएको बसोवासलाई व्यवस्थित गर्न पूर्वाधारसहितको नमुना एकीकृत बस्ती विकासको कार्य अगाडि बढाइनेछ ।
- सबैका लागि सुरक्षित र सुलभ आवास लक्ष्य हासिल गर्न सुरक्षित र सुलभ आवास निर्माणलाई प्रोत्साहन गरिनेछ ।
- सार्वजनिक र निजी भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिताको कार्यान्वयनमा जोड दिइनेछ ।
- सुरक्षित आवास एवं भवन निर्माणका लागि सिकर्मी तथा डकर्मी तालिमका साथै जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक, सड़क बालबालिका लगायत जोखिममा रहेका व्यक्तिहरूका लागि विशेष सामाजिक आवासको विकास गरिनेछ ।
- बस्ती तथा आवासलाई व्यवस्थित गर्न एकीकृत भू-उपयोग योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- स्थानीय प्रविधि र उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई प्राथमिकता दिई प्रचलित भवन डिजाइन र प्रविधिको लागि आवश्यक मापदण्डको विकास गरिनेछ ।
- समुदायको क्षमता अभिवृद्धि गरी भूकम्प लगायतका प्रकोपबाट हुने जीउधनको नोक्सानी तथा जोखिम न्यूनीकरण गर्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्रका सबै निजी तथा सार्वजनिक घरहरुको नम्बरिङ प्रणाली सुरु गरिनेछ ।
- नक्सापास र घर जग्गा अभिलेखीकरण प्रणालीलाइ व्यवस्थित गरि गाउँपालिकाभित्रका सबै निजी तथा सार्वजनिक भवन तथा सरचनालाई समेट्ने गरी नक्सापास सहजता कार्यक्रम संचालन गरिनेछ । नक्सापास प्रणालीलाई अझ बढी व्यवस्थित गर्नको लागि विद्युतीय नक्सापास प्रणालीमा जाँदा रेर्कड व्यवस्थित हुने सुशासन तथा पारदर्शिता कायम हुने सेवाग्राहीलाई छिटो छरितो सेवा प्रदान गर्न सरल हुने हुदा सोको लागि आवश्यक पूर्वाधार तयार गरिनेछ ।

- निर्माण हुने भौतिक संरचनाहरुलाइ लैङ्गिकमैत्री, बालमैत्री तथा अपागमैत्री निर्माण गरिनेछ।
- विभिन्न समुदायहरुमा अवस्थित सार्वजनिक सेवाका भवनहरुको जोखिम विश्लेषणका साथ क्षमता अभिवृद्धि गर्दै विपद व्यवस्थापन तथा पुर्वतयारीका लागि विकास गरिने नीति लिईनेछ।
- सुरक्षित भवन निर्माणका आचार संहिता तथा न्यूनतम मापदण्डहरु कार्यन्वयन गरिनेछ।
- प्रकोपको जोखिममा रहेका बस्ती, भौतिक संरचना आदिलाई हटाइने, या अन्यत्र स्थानान्तरण गरिनेछ।

## ५.५.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बस्ती विकास गुरुयोजना तयार | बस्ती व्यवस्थापन | ०८२/८३ ०८२/८३ | २००० | बस्ती विकास गुरुयोजना तयार भएको हुने |
| २ | विपदको जोखिममा रहेका बस्तीहरूको पहिचान र नक्सांकन | जोखिमयुक्त क्षेत्रको नक्साङ्कन | ०८२/८३-०८३/८४ | ५०० | विपदको जोखिममा रहेका बस्तीहरूको पहिचान र नक्सांकन भएको हुने |
| ३ | एकीकृत आवास निर्माणका लागि वडास्तरमा सम्भावित स्थान पहिचान | एकीकृत तथा दिगो आवास निर्माण | ०८१/८२ ०८१/८२ | १००० | एकीकृत आवास निर्माणका लागि वडास्तरमा सम्भावित स्थान पहिचान भएको हुने |
| ४ | स्थानीय तह, निजी क्षेत्र तथा लक्षित वर्गको सहकार्यमा एकीकृत बस्ती निर्माण | सहभागीतामुलक आवास निर्माण | ०८१/८२-०८३/८४ | ७००० | स्थानीय तह, निजी क्षेत्र तथा लक्षित वर्गको सहकार्यमा एकीकृत बस्ती निर्माण भएको हुने |
| ५ | सामूहिक, सार्वजनिक तथा सरकारी भवन निर्माण | सार्वजनिक सेवा प्रवाहमा सहजता | ०८१/८२-०८३/८४ | ८००० | सामूहिक, सार्वजनिक तथा सरकारी भवन निर्माण भएको हुने |
| ६ | भवन आचार संहिता तर्जुमा तथा लागु | सुरक्षित भवन निर्माण | ०८१/८२ ०८१/८२ | १००० | भवन आचार संहिता तर्जुमा तथा लागु भएको हुने |
| ७ | भवन निर्माण संहिता कार्यान्वयन गर्न जोखिम क्षेत्र पहिचान | सुरक्षित भवन निर्माण | ०८१/८२-०८३/८४ | ५०० | भवन निर्माण संहिता कार्यान्वयन गर्न जोखिम क्षेत्र पहिचान भएको हुने |
| ८ | आर्थिक रूपले पिछडिएका वर्गको लागि जनता आवास कार्यक्रम | लक्षित वर्ग आवास निर्माण | ०८१/८२-०८३/८४ | ३०० | आर्थिक रूपले पिछडिएका वर्गको लागि जनता आवास कार्यक्रम भएको हुने |
| ९ | आवश्यकताका आधारमा सरकारी भवन निर्माण | सबै प्रकारका सेवाग्राहीमैत्री | ०८१/८२-०८३/८४ | ५०० | आवश्यकताका आधारमा सरकारी भवन निर्माण भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | सरकारी भवन निर्माण | | | |
| १० | सुरक्षित आवास निर्माणका लागि क्षमता अभिवृद्धि सम्बन्धी तालिम | सीपयुक्त जनशक्तिको उपलब्धता | ०८१/८२-०८३/८४ | ५०० | सुरक्षित आवास निर्माणका लागि क्षमता अभिवृद्धि सम्बन्धी तालिम संचालन भएको हुने |
| ११ | अपाङ्ग मैत्री भवनहरु निर्माण | अपाङ्ग मैत्री | ०८१/८२-०८३/८४ | ४००० | अपाङ्ग मैत्री भवनहरु निर्माण भएको हुने |
| १२ | स्थानिय मौलिकताको जर्गेनाको लागि नीति निर्माण | मैलिकताको संरक्षण | ०८१/८२-०८१/८२ | २५०० | स्थानिय मौलिकताको जर्गेनाको लागि नीति निर्माण भएको हुने |

### ५.५.६ जोखिम पक्ष तथा अनुमान

अव्यवस्थित, असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका घरपरिवारलाई व्यवस्थित, सुविधा सम्पन्न, वातावरण मैत्री तथा सुरक्षित आवास सुनिश्चित गर्न दीर्घकालीन योजना निर्माण गर्न नसकिएमा संविधान प्रदत्त सुरक्षित आवासको हक तथा दिगो विकासको लक्ष्य कार्यान्वयन दुवै जोखिममा पर्ने सम्भावना रहन्छ ।

## ५.६ सूचना तथा सञ्चार

### ५.६.१ पृष्ठभूमी

एक्काईसौं शताब्दीको भूमण्डलीकृत समाज सूचना र सञ्चारको युगमा छ । नेपालको संविधानले सूचना तथा सञ्चारसम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । राष्ट्रिय जनगणना २०७८, को तथ्याङ्क अनुसार यस गाउँपालिकामा ७९.७ प्रतिशत घरपरिवारसँग साधारण मोवाइल फोन  तथा ८०.७ प्रतिशत घरधुरीमा स्मार्ट फोनको सुविधा रहेको पाउन सकिन्छ । यसैगरी  ५३.५  प्रतिशत घरधुरीमा टेलिभिजनको प्रयोग हुने गरेको छ भने यहाँका ४२.८  प्रतिशत घरधुरीमा रेडियोको सुविधा रहेको छ । यहाँ सूचना तथा संचारका कुनै पनि सुविधा नभएको घरपरिवार ३.१ प्रतिशत रहेका छन् ।  आर्थिक विकासका लागि सूचना तथा संचारको विकास अत्यावश्यक भएका कारण यस गाउँपालिकामा सूचना तथा सञ्चारको विकासका लागि विभिन्न कार्यक्रमहरु गर्नुपर्ने आवश्यकता छ ।

### ५.६.२ समस्या तथा चुनौती

गुणस्तरीय टेलिफोन र इन्टरनेट सेवामा सबै नागरिकको पहुँच वृद्धि गर्नु, साइबर सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, सञ्चारका विभिन्न माध्यमको समयसापेक्ष विस्तार, अनुगमन र नियमन गर्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा समेत विद्यमान रहेका छन् ।

### ५.६.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सूचना, संचार तथा प्रविधिको प्रभावकारी प्रयोग |

| लक्ष्य |
| --- |
| सूचना, संचार तथा प्रविधिको प्रयोगमार्फत स्थानीय उत्पादनलाई बजारसँग जोडिनेछ । |
| **उद्देश्यहरू** |
| ✓ सूचना तथा संचारमा गाउँपालिकावासीको पहुँच र उपयोगमा वृद्धि भई जीवनस्तरमा सुधार ल्याउनु |

## ५.६.४ रणनीति

- प्रविधिहरूको अधिकतम उपयोग गर्दै सूचना तथा सञ्चार सेवामार्फत सामाजिक, सांस्कृतिक विकास तथा आर्थिक समृद्धिमा टेवा पुर्याइनेछ ।
- पालिकाको सबै क्षेत्रमा ४ वर्ष भित्रमा तीव्र गतिको इन्टरनेट सेवाको विस्तारको लागि पहल तथा समन्वय गरिनेछ ।
- सूचना प्रवाहका लागि सामुदायिक पत्रकार समूह निर्माणको लागि पत्रकार महासंघसँग समन्वय गरी पहल गरिनेछ ।
- सबै वडा तथा विद्यालयलाई प्रविधिमैत्री बनाई व्यवस्थित बनाईनेछ ।
- गाउँपालिकाभित्रका विद्युतीय तथा छापा, पत्रपत्रिका संचार रेडियो, एफ. एम. तथा संचार जगतको क्षमता विकास तथा प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- बजार क्षेत्रमा स्थानीय समुदाय, संघ, संस्था, क्लबको लागत साझेदारीमा फ्रि वाईफाईको व्यवस्था गरी संचालन गरिनेछ। बजार क्षेत्रभित्र संवेदनशिल स्थानहरु पहिचान गरी स्थानीय प्रहरी प्रशासनसँग समन्वयमा क्यामेरा जडान गरी संचालनमा ल्याइनेछ ।
- गाउँपालिकाभित्रका विद्युतीय तथा छापा, पत्रपत्रिका संचार रेडियो, एफ. एम. तथा संचार जगतको क्षमता विकास तथा प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाका सबै वडामा सहज सूचना प्रवाह गर्न सार्वजनिक इन्टरनेट सेवा विस्तार गरिनेछ ।
- गाउँपालिकाको आपतकालिन संचालन केन्द्रमा सबै सूचना तथा तथ्यांक उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

## ५.६.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
| --- | --- | --- | --- | --- | --- |
| १ | नेपाल टेलिकम र एनसेलसँग समन्वय गरी आवश्यक स्थानमा टावरहरू निर्माण | दुरसञ्चार पूर्वाधार निर्माण | ०८१/८२ ०८२/८३ | ५०० | नेपाल टेलिकम र एनसेलसँग समन्वय गरी आवश्यक स्थानमा टावरहरू निर्माण भएको हुने |
| २ | निजी क्षेत्रसँगको सहकार्यमा आम सञ्चार पूर्वाधार निर्माण | सञ्चार क्षेत्रको विकासमा निजी क्षेत्रको योगदान | ०८१/८२-०८३/८४ | २००० | निजी क्षेत्रसँगको सहकार्यमा आम |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | सञ्चार पूर्वाधार निर्माण भएको हुने |
| ३ | स्थानीय स्तरमा सूचना तथा समाचार उत्पादन तथा प्रसारण | सुचनाको उत्पादन र खपत | साल बसाली | ३०० | स्थानीय स्तरमा सूचना तथा समाचार उत्पादन तथा प्रसारण भएको हुने |
| ४ | विद्युत प्राधिकरणसँग सहकार्य | दुरसञ्चार र विद्युत प्राधिकरणबीच सेवा प्रवाहमा सहकार्य | ०८१/८२-०८३/८४ | ५०० | विद्युत प्राधिकरणसँग सहकार्य भएको हुने |
| ५ | गाउँपालिकाको वेभसाइट अपडेट | सूचनामा सहज पहुँच | साल बसाली | २०० | गाउँपालिकाको वेभसाइट अपडेट भएको हुने |
| ६ | e-library स्थापना | ज्ञानको विस्तार | ०८१/८२ ०८१/८२ | १००० | e-library स्थापना भएको हुने |
| ७ | विद्युतीय सूचना पूर्वाधार निर्माण | विद्युतीय सूचनाको प्रयोगमा वृद्धि | ०८२/८३ ०८३/८४ | २०० | विद्युतीय सूचना पूर्वाधार निर्माण भएको हुने |
| ८ | कोछ्ट्टेमा NTC को टावर निर्माण | दुरसञ्चारमा सबैको सहज पहुँच | ०८१/८२-०८३/८४ | १५०० | कोछ्ट्टेमा NTC को टावर निर्माण भएको हुने |
| ९ | डिजटल र स्मार्ट गाउँपालिकाको अभियानलाई निरन्तरता | स्मार्ट गाउँपालिका निर्माण | ०८१/८२-०८३/८४ | ३५० | डिजटल र स्मार्ट गाउँपालिकाको अभियान निरन्तर भएको हुने |
| १० | सूचना प्रविधि तालिम सञ्चालन | प्रविधिमैत्री कर्मचारी प्रशासन र कार्यालय | ०८२/८३ ०८३/८४ | २०० | सूचना प्रविधि तालिम सञ्चालन भएको हुने |
| ११ | सञ्चारका साधन प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | सञ्चार माध्यम र साधनको दुरुपयोगबाट हुने सक्ने समस्या सम्बन्धी सचेतना | ०८१/८२-०८३/८४ | ५०० | सञ्चारका साधन प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |

### ५.६.६ जोखिम पक्ष तथा अनुमान

सूचना तथा सञ्चारका क्षेत्रमा भित्रिएका नवीनतम प्रविधिको प्रयोग गर्न सार्वजनिक र निजी सेवा प्रदायकबीच सहकार्य हुने, लक्षित वर्गमा सञ्चार सेवाको पहुँच विस्तार कार्यक्रम केन्द्रित हुने, गाउँपालिकाको वेभसाइट निरन्तर अद्यावधिक गरी सार्वजनिक सूचनामा पहुँच बढाउने, सञ्चारका माध्यमबाट प्रकाशन र प्रशारण हुने सामाग्रीको गुणस्तरीय विकासको लागि क्षमता अभिवृद्धि गर्ने जस्ता कार्य गरिएको खण्डमा अपेक्षित उपलब्धि हासिल हुने सम्भावना रहन्छ । आयोजना/कार्यक्रमलाई प्राथमिकिकरण तथा स्रोतसाधनको उचित विनियोजन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## नतिजा सूचकहरु

| क्र.सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **१.** | **खानेपानी तथा सरसफाई** | | | | |
| | असर | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार ( प्रतिशत) (प.दि.वि.ल. ६.१.१.१) | प्रतिशत | | |
| | असर | आधारभूत खानेपानी सेवामा पहुँच पुगेका जनसंख्या ( प.दि.वि.ल. ६.१.१.२) | प्रतिशत | | |
| | असर | प्रशोधित/सुरक्षित खानेपानीमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | | |
| | असर | उन्नत सुधारिएका सरसफाइसम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरु अरुसँग साझेदारी गर्नुपर्दैन (प.दि.वि.ल. ६.२.१.१) | प्रतिशत | | |
| | असर | आधारभूत शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात ( प.दि.वि.ल. ६.२.१.२) | प्रतिशत | | |
| | असर | ढल प्रणालीहरु/उपयुक्त (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार(प.दि.वि.ल. ६.२.१.३) | प्रतिशत | | |
| | प्रतिफल | उपभोक्ता समितिमार्फत सञ्चालन गरिएका खानेपानी आयोजना | संख्या | | |
| | प्रतिफल | संरक्षणमा समेटिएका खानेपानी मुहान | संख्या | | |
| | असर | आधुनिक र सुविधासम्पन्न शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | |
| | प्रतिफल | डस्टबिन प्रयोग गर्ने र फोहरलाई वर्गीकरण गर्ने घरपरिवार | संख्या | | |
| | प्रतिफल | सामुदायिक हिसाबले संगठित रुपमा नियमित गाउँघर तथा टोल सरसफाई कार्यक्रम संख्या (वार्षिक) | संख्या | | |
| **२.** | **सिँचाई** | | | | |
| | असर | खेतीयोग्य जमिनमध्ये सिंचाइ सुविधा पुगेको भूमि | प्रतिशत | | |
| | असर | खेतीयोग्य जमिनमध्ये १२ महिना सिंचाइ सुविधा पुगेको भूमि | प्रतिशत | | |
| | प्रतिफल | सिंचित क्षेत्रफल (हेक्टर) | हेक्टर | | |
| **३.** | **उर्जा** | | | | |
| | असर | विद्युतमा पहुँच भएका जनसंख्या(प.दि.वि.ल. ७.१.१) | प्रतिशत | | |
| | असर | वैकल्पिक तथा नविकरणीय उर्जा जस्तै सोलार प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | |
| | असर | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने घरपरिवार (प.दि.वि.ल. ७.१.२.१) | प्रतिशत | | |
| | असर | खाना पकाउन एलपी ग्याँस प्रयोग गर्ने घरपरिवार ( प.दि.वि.ल. ७.१.२.२) | | | |
| | असर | खाना पकाउन विद्युतीय चुलो प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | |

| क्र.सं. | नतिजा को तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | | खाना पकाउन बैकल्पिक ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | |
| | असर | विद्युतीय सामग्रीमा हिटर, पंखा, एयर कन्डिसनर, वासिङ मेसिन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | |
| ४. | **सडक तथा यातायात** | | | | |
| | असर | बाह्रै महिना सवारीसाधन सञ्चालनयोग्य सडकको २ कि.मि. दूरीभित्र बसोबास गर्ने घरपरिवार | प्रतिशत | | |
| | असर | घरबाट ३० मिनेटको पैदलयात्रामा सडकमा पहुँच भएका जनसंख्या | प्रतिशत | | |
| | असर | सडक घनत्व | कि.मि. | | |
| | प्रतिफल | गाँउपालिका केन्द्रबाट वडा केन्द्र जोड्ने कालोपत्रे सडकको लम्बाई | कि.मि | | |
| | प्रतिफल | गाँउपालिकाको सडकको जम्मा लम्बाई | कि.मि | | |
| | प्रतिफल | गाँउपालिकाको कालोपत्रे सडकको जम्मा लम्बाई | कि.मि | | |
| | प्रतिफल | कृषि सडकको लम्बाई | कि.मि | | |
| | प्रतिफल | सडकहरुमा व्यावस्थित नाला निर्माण | कि.मि | | |
| | प्रतिफल | पुल तथा कल्भर्ट निर्माण | संख्या | | |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये साइकल भएको घरधुरी संख्या | प्रतिशत | | |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये मोटरसाइकल भएको घरधुरी संख्या | प्रतिशत | | |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये कार, जिप, भ्यान भएको घरधुरी संख्या | प्रतिशत | | |
| ५. | **आवास, भवन तथा वस्ती विकास** | | | | |
| | असर | झुपडीमा बस्ने परिवार | प्रतिशत | | |
| | असर | खर/पराल/पातले छाएको घरमा बस्ने परिवार | प्रतिशत | | |
| | असर | बाढी, डुबान तथा भूकम्पबाट सुरक्षित र सुबिधायुक्त घरमा बस्ने परिवार | प्रतिशत | | |
| | असर | भूमिहीन तथा सुकुम्बासीको संख्या | प्रतिशत | | |
| | असर | एकीकृत आवासमा छुट्टाछुट्टै घरमा बस्ने परिवार | प्रतिशत | | |
| | असर | बहुतले आवास (अपार्टमेन्ट) मा बस्ने परिवार | प्रतिशत | | |
| ६. | **सूचना तथा सञ्चार** | | | | |
| | असर | टेलिफोन तथा मोबाइल सेवामा पहुँच पुगेको घरपरिवार | प्रतिशत | | |
| | असर | इन्टरनेट प्रयोगकर्ता घरपरिवारको संख्या | प्रतिशत | | |
| | असर | रेडियोको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | | |
| | असर | टेलिभिजनको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | | |

*स्रोतः राप्ती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय*

# परिच्छेद - ६: वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ वन तथा भू-संरक्षण

### ६.१.१ पृष्ठभूमी

राप्ती गाउँपालिकाको कूल क्षेत्रफल मध्ये ५१.४५ प्रतिशत भू-भाग वन जंगलले ओगटेको छ। यस गाउँपालिकामा सामुदायिक वन क्षेत्र तथा नीजि वनजंगलले प्रशस्त क्षेत्र ओगटेको हुनाले विभिन्न जनावर जस्तैः चित्तल, बँदेल, जरायो, हरिण, मृग, चितुवा, बाँदर, दुम्सी साथै चराचुरुङगी जस्तैः कोइली, मयुर, राजधनेश, मैना, कालिज, सुँगा, गिद्ध आदि पाइन्छ। वनस्पतिमा सिसौं, खयर, साल, सिमल, पारीजात तथा जडीबुटीमा गुर्जो, हर्रो, बर्रो, अमला आदि पाइन्छ। जलचर प्राणी माछा, पानीहाँस, गंगटा, भ्यागुता आदि रहेका छन् यो गाउँपालिका वन्यजन्तु तथा पशुपन्छी अनुसन्धानकर्ताहरुका लागि पनि आर्कषक थलोको रुपमा रहेको छ। गाउँपालिका भित्रि मधेस अन्तर्गत समथर क्षेत्र भएकाले अधिकांश क्षेत्रमा वर्षातको समयमा निरन्तर नदी कटान हुने र विभिन्न वडाहरु डुबानमा परी सडक अवरुद्ध हुनुका साथै धनजनको क्षति हुने हुनाले भू-संरक्षणका हिसाबले अति संवेदनशील क्षेत्रहरुमा वृक्षारोपण, बाँध निर्माण, तारजाली, तटबन्ध तथा परम्परागत बाढी नियन्त्रण र भू-संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ। साथै भू-संरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकतामा राख्नु आवश्यक छ।

### ६.१.२ समस्या तथा चुनौती

इन्धनको प्रमुख श्रोतका रुपमा वन पैदावरको प्रयोग अत्याधिक हुनु, वन पैदावर र जडीबुटी संकलन तथा प्रयोगलाई आर्थिक समृद्धिको रुपमा परिचालन गर्न नसक्नु, सामुदायिक वनको आयस्रोत एवं क्रियाकलापलाई पारदर्शी एवं जवाफदेही बनाउन नसक्नु, मानिस, वातावरण र जंगली जनावरबीच सन्तुलित सम्बन्ध बनाउन नसक्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन्।

### ६.१.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| प्राकृतिक स्रोत र साधनको परिचालन |
| **लक्ष्य** |
| समुदायको संलग्नतामा वृद्धि गरी दीगो वन, वातावरण एवं जैविक व्यवस्थापनको अवधारणालाई कार्यान्वयन गरिनेछ। |
| **उद्देश्यहरू** |
| ✓ समुदायको संलग्नतामा थप वृद्धि गर्दै दीगो वन व्यवस्थापन र जैविक विविधताको संरक्षण तथा रोजगारीमा वृद्धि गर्नु। |

## ६.१.४ रणनीति

१. वन क्षेत्रमा जथाभावी सडक खन्ने कार्यलाई निरुत्साहित गरिनेछ । योजनावद्ध रुपमा सडक तथा पूर्वाधार बनाउँदा क्षति भएका रुख विरुवाको अनुपातमा वृक्षारोपण गर्नुपर्ने गरी सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ ।

२. कृषि वनको अवधारणालाई विकास गर्दै वनजन्य, फलफुल र जडिबुटी नर्सरी निजीक्षेत्रसँगको साझेदारीमा स्थापना गरी विरुवा वितरणको व्यवस्था मिलाईनेछ ।

३. गाउँपालिका तथा वडा क्षेत्रमा वातावरण संरक्षणको लागि हरियाली प्रवर्द्धन तथा विस्तार कार्यक्रम संचालन गरिनेछ ।

४. नर्सरी स्थापना तथा विरुवा उत्पादनको कार्य स्थानीय समूह तथा किसानहरुको सहभागितामा संचालन गर्न प्रोत्साहन गरिनेछ ।

५. सामुदायिक वनहरुमा वैज्ञानिक वन व्यवस्थापन पद्धतिलाई अवलम्वन गरिनेछ ।

६. सामुदायिक वनको ब्यवस्थापनबाट प्राप्त काष्ठ गैरकाष्ठ वन पैदावारमा आधारित उद्यमको सहज प्रवर्द्धन र विकास गरिनेछ । काष्ठ प्रशोधन उद्योग, फर्निचर उद्योग स्थापना गरी रोजगारीको श्रृजना गरिनेछ ।

७. जनसहभागितामूलक कृषि वन ब्यवस्थापन पद्धतिलाई प्रोत्साहन गर्दै कार्यक्रम संचालन गर्न जोड दिइनेछ ।

८. वनजन्य उद्योग लगायत सीप विकास तालिममा स्थानीय सामुदायिक वन समूहका उपभोक्ताहरुलाई नै सहभागिता र परिचालन गर्ने नीति लिइनेछ। दीगो वन व्यवस्थापन गरी वनको समुचित सदुपयोग र सोबाट आर्थिक उपार्जन गरी समूहको जिविकोपार्जन सुधारमा लगानी गर्ने नीति लिइनेछ ।

९. गाउँपालिकाभित्रका सामुदायिक वनहरुको प्रोफाइल तयार गरिनेछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको प्रथम संसोधन अनुसार सामुदायिक वनहरुको कार्ययोजना स्वीकृत गर्ने र सामुदायिक वनले काठ विक्री गरी प्राप्त गरेको आयमा १० प्रतिशत गाउँपालिकाले पाउने ऐनमा भएको व्यवस्थालाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

१०. राप्ती नदी किनारमा बाँस, अम्रिसो र निगालो वृक्षारोपण गरिनेछ र सार्वजनिक जग्गाहरुमा फलफूल तथा वहुउपयोगी प्रजातीको वृक्षारोपण गरी हुर्काउने व्यवस्था मिलाइनेछ ।

११. वन व्यवस्थापन तथा सम्वर्द्धनमा क्षमता अभिवृद्धिको लागि उपभोक्ताहरुलाई अभ्यासमा आधारित प्राविधिक तालिम उपलब्ध गराइनेछ ।

१२. वन कटान, गोलिया गर्ने क्रियाकलापहरुमा प्रविधि तथा औजारहरुको प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१३. वन डँढेलो तथा वन अतिक्रमण नियन्त्रणका लागि वडा कार्यालयमार्फत स्थानीय संघसंस्था, जनप्रतिनिधि, प्रहरी लगायतसँग आवश्यक समन्वय तथा परिचालन गरी डँढेलो नियन्त्रण अभियान निरन्तर चलाइनेछ ।

## ६.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | संकटापन्न वनस्पति संरक्षण कार्यक्रम | हरित क्षेत्रको विस्तार | ०८१/८२ ०८२/८३ | ५०० | संकटापन्न वनस्पति संरक्षण कार्यक्रम संचालन भएको हुने |
| २ | फलफूल तथा अन्य विरुवा उत्पादन र अनुदानमा वितरण | फलफूल तथा अन्य विरुवा उत्पादनमा आत्मनिर्भर | ०८१/८२-०८३/८४ | २००० | फलफूल तथा अन्य विरुवा उत्पादन र अनुदानमा वितरण भएको हुने |
| ३ | स्थानीय वन ऐन निर्माण | वन तथा भू-संरक्षणका लागि आवश्यक कानूनको निर्माण | ०८१/८२ ०८१/८२ | २०० | स्थानीय वन ऐन निर्माण भएको हुने |
| ४ | कटान संवेदनशील क्षेत्रको नक्साङ्कन तथा विवरण संकलन | पहिरोग्रस्त क्षेत्रको नक्साङ्कन | ०८२/८३ ०८२/८३ | १०० | कटान संवेदनशील क्षेत्रको नक्साङ्कन तथा विवरण संकलन भएको हुने |
| ५ | दिगो वन व्यवस्थापन सम्बन्धी तालिम | दिगो वन व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र क्षमतामा वृद्धि | ०८१/८२-०८३/८४ | ५०० | दिगो वन व्यवस्थापन सम्बन्धी तालिम संचालन भएको हुने |
| ६ | Agro forestry का सम्बन्धमा विज्ञसँग परामर्श | वन व्यवस्थापन | ०८२/८३ ०८२/८३ | ३०० | Agro forestry का सम्बन्धमा विज्ञसँग परामर्श भएको हुने |
| ७ | वडास्तरिय नर्सरी स्थापना | विभिन्न प्रजातिका बोटविरुवाको उत्पादन र वितरण | ०८१/८२ ०८३/८४ | १५०० | वडास्तरिय नर्सरी स्थापना भएको हुने |
| ८ | हरित क्षेत्र सम्भाव्यता अध्ययन तथा नक्शाङ्कन | हरित क्षेत्र पहिचान | ०८१/८२ ०८२/८३ | ५०० | हरित क्षेत्र सम्भाव्यता अध्ययन तथा नक्शाङ्कन भएको हुने |
| ९ | भू-संरक्षण तथा कटान नियन्त्रण तालिम | वन संरक्षण | ०८१/८२ ०८३/८४ | ३०० | भू-संरक्षण तथा कटान नियन्त्रण तालिम संचालन भएको हुने |
| १० | एक वन एक नर्सरी कार्यक्रम | स्थानीय हावापानी अनुसारका बेर्नाको सहज उपलब्ध | ०८१/८२-०८३/८४ | १००० | एक वन एक नर्सरी कार्यक्रम संचालन भएको हुने |
| ११ | वन उपभोक्ता समितिलाई तालिम | उपभोक्ता समितिको सशक्त नेतृत्व | साल बसाली | ५०० | वन उपभोक्ता समितिलाई तालिम संचालन भएको हुने |
| १२ | हरित क्षेत्र तथा पार्क निर्माण | स्थानको उपलब्धता र आवश्यकताको आधारमा विभिन्न वडामा हरित क्षेत्र र पार्क निर्माण | ०८१/८२-०८३/८४ | १००० | हरित क्षेत्र तथा पार्क निर्माण भएको हुने |

| क.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १३ | वृक्षारोपण मार्फत पानीको मुहान संरक्षण | जलाधार र मुहान संरक्षण | साल बसाली | २५० | वृक्षारोपण मार्फत पानीको मुहान संरक्षण भएको हुने |
| १४ | बायो इञ्जिनियरिङ नमुना क्षेत्र अध्ययन भ्रमण | अनुभव आदान प्रदान | ०८२/८३ ०८२/८३ | ५०० | बायो इञ्जिनियरिङ नमुना क्षेत्र अध्ययन भ्रमण भएको हुने |
| १५ | "कटान पश्चात पुन: हरियो" कार्यक्रम संचालन | दिगो वन तथा भू-संरक्षण | ०८१/८२-०८३/८४ | ५०० | "कटान पश्चात पुन: हरियो" कार्यक्रम संचालन भएको हुने |
| १६ | चोरी निकासी नियन्त्रयण गर्न वन रक्षक तालिम तथा अभिमुखीकरण | वन रक्षक र सचेतना मार्फत चोरी निकासी नियन्त्रण | ०८१/८२-०८३/८४ | १०० | चोरी निकासी नियन्त्रयण गर्न वन रक्षक तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन भएको हुने |
| १७ | वातावरणिय हिसाबले जोखिमयुक्त र अति संवेदनशिल क्षेत्र घोषणा | जोखिमयुक्त र अति संवेदनशिल क्षेत्रको नक्साङ्कन | ०८२/८३ ०८२/८३ | ५०० | वातावरणिय हिसाबले जोखिमयुक्त र अति संवेदनशिल क्षेत्र घोषणा भएको हुने |
| १८ | कटान क्षेत्र विशेष हरित क्षेत्र प्रर्वद्धन कार्यक्रम | हरित क्षेत्र प्रर्वद्धन कार्यक्रम | ०८१/८२ ०८२/८३ | १०० | कटान क्षेत्र विशेष हरित क्षेत्र प्रर्वद्धन कार्यक्रम संचालन भएको हुने |
| १९ | संकटापन्न वन्यजन्तु, स्थलचर, जलचर संरक्षण कार्यक्रम | संकटापन्न वन्यजन्तु संरक्षण | साल बसाली | ४०० | संकटापन्न वन्यजन्तु, स्थलचर, जलचर संरक्षण कार्यक्रम संचालन भएको हुने |
| २० | चोरी शिकारी नियन्त्रण इकाई गठन | वन्यजन्तु संरक्षण | ०८३/८४ ०८३/८४ | ५०० | चोरी शिकारी नियन्त्रण इकाई गठन भएको हुने |

### ६.१.६ जोखिम पक्ष तथा अनुमान

निजी वन प्रवर्द्धनलाई प्रोत्साहन, हरित क्षेत्र विस्तारका लागि बोटविरुवाको बेर्ना वितरण, नदीजन्य कटान रोक्नका लागि तारजालीको व्यवस्थापन, बायो इजिनियरिङ्ग विधि अवलम्बन जस्ता कार्य गर्न सकिएको खण्डमा वन तथा भू-संरक्षण गर्न सकिन्छ । पर्यावरणीय सन्तुलनलाई ख्याल नगरी विकास निर्माणका कार्य गरिएमा प्राकृतिक सन्तुलन बिग्रन गई प्राकृतिक विपद् आउने जोखिम रहन्छ ।

## ६.२ जलाधार व्यवस्थापन

### ६.२.१ पृष्ठभूमी

नेपाल जलस्रोतको धनी राष्ट्रका रुपमा संसारमा परिचित छ । यस गाउँपालिका पनि जलस्रोत तथा जलाधार क्षेत्रमा सम्पन्न छ । गाउँपालिकामा पहिचान गरिएका राप्ती नदी स्थानीय खोलाहरूका आधारमा जलाधार क्षेत्रहरूमा उचित जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरी भू-क्षय, बाढी, पहिरो जस्ता समस्याहरूको

समाधान गर्नुका साथै जलाधार क्षेत्रको जग्गाको उत्पादकत्व संरक्षण तथा भौतिक पूर्वाधारहरूको संरक्षण र वातावरणीय सेवामा सुधार ल्याउनु पर्ने आवश्यकता रहेको छ ।

## ६.२.२ समस्या तथा चुनौती

जलाधार क्षेत्र संरक्षण, वैज्ञानिक जलाधार व्यवस्थापन, पिउने पानी, कृषि र अन्य प्रयोजनको जलश्रोतको बहुउपयोगको व्यवस्थापन, वैज्ञानिक जलाधार व्यवस्थापन कार्यक्रम लागू, मानवीय चेतना वृद्धि लगायतका कार्यमा दीर्घकालीन सोच र लगानी लगायतका समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

## ६.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| बाढी पहिरोको जोखिमबाट भूमिको संरक्षण |
| **लक्ष्य** |
| भूमिको दीगो व्यवस्थापनका लागि व्यवस्थित भू संरक्षण तथा जलाधार व्यवस्थापन गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ भू-संरक्षण तथा जलाधार व्यवस्थापनमार्फत भूक्षयको न्यूनीकरण, जलाधारको व्यवस्थापन तथा पानीका श्रोतहरुको संरक्षण गर्ने । |

## ६.२.४ रणनीति

- सिमसार तथा पानीको मुहान संरक्षणको लागि बोटविरुवाको संरक्षण, बृक्षारोपण र यसको व्यवस्थापन कार्यसंचालन गरिनेछ ।
- भौतिक पूर्वाधार विकास कार्य गर्दा भू-क्षय तथा प्रकोप न्यूनीकरण गर्न सम्वन्धित आयोजनामा न्यूनीकरणका योजना तथा कार्यक्रम समावेश गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- पहिरो नियन्त्रण कार्य गर्दा Bio engineering पद्धति अनुसार गरिनेछ ।
- ग्रामिण तथा कृषि सडक निर्माण गर्दा Bio engineering पद्धतिबाट कार्य संचालन गर्ने गरी स्थानीय आवश्यकता र भू-क्षयको प्रकोपलाई न्यूनीकरण गर्ने गरी कार्य सञ्चालन गरिनेछ ।
- वातावरणमा असर पार्ने उद्योग स्थापना गर्दा स्थानीय तहको सहमति लिइने र EIA/IEE गरी वातावरणीय प्रभाव न्यूनीकरणका कार्यहरु संचालन गर्नुपर्ने नीति अवलम्वन गरिनेछ ।

## ६.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जलस्रोत तथा जलाधार क्षेत्रको विस्तृत विवरण तयार | जलस्रोत तथा जलाधार क्षेत्रको अद्यावधिक तथ्याङ्क उपलब्ध | ०८१/८२ ०८१/८२ | ५०० | जलस्रोत तथा जलाधार क्षेत्रको विस्तृत विवरण तयार भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | स्थानीय जलाधार क्षेत्र संरक्षण नियमावली तयार | कानूनको तर्जुमा | ०८३/८४-०८३/८४ | १०० | स्थानीय जलाधार क्षेत्र संरक्षण नियमावली तयार भएको हुने |
| ३ | विशेष जलाधार क्षेत्र संरक्षण कार्यक्रम | जलाधार क्षेत्र संरक्षण | ०८१/८२ ०८३/८४ | १००० | विशेष जलाधार क्षेत्र संरक्षण कार्यक्रम संचालन भएको हुने |
| ४ | पोखरीहरू निर्माण तथा पुनर्उत्थान कार्यक्रम | गाउँपालिकाको सौन्दर्य वृद्धि र बहुउपयोग | साल बसाली | १५०० | पोखरीहरू निर्माण तथा पुनर्उत्थान कार्यक्रम संचालन भएको हुने |
| ५ | वृक्षारोपण कार्यक्रम | वनजंगल संरक्षण र व्यवस्थापन | साल बसाली | २५०० | वृक्षारोपण कार्यक्रम संचालन भएको हुने |
| ६ | निजी क्षेत्रको संलग्नतामा जलाधार क्षेत्र उपयोग गरी आर्थिक दिगो पर्यटन, कृषि र उद्योग क्षेत्रका कार्यक्रम संचालन गर्न अन्तरक्रिया | जलाधार क्षेत्रको बहुपयोग | ०८२/८३ ०८३/८४ | १०० | निजी क्षेत्रको संलग्नतामा जलाधार क्षेत्र उपयोग गरी आर्थिक दिगो पर्यटन, कृषि र उद्योग क्षेत्रका कार्यक्रम संचालन गर्न अन्तरक्रिया भएको हुने |
| ७ | जनचेतनामूलक कार्यक्रम सञ्चालन | बहुसरोकारवाला निकाय र व्यक्ति सचेत | साल बसाली | २०० | जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |

### ६.२.६ जोखिम पक्ष तथा अनुमान

जलाधार क्षेत्रको नक्सांकन र संरक्षण, खाली तथा प्रयोगहीन जमिनमा बृक्षारोपण, प्राकृतिक पोखरीको संरक्षण र कृत्रिम पोखरीको निर्माण, जलाधार क्षेत्रको संरक्षण र बहुउपयोग सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकेमा जलाधार क्षेत्रको संरक्षण हुन जान्छ । जलाधार क्षेत्रको अतिक्रमण, अव्यवस्थित फोहोरमैला र सचेतनाको अभावमा जलाधार क्षेत्र विनाश हुँदै जाने जोखिम रहन्छ ।

## ६.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

### ६.३.१ पृष्ठभूमी

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ । नेपालमा वर्षेनी प्राकृतिक प्रकोपका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । नेपालमा वि.सं. २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ । यस गाउँपालिका पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ । यस गाउँपालिकामा विशेषगरी बाढी, पहिरो, नदी कटान, हावाहुरी, असिना, चट्याङ, अनावृष्टि, सुख्खा खडेरी, डढैंलो जस्ता प्राकृतिक प्रकोपहरु देखापर्दै आइरहेका छन् । यस्ता यस्ता प्रकोपहरु

सामान्यतया पूर्ण नियन्त्रण गर्न नसकेपनि प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । यसका लागि गाउँपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागु गर्नु आवश्यक हुन्छ ।

### ६.३.२ समस्या तथा चुनौती

जलवायु परिवर्तनजन्य प्राकृतिक प्रकोप न्युनीकरण, नदी कटान र भू-क्षय नियन्त्रण, व्यवस्थित र प्रणालीबद्ध मानव बस्ती विकास, विषादीजन्य र किटनाशक औषधिको प्रयोग सम्बन्धी सचेतना वृद्धि, प्राविधिक अध्ययन विना जथाभावी विकास संरचना निर्माण गर्नु, विकास निमार्ण कार्यलाई पर्यावरणमैत्री बनाई दिगो विकास लक्ष्य प्राप्तिमा सहजीकरण लगायतका समस्या र चुनौतीको विद्यमानता यस गाउँपालिकामा रहेको छ ।

### ६.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| समुदायको संलग्नतामा विपदको व्यवस्थापन |
| **लक्ष्य** |
| विपद् जोखिम न्यूनीकरणलाई समुदायको संलग्नता र गाउँपालिकाको प्रमुख मुद्दामा पारी धनजनको क्षति हुनबाट बचाउने । |
| **उद्देश्यहरू** |
| ✓ विपद् जोखिममा न्यूनीकरण गर्ने । |

### ६.३.४ रणनीति

- गाउँपालिकास्तरीय विपद् व्यवस्थापनसँग सम्बन्धित नियमावली तथा विपद् कोषसञ्चालन कार्यविधि लगायतको नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ ।
- विपद् व्यवस्थापनको लागि सम्बन्धित सरोकारवालाहरुबीच नियमित समन्वय गरी परिचालन गरिनेछ ।
- प्राकृतिक विपद तथा महामारी जन्य अवस्थामा गाउँपालिका बासीहरुको तत्काल खोज, उद्धार तथा स्वास्थ्य उपचारको लागि आपतकालीन उद्धार स्वास्थ्य टोली गठन गरी परिचालन गरिनेछ ।
- विभिन्न संघ संस्थाहरुसंग समन्वयमा वडा तथा गाउँस्तरमा तयार भएका विपद् व्यवस्थापन योजनाको कार्यान्वयन गरिनेछ ।
- वारुणयन्त्र तयारी अवस्थामा राखी यसको सेवालाई भरपर्दो बनाइने छ, साथै यसको लागि जनशक्ति थप गरी क्षमता वृद्धि गरिनेछ ।
- वडा तथा गाउँपालिकास्तरमा विपद् व्यवस्थापनप्रति कार्ययोजना बनाइनेछ । सोको कार्यान्वयनको लागि सम्बन्धित सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्यसंचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- वन क्षेत्रमा जथाभावी सडक खन्ने कार्यलाई निरुत्साहित गरिनेछ । योजनाबद्ध रुपमा सडक तथा पूर्वाधार बनाउँदा क्षति भएका रुख विरुवाको अनुपातमा वृक्षारोपण गर्नुपर्ने गरी सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ ।

➢ सम्भावित विपद् व्यवस्थापनका लागि खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण गरी आवश्यकता अनुसार परिचालन गरिनेछ । गाउँ तथा वडास्तरीय विपद व्यवस्थापन समितिलाई परिचालन गरिनेछ ।

➢ वन डढेलो तथा वन अतिक्रमण नियन्त्रणका लागि जिल्ला वन कार्यालय, जिल्ला प्रशासन कार्यालय, नेपाल आर्मी, जिल्ला प्रहरी, स्थानीय संघ, संस्था, जनप्रतिनिधि, प्रहरी लगायतसँग आवश्यक समन्वय तथा परिचालन गरी ढढेलो नियन्त्रण अभियानलाई निरन्तर चलाइनेछ ।

## ६.३.५ कार्यक्रमको विस्तृत विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन | नक्साङ्कनको आधारमा सुरक्षित बस्तीको विकास | ०८२/८३ ०८२/८३ | ५०० | उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन भएको हुने |
| २ | विपद् पूर्वानुमान तथा चेतावनी सुचना प्रणालीको प्रभावकारी सञ्चालन | प्रविधिको प्रयोगबाट विपद्बाट हुने क्षति न्युनीकरण | ०८२/८३ ०८२/८३ | ३०० | विपद् पूर्वानुमान तथा चेतावनी सुचना प्रणालीको प्रभावकारी सञ्चालन भएको हुने |
| ३ | विपद् सम्बन्धी पूर्व सूचना सम्प्रेषण | समयमा सूचना संप्रेषण हुने | ०८१/८२ ०८३/८४ | २०० | विपद् सम्बन्धी पूर्व सूचना सम्प्रेषण भएको हुने |
| ४ | बीमा योजनामा अनुदान | अनुदान | ०८१/८२- ०८३/८४ | १००० | बीमा योजनामा अनुदान प्रदान भएको हुने |
| ५ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण | पूर्वतयारी | ०८३/८४ ०८३/८४ | ३०० | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण भएको हुने |
| ६ | वडा स्तरीय विपद् व्यवस्थापन संयन्त्र निर्माण | संयन्त्र निर्माण | ०८१/८२ ०८१/८२ | २५० | वडा स्तरीय विपद् व्यवस्थापन संयन्त्र निर्माण भएको हुने |
| ७ | खुल्ला स्थान तय गरी पूर्वाधार निर्माण | खुल्ला स्थानको व्यवस्था | ०८१/८२ ०८३/८४ | ३५०० | खुल्ला स्थान तय गरी पूर्वाधार निर्माण भएको हुने |
| ८ | संक्रामक रोग तथा महामारी प्रतिकार्य टोली गठन | संक्रामणजन्य रोग व्यवस्थापन | ०८१/८२ ०८१/८२ | १८०० | संक्रामक रोग तथा महामारी प्रतिकार्य टोली गठन भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ९ | विपद् प्रतिकार्य स्वयंसेवक समूहलाई तालिम | विपद् प्रतिकार्य स्वयंसेवक समूह गठन | साल बसाली | २०० | विपद् प्रतिकार्य स्वयंसेवक समूहलाई तालिम प्रदान गरिएको हुने |
| १० | विपद् उद्धार सामाग्री खरिद | सामाग्रीको उपलब्धता | ०८१/८२ ०८३/८४ | ५०० | विपद् उद्धार सामाग्री खरिद भएको हुने |
| ११ | माहामारीका लागि आइसोलेसन केन्द्र निर्माण | आइसोलेसन केन्द्र निर्माण | ०८१/८२-०८३/८४ | ५००० | माहामारीका लागि आइसोलेसन केन्द्र निर्माण भएको हुने |
| १२ | विपद् व्यवस्थापन गर्ने संस्थाहरुसँग प्रभावकारी समन्वय र सहकार्य | समन्वयात्मक र सहकार्यात्मक विपद् व्यवस्थापन | साल बसाली | २०० | विपद् व्यवस्थापन गर्ने संस्थाहरुसँग प्रभावकारी समन्वय र सहकार्य भएको हुने |
| १३ | जलवायू अनुकूलनका हिसाबले स्मार्ट भिलेज सम्भाव्यता अध्ययन | स्मार्ट भिलेज निर्माण | ०८१/८२ ०८१/८२ | १०० | जलवायू अनुकूलनका हिसाबले स्मार्ट भिलेज सम्भाव्यता अध्ययन भएको हुने |
| १४ | तालिम, अर्न्तक्रिया तथा सचेतना कार्यक्रम सञ्चालन | विपद् प्रतिकार्य र रोकथाम सम्बन्धी सचेतना अभिवृद्धि | साल बसाली | ३०० | तालिम, अर्न्तक्रिया तथा सचेतना कार्यक्रम सञ्चालन भएको हुने |

### ६.३.६ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका क्षेत्रमा प्रत्येक वर्ष देखापर्ने प्राकृतिक जोखिम न्युनीकरणका लागि जोखिमयुक्त क्षेत्रको नक्सांकन हुने, जोखिमयुक्त स्थानबाट सुरक्षित स्थानमा बस्ती स्थानान्तरण हुने, जलवायु परिवर्तनबाट सिर्जना हुने समस्या र अनुकुलनताका उपाय अवलम्बन हुने, संक्रमण र महामारीजन्य रोगको बारेमा गाउँपालिका भौतिक र वित्तीय रुपमा सबल अवस्थामा हुने तथा तीनै तहका सरकारबाट सञ्चालित कार्यक्रमबीच समन्वयात्मक सम्बन्ध बनाउन सकेमा विपद्जन्य समस्या र जलवायु परिवर्तन अनुकुल बालीनाली लगाउन सकिन्छ। विपद्को पूर्व सूचना प्रणालीको स्थापना, पूर्व तयारीका कार्यक्रम, राहत, उद्धार तथा पुनर्स्थापना कोष जस्ता आधारभूत कार्यक्रम सञ्चालन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुन्छ।

## ६.४ वातावरण संरक्षण

### ६.४.१ पृष्ठभूमी

हाम्रो वरपर रहेका प्राकृतिक अवयवहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पति, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सृजना गरेका भौतिक

अवस्थालाई वातावरण भनिन्छ। वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो। यसमा समग्रमा जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ। वातावरण प्रदुषणले मानिसमा विभिन्न किसिमका रोगहरु निम्त्याउँछ। नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने छ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ। तसर्थ यस गाउँपालिकामा समग्र वातावरण संरक्षण गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक छ।

## ६.४.२ समस्या तथा चुनौती

वातावरण र विकास बीच सन्तुलन कायम गर्नु, पर्यावरणमैत्री कृषि प्रणालीको अवलम्बन, प्रदुषकले क्षति व्यहोर्ने पद्धतिको कार्यान्वयन गराउनु, सामाजिक उत्तरदायित्व अन्तर्गत गाँउपालिका क्षेत्रभित्रका उद्योग, कलकारखानालाई सामाजिक पुनःउत्थानका कार्यक्रममा उत्प्रेरित गर्नुपर्ने जस्ता समस्या र चुनौती वातावरण संरक्षणका क्षेत्रमा यस गाउँपालिकामा समेत रहेका छन्।

## ६.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| **दीर्घकालीन सोच** |
|---|
| पूर्ण सरसफाइ र वातावरण मैत्री राप्ती गाउँपालिका |
| **लक्ष्य** |
| फोहोरमैला व्यवस्थापनमा समुदायको संलग्नता वृद्धि गरी दीगो वाताबरण विकास गर्ने। |
| **उद्देश्यहरू** |
| ✓ फोहोरमैलाको प्रभावकारी व्यवस्थापन गरी स्वच्छ वातावरणको निर्माण गर्नु। |

## ६.४.४ रणनीति

- वातावरण संरक्षण तथा फोहोर व्यवस्थापन गर्ने, ध्वनि तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीय अभिमुखीकरण कार्यक्रमहरु संचालन गरी सचेतना विकास गरिनेछ।
- वातावरण संरक्षण तथा फोहोर मैला व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड बनाई कार्यान्वयन र अनुगमन तथा नियमन गरिनेछ।
- वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गरिनेछ।
- सामुदायिक संस्थाहरुसँग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा पुनः प्रयोग जस्ता विधिहरु अवलम्वन गरी फोहोरमैलाको व्यवस्थापन तथा श्रोतमै न्यूनीकरण गरिनेछ।
- निजीक्षेत्रसँगको सहकार्यमा बस्ती स्तरमा नै फोहोरमैला संकलन, प्रशोधन केन्द्र तथा बस्ती स्तरमा नै व्यवस्थित र सुरक्षित बनाइनेछ।
- वातावरण संरक्षण तथा फोहोर व्यवस्थापन गर्ने, ध्वनि तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीय अभिमुखीकरण कार्यक्रमहरु संचालन गरी सचेतना बिकास गरिनेछ।

- वातावरण सरसफाइ समूह समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छता कायम राखिनेछ । यसका लागि आवश्यकता अनुसार क्षमता अभिवृद्धि गरिनेछ ।
- दलित, अति विपन्न समुदायको घरघरमा चर्पीको व्यवस्था गरी खुल्ला क्षेत्रमा हुने शौचलाई न्यूनीकरण र सुधारिएको चुलो निर्माणमा सहयोग उपलब्ध गराउदै वातावरण संरक्षण गरिनेछ ।

## ६.४.५ कार्यक्रमको विस्तृत विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्लाष्टिक तथा टायर, ट्यूब जलाउन निषेध अभियान | पर्यावरण संरक्षण | ०८१/८२ ०८३/८४ | १५० | प्लाष्टिक तथा टायर, ट्यूब जलाउन निषेध अभियान संचालन भएको हुने |
| २ | मरेका चौपायाहरू व्यवस्थापन गर्ने स्थान निर्माण | फोहोरमैला व्यवस्थापन | ०८२/८३ ०८२/८३ | १००० | मरेका चौपायाहरू व्यवस्थापन गर्ने स्थान निर्माण भएको हुने |
| ३ | वैकल्पिक उर्जा प्रवर्द्धन गर्न अनुदान | परम्परागत उर्जाको प्रयोगलाई क्रमिक निरुत्साहन | ०८१/८२ ०८३/८४ | ३००० | वैकल्पिक उर्जा प्रवर्द्धन गर्न अनुदान प्रदान गरिएको हुने |
| ४ | ठूला उद्योग सञ्चालन मापदण्ड तयार | कानूनको निर्माण | ०८२/८३ ०८२/८३ | १०० | ठूला उद्योग सञ्चालन मापदण्ड तयार भएको हुने |
| ५ | भूसंरक्षण योजना कार्यान्वयन | भूसंरक्षण | ०८२/८३ ०८२/८३ | ३०० | भूसंरक्षण योजना कार्यान्वयन भएको हुने |
| ६ | एकीकृत संरक्षण योजना निर्माण | पर्यावरणीय, सामाजिक, सांस्कृतिक धरोहरको संरक्षण | ०८२/८३ ०८२/८३ | ३०० | एकीकृत संरक्षण योजना निर्माण भएको हुने |
| ७ | एक वडा एक हरित पार्कहरूको निर्माण | हरियाली प्रवर्द्धन | ०८१/८२- ०८३/८४ | ७००० | एक वडा एक हरित पार्कहरूको निर्माण भएको हुने |

## ६.४.६ जोखिम पक्ष तथा अनुमान

भूउपयोग नीति अनुसार उद्योगको स्थापना, पर्यावरणमैत्री बालीनाली उत्पादन, भौतिक निर्माण सम्बन्धी विकासका कार्य सञ्चालन गर्दा दीर्घकालीन वातावरणीय प्रभावको अध्ययन, औद्योगिक, अस्पतालजन्य, मानवजन्य फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन तथा मृत जनावारको उचित व्यवस्थापन भएमा वातावरण संरक्षण हुनसक्छ । वातावरण संरक्षण सम्बन्धी जनचेतनाको कमी, नदीजन्य तथा खानीजन्य पदार्थको अधिक

दोहन, दीर्घकालीन असरको अध्ययन नगरी सञ्चालन गरिने विकास निर्माणका कार्यले पृथ्वीबाट मानव लगायत अन्य प्राणीको पनि लोप हुने जोखिम आउन सक्छ ।

## नतिजा सूचकहरू

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **वन तथा भू-संरक्षण** | | | | |
| | असर | वनले ओगटेको कुल क्षेत्र (प्रतिशत) (प.दि.वि.ल. १५.१.१) | प्रतिशत | | |
| | असर | सामुदायिक वनले ओगटेको क्षेत्र (प्रतिशत) (प.दि.वि.ल. १५.१.१.१) | प्रतिशत | | |
| | प्रतिफल | वृक्षारोपण गरिएको क्षेत्र (प.दि.वि.ल. १५.२.१.२) | हेक्टर | | |
| | प्रतिफल | वनस्पति उद्यान | संख्या | | |
| | असर | वैज्ञानिक व्यवस्थापन प्रणाली लागु वनको क्षेत्र | प्रतिशत | | |
| | असर | जडीबुटी तथा फलफूल खेतीले ओगटेको सामुदायिक वनको क्षेत्र | प्रतिशत | | |
| | असर | मिचाहा प्रजातिका बिरुवाहरुले ओगटेको वनको क्षेत्र ( प्रतिशत) | प्रतिशत | | |
| | असर | संकटापन्न अवस्थामा रहेका औषधिको रुपमा प्रयोग हुने वनस्पतिहरु | प्रतिशत | | |
| | असर | अनुत्पादक झाडी, बुट्यान क्षेत्र मध्ये उत्पादनशील वनमा परिणत भएको क्षेत्र | | | |
| | असर | संकटापन्न घोषणा भएका वनस्पतिको संख्या | प्रतिशत | | |
| | असर | संकटापन्न घोषणा भएका वन्यजन्तुको संख्या | प्रतिशत | | |
| | प्रतिफल | सामुदायिक वनभित्र निर्मित पोखरी संख्या | संख्या | | |
| | असर | बायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरी भू-संरक्षण गरिएका स्थानहरूको संख्या | प्रतिशत | | |
| २. | **जलाधार व्यवस्थापन** | | | | |
| | असर | ताल, सिमसार र तलाउ/पोखरीहरुको संख्या (प.दि.वि.ल. १५.१.२.२) | प्रतिशत | | |
| | असर | संकटासन्न तालहरु/पोखरीहरु (प.दि.वि.ल. १५.४.१.१) | प्रतिशत | | |
| | प्रतिफल | संरक्षित सिमसार क्षेत्र | संख्या | | |
| | प्रतिफल | वर्षातको पानी संकलन गर्न निर्माण गरिएका नमुना पोखरी संख्या | संख्या | | |
| | प्रतिफल | परम्परागत जैविक विधि अपनाई संरक्षण गरिएका पानीको मुहानहरुको संख्या | संख्या | | |
| | प्रतिफल | संकटमा परी पुनरुत्थान गरिएका पानीका मुहानको संख्या | संख्या | | |
| | प्रतिफल | वनजंगल भित्र रहेका पोखरीहरुको संख्या | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका नदीहरूको संख्या | संख्या | | |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका पानीका मुहानहरुको संख्या | संख्या | | |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका सिमसार क्षेत्रको संख्या | संख्या | | |
| | असर | नयाँ निर्माण गरिएका पोखरी, ताल वा अन्य जलक्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | | |
| ३. | **विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन** | | | | |
| | प्रतिफल | विपद्को कारण ज्यान गुमाउनेको संख्या (प.दि.वि.ल. ११.५.१.१) | संख्या | | |
| | प्रतिफल | विपद्को कारण घाइते हुनेको संख्या (प.दि.वि.ल. ११.५.१.२) | संख्या | | |
| | असर | विपद्बाट प्रभावित घरपरिवार | प्रतिशत | | |
| | प्रतिफल | विपद्को बेला भेला हुने स्थानको संख्या | संख्या | | |
| | प्रतिफल | दमकल संख्या | संख्या | | |
| | प्रतिफल | एक्सकाभेटर संख्या | संख्या | | |
| | प्रतिफल | विपद् पूर्वसंकेत दिन जडित उपकरणहरूको संख्या | संख्या | | |
| | असर | भूकम्प प्रतिरोधी घरको प्रतिशत | | | |
| | प्रतिफल | जलवायु परिवर्तन अनुकूलन योजना अन्तर्गत समुदायस्तरमा कार्यान्वयन भएका कार्यक्रमहरूको संख्या ( प.दि.वि.ल. १३.२.१) | संख्या | | |
| | प्रतिफल | जलवायु अनुकूलनका वनस्पति तथा बालीनालीको संख्या | संख्या | | |
| | असर | जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गरेका विद्यालयहरूको संख्या (प.दि.वि.ल. १३.३.१.१) | प्रतिशत | | |
| | प्रतिफल | जलवायुका असरलाई कम गर्ने कार्यमा तालिम प्राप्त व्यक्तिहरूको संख्या | संख्या | | |
| ४. | **वातावरण संरक्षण** | | | | |
| | प्रतिफल | नव हरित क्षेत्रको संख्या | संख्या | | |
| | प्रतिफल | वातावरणीय संवेदनशील क्षेत्रहरूको संख्या | संख्या | | |
| | प्रतिफल | सडक सौन्दर्यीकरण | कि.मि. | | |

*स्रोत: राप्ती गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालय*

# परिच्छेद - ७: संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

## ७.१ सुशासन तथा सेवा प्रवाह

### ७.१.१ पृष्ठभूमि

वास्तविक रूपमा असल शासनको स्थापना गर्न सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता हुन जरुरी रहन्छ । राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, शासन शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन् । यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा सङ्घीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुऱ्याउन सकिन्छ। गाउँपालिकाले कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई चुस्त, व्यवस्थित तथा पारदर्शी बनाउनु आवश्यक छ ।

### ७.१.२ समस्या तथा चुनौती

प्रशासनिक र वित्तीय उत्तरदायित्व प्रवर्द्धन गर्नु, निर्वाचित र मनोनित पदाधिकारी तथा कर्मचारीको आचरण र अनुशासन कायम गर्नु, सेवा प्रवाह सरल, सुलभ र गुणस्तरीय बनाउनु, नागरिक शिक्षा र राजनीतिक चेतनाको विकास र विस्तार गर्नु, विविधता, सङ्घीयताको अभ्यास तथा अनुभवको कमी हुनु, स्थानीयवासीको राजनैतिक चेतनाको स्तर माथि उठ्न नसक्नु, जनउत्तरदायी शासन प्रणालीको विकास गर्न नसक्नु, प्रविधिमैत्री र समावेशी शासनको प्रवर्द्धन तथा सहभागितात्मक शासन पद्धतिको अवलम्बन गर्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा रहेका छन् ।

### ७.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| प्रभावकारी सेवाप्रवाह, नागरिक मैत्री प्रशासन: विकासमा साझेदारी र कर्ममा सुशासन |
| **लक्ष्य** |
| प्रभावकारी सेवाप्रवाहका लागि गाउँपालिकाको संस्थागत क्षमता विकास गरिनेछ । |
| **उद्देश्यहरू** |
| ✓ स्थानीयस्तरमा प्रवाह हुने सवै संघसंस्थाका सेवाहरूलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी बनाउने । |

### ७.१.४ रणनीति

- स्थानीय कानून, नीति, नियम, निर्णय, कार्यसम्पादन र सेवाप्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने ।
- मध्यस्थताद्वारा स्थानीय विवादहरूको समाधान, कानूनी साक्षरता तथा मेलमिलाप माध्यमद्वारा समुदाय तहमा शान्ति र सामाजिक सद्भाव कायम गर्ने ।

- राजस्वको आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित रही व्यवस्थित गर्ने ।
- आन्तरिक राजस्व वृद्धि गर्ने साथै कर प्रणालीलाई सरल र पारदर्शी बनाउदै क्रमशः स्मार्ट कर प्रणाली लागू गर्ने ।
- गाउँपालिकाभित्र रहेका सबै व्यवसायहरूलाई करको दायराभित्र ल्याउन व्यवसाय दर्तालाई अभियानको रूपमा संचालन गरिनेछ । व्यवसाय करको प्रभावकारी संकलन र व्यवस्थापनको लागि व्यवसाय कर असुली रणनीति तयार गरी वडा तथा गाउँपालिकास्तरीय कार्यक्रम सञ्चालन गरिनेछ ।
- मोबाइल एप्सबाट पञ्जीकरणको व्यवस्था तथा विद्युतीय नागरिक वडापत्रको व्यवस्था मिलाउनेछ ।
- स्थानीय सेवाप्रवाहलाई सरल, सहज र सेवाग्राही मैत्री बनाउन कार्यविधि निर्माण गरी सेवाप्रवाहलाई व्यवस्थित गर्नेछ ।
- गैसस, समुदाय, विकास साझेदार, निजीक्षेत्र, प्रदेश र संघीय सरकारका निकायसँग साझेदारी विकास गर्नेछ ।
- योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउनेछ ।
- प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ र सेवाप्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्तिसहितको नागरिक बडापत्र क्रमशः कार्यान्वयन गर्नेछ ।
- आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण खुलेको होर्डिङ बोर्ड राख्ने व्यवस्थालाई अनिवार्य बनाउनेछ ।
- गाउँपालिकाको संस्थागत क्षमता विकास गर्न नवनिर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अभिमुखीकरण, तालिम, गोष्ठी, अध्ययन भ्रमण जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

### ७.१.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नियमित नागरिक सन्तुष्टि सर्वेक्षण | सेवा प्रवाहको प्रभावकारीता मापन | ०८१/८२-०८३/८४ | ५०० | नियमित नागरिक सन्तुष्टि सर्वेक्षण भएको हुने |
| २ | घुम्ती स्थानीय सरकार कार्यक्रम | सार्वजनिक सेवामा सहज पहुँच | साल बसाली | १२०० | घुम्ती स्थानीय सरकार कार्यक्रम संचालन भएको हुने |
| ३ | सूचना प्रविधि पूर्वाधार खरिद | सेवा प्रवाह छिटो, छरितो | ०८१/८२ ०८२/८३ | ५०० | सूचना प्रविधि पूर्वाधार खरिद भएको हुने |
| ४ | इन्टरनेट स्तरबृद्धि र सेवा विस्तार | सहज, सुलभ र भरपर्दो इन्टरनेट सेवा | ०८१/८२-०८२/८३ | ५०० | इन्टरनेट स्तरबृद्धि र सेवा विस्तार भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५ | सार्वजनिक अभिलेख र पञ्जिकरण डिजिटलाइजेसन | अद्यावधिक अभिलेख व्यवस्थापन | साल बसाली | ५०० | सार्वजनिक अभिलेख र पञ्जिकरण डिजिटलाइजेसन भएको हुने |
| ६ | वडा तथा गाउँपालिका भवन डिपिआर तयारी | भवन निर्माण | ०८२/८३ ०८२/८३ | १००० | वडा तथा गाउँपालिका भवन डिपिआर तयारी भएको हुने |
| ७ | न्यायिक समिति क्षमता विकास | न्याय सम्पादनमा प्रभावकारीता | ०८२/८३ ०८२/८३ | ३०० | न्यायिक समिति क्षमता विकास तालिम संचालन भएको हुने |
| ९ | स्थानीय सरकार रेडियो कार्यक्रम | सार्वजनिक सूचना र कामकारवाहि बारे जानकारी प्रदान | ०८०/८१-०८३/८४ | ३०० | स्थानीय सरकार रेडियो कार्यक्रम संचालन भएको हुने |
| १० | सार्वजनिक सूचना व्यवस्थापन प्रणाली निर्माण | सार्वजनिक महत्वको सूचनामा सहज पहुँच | ०८१/८२ ०८२/८३ | १००० | सार्वजनिक सूचना व्यवस्थापन प्रणाली निर्माण भएको हुने |
| ११ | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास | क्षमता विकास | साल बसाली | ५०० | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तालिम संचालन भएको हुने |
| १२ | विकास निर्माण प्रगति विवरण Display Board निर्माण | विकास निर्माणको प्रगतिबारे अवगत | ०८१/८२ ०८१/८२ | ५०० | विकास निर्माण प्रगति विवरण Display Board निर्माण भएको हुने |
| १३ | आयोजना स्थल विवरण प्रकाशन | जनतामा सचेतना वृद्धि | ०८१/८२ ०८१/८२ | ५०० | आयोजना स्थल विवरण प्रकाशन भएको हुने |
| १४ | कर्मचारीको तलब वृद्धि तथा भत्ता | कर्मचारीलाई प्रोत्साहन | साल बसाली | ५०० | कर्मचारीको तलब वृद्धि तथा भत्ता को व्यवस्था भएको हुने |
| १५ | सार्वजनिक सुनुवाई संचालन | सरोकारवाला पक्षबीच सार्वजनिक महत्वका विषयमा बहस | साल बसाली | ३०० | सार्वजनिक सुनुवाई संचालन भएको हुने |

### ७.१.६ जोखिम पक्ष तथा अनुमान

विकासको प्रतिफल समावेशी र समन्यायिक तवरबाट वितरण गर्न, लक्षित वर्गमा परिवर्तनको महशुस गराउन, समाजमा प्रणाली, शौहार्दता र सद्भाव कायम गर्न सुशासनको महत्वपूर्ण भुमिका हुन्छ। नैतिक मूल्य मान्यताको स्खलन, भ्रष्टाचार, वित्तीय विश्रृङखलता, अपारदर्शीता, दण्डहीनता, जनउत्तरदायी व्यवहार,

जनगुनासोको सम्बोधन गर्ने संयन्त्रको अभावमा सार्वजनिक प्रशासनलाई क्षयिकरण गर्ने, विकृति मौलाउने, समाजमा धनी र गरिबबीचको असमानता अझ गहिरो हुँदै जाने जोखिम रहन्छ ।

## ७.२ मानव अधिकार तथा सामाजिक न्याय

### ७.२.१ पृष्ठभूमि

मानवियता, मानवहित र सामाजिक न्यायका निम्ति आम नागरिकलाई मानव अधिकारको महत्व र आवश्यकताबारे ज्ञान हुनुपर्दछ । आाधारभूत तहमा मौलिक हकको रुपमा नेपालको संविधानले प्रत्याभूत गरेका मानवअधिकार उपभोगको सुनिश्चितता गर्ने राज्य र राज्यद्वारा परिचालित राज्यका यन्त्रहरु जस्तै प्रशासन, प्रहरी र राज्यका संवैधानिक अंगहरु जस्तै न्यायलय, मानव अधिकार आयोग, स्थानीय न्यायिक समिति आदि हुन् । स्थानीय सरकारको प्रमुख दायित्व अन्तर्गत मानव अधिकार प्रत्याभूत गर्नु र सामाजिक न्याय कायम गर्नुपर्ने भएकाले स्थानीय विकास योजनाका यी विषयको सम्बोधन गरिएको छ ।

### ७.२.२ समस्या तथा चुनौती

अशिक्षा, अज्ञानता र पछौटेपन लगायतका सामाजिक कु-संस्कार, गरिबी, दण्डहिनता, राजनीतिक र नागरिक चेतनाको अभाव, न्यायमा पहुँच लगायतका विषय मानव अधिकार तथा सामाजिक न्यायको स्थापना समस्या र चुनौतीका रुपमा रहेका छन् ।

### ७.२.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सामाजिक रुपले न्यायपूर्ण समाजको निर्माण |
| **लक्ष्य** |
| मानव अधिकार उल्लङ्घनका घटनाहरुमा उल्लेख्य कमी ल्याई मौलिक हक प्रत्याभूत गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ मानव अधिकारको प्रत्याभूति गरी न्यायपूर्ण समाजको निर्माण गर्नु । |

### ७.२.४ रणनीति

१. मानव बेचविखन तथा शोषणका दृष्टिकोणले सम्वेदनशील व्यक्ति तथा समूह पहिचान गरी व्यापक जनचेतना अभिवृद्धि र सशक्तिकरण गर्ने ।

### ७.२.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जोखिम समूह र व्यक्तिको पहिचान | संरक्षणका उपाय अवलम्बन | ०८१/८२ ०८१/८२ | १५० | जोखिम समूह र व्यक्तिको पहिचान |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | सामाजिक सञ्जाल तथा स्थानीय संचार माध्यम मार्फत जनचेतनामूलक कार्यक्रम | मनवता विरोधी घटनाको न्युनीकरण | साल बसाली | ३०० | सामाजिक सञ्जाल तथा स्थानीय संचार माध्यम मार्फत जनचेतनामूलक कार्यक्रम |
| ३ | वडास्तरीय मानव अधिकार सेल गठन | मानव अधिकारको संरक्षण | ०८२/८३ ०८२/८३ | १५० | वडास्तरीय मानव अधिकार सेल गठन भएको हुने |
| ४ | आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि लक्षित समूह आय आर्जन कार्यक्रम | आर्थिक सशक्तिकरण | ०८१/८२-०८३/८४ | ५०० | आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि लक्षित समूह आय आर्जन कार्यक्रम संचालन भएको हुने |
| ५ | न्यायिक समितिमा मानवअधिकार उल्लङ्घनका घटना दर्ता गर्न महिला सेल अभिमुखीकरण | मनवअधिकार हननका घटना प्रति संवेदनशिलता वृद्धि | ०८२/८३ ०८२/८३ | १५० | न्यायिक समितिमा मानवअधिकार उल्लङ्घनका घटना दर्ता गर्न अभिमुखीकरण भएको हुन |
| ६ | निशुल्क कानुनी परामर्श सेवा सञ्चालन | सुलभ र प्रभावकारी कानुनी सेवा | ०८१/८२-०८३/८४ | ५०० | निशुल्क कानुनी परामर्श सेवा सञ्चालन भएको हुन |

### ७.२.६ जोखिम पक्ष तथा अनुमान

मानवअधिकारको अभावमा विकासको कुनै पनि उपलब्धिको मुल्य र महत्व रहदैन । सामाजिक वर्ग विभेद, जातीय व्यवस्था, लैङ्गिक असमानता, यौनिक र अल्पसंख्यक मानिसको पहिचानको अभाव, कानूनको व्यक्तिजनित व्याख्या र कार्यान्यवनले आधारभूत मानवअधिकारको उल्लंघन हुने जोखिम रहन्छ । विकास योजना निर्माण, नीति तथा कार्यक्रम तर्जुमा, लक्षित वर्ग कार्यक्रम कार्यान्वयन जस्ता आधारभूत पक्षमा सरोकारवाला पक्षको आवाज, प्रतिनिधित्व र पहिचानको सम्बोधन हुन सकेमा मात्र मानवअधिकारको संरक्षण हुन्छ ।

## ७.३ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

गाउँपालिकाले राजस्व प्रणालीमा कर नतिर्ने, कर वक्यौता राख्ने तथा पटक पटक सूचना प्रवाह गर्दा समेत अटेर गर्ने करदाताको एकीकृत विवरण राजस्व प्रणालीमा आवद्ध गरी त्यस्ता करदाताको लागि गाउँपालिका

र मातहतका कार्यालयबाट सेवा सुविधा दिनु पूर्व अनिवार्य रुपमा बाँकी कर वक्यौता भुक्तानी गर्न लगाउने कार्यगत व्यवस्था कडाइका साथ लागू गर्ने लक्ष्य लिएको छ । कुनै पनि विकास योजनालाई सफल रुपमा कार्यान्वयन गर्न वस्तुनिष्ठ सूचनाको अनिवार्यता हुन्छ । यसका लागि वस्तुनिष्ठ र विश्वसनीय सूचना तथा तथ्यांक प्रणालीको आवश्यकता रहन्छ । अर्कोतर्फ राजस्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापन नियमित र वैज्ञानिक नहुँदा राज्यको स्रोत र साधनको व्यापक दुरुपयोग हुन सक्ने जोखिम रहन्छ । यी पक्षहरुलाई ध्यानमा राखी तथ्यांक व्यवस्थापन, राजस्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थालाई सुदृढ गर्नुपर्ने भएकाले यो खण्ड तयार पारिएको छ ।

### ७.३.२ समस्या तथा चुनौती

सार्वजनिक नीतिलाई तथ्य र प्रमाणमा आधारित बनाउन भरपर्दो तथ्याङ्क प्रणालीको आवश्यकता पर्दछ । विश्वसनीय तथ्याङ्क प्रणालीको विकासका लागि चाहिने नीतिगत, संस्थागत र मानवीय प्रबन्धका लागि पर्याप्त लगानी, राजस्वको क्षेत्र पहिचान, चुस्त र प्रविधिमा आधारित लेखा र लेखापरीक्षण प्रणाली, वित्तीय सुशासन कायम गर्नु यो क्षेत्रको समस्या र चुनौतीको रुपमा रहेका छन् ।

### ७.३.३ दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| चुस्त तथ्याङ्क तथा वित्तीय व्यवस्थापन |
| **लक्ष्य** |
| सूचना प्रविधिको महत्तम प्रयोगमार्फत तथ्याङ्क र वित्तीय व्यवस्थापनलाई चुस्त र दुरुस्त राख्ने । |
| **उद्देश्यहरू** |
| स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरुलाई सहज, पहुँच योग्य र व्यवस्थित बनाउदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउनु । |

### ७.३.४ रणनीति

१. सुदृढ अभिलेख प्रणालीको विकास गर्ने ।
२. आर्थिक प्रशासन सम्बन्धी संस्थागत संयन्त्र निर्माण गरी वित्तीय व्यवस्थापनलाई प्रभावकारी तुल्याउने ।

### ७.३.५ कार्यक्रमको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्क तथा सूचना इकाइ गठन | विश्वसनीय सूचना तथा तथ्याङ्कको उत्पादन | ०८१/८२-०८३/८४ | ११० | तथ्याङ्क तथा सूचना इकाइ गठन भएको हुने |
| २ | सूचना अभिलेखाङ्कन सफ्टवेयर खरिद | प्रविधिमा आधारित अभिलेख | ०८१/८२ ०८१/८२ | ५०० | सूचना अभिलेखाङ्कन सफ्टवेयर खरिद भएको हुने |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | सार्वजनिक खर्चको मापदण्ड निर्माण | कानून बमोजिमको सार्वजनि खर्च | ०८१/८२ ०८१/८२ | ३०० | सार्वजनिक खर्चको मापदण्ड निर्माण भएको हुने |
| ४ | अनुगमन वार्षिक कार्ययोजना तयारी | प्रणालीबद्ध अनुगमन | ०८१/८२ ०८१/८२ | २०० | अनुगमन वार्षिक कार्ययोजना तयारी भएको हुने |
| ५ | करदाता शिक्षा कार्यक्रम | कर सम्बन्धी सचेतना वृद्धि | ०८१/८२ ०८३/८ | ३०० | करदाता शिक्षा कार्यक्रम संचालन भएको हुने |
| ६ | राजश्व सुधार कार्ययोजना निर्माण | राजस्व संकलनमा सुधार | ०८३/८४ ०८३/८४ | २५० | राजश्व सुधार कार्ययोजना निर्माण भएको हुने |
| ७ | ठूला करदाता सम्मान | कर तिर्न प्रोत्साहन | साल बसाली | २०० | १० जना ठूला करदाता सम्मानित भएको हुने |
| ८ | व्यवसाय दर्ता छुट ( लक्षित समुदाय) तथा अनुदान | औपचारिक कारोबारलाई प्रोत्साहन | ०८१/८२- ०८३/८४ | ३५० | व्यवसाय दर्ता छुट (लक्षित समुदाय) तथा अनुदान प्रदान भएको हुने |
| ९ | गाउँपालिकाको आयव्यय नियमित प्रकाशन प्रणाली निर्माण | पारदर्शी आर्थिक प्रणाली | साल बसाली | ४०० | गाउँपालिकाको आयव्यय नियमित प्रकाशन प्रणाली निर्माण भएको हुने |

### ७.३.६ जोखिम पक्ष तथा अनुमान

प्रमाणमा आधारित नीति निर्माण, आवश्यकतामा आधारित कार्यक्रम/आयोजना छनौट, लक्षित वर्गमा समन्यायिक लाभको वितरण, क्षमता विकास र सामाजिक आर्थिक सशक्तिकरणका लागि वस्तुगत र वैज्ञानिक तथ्याङ्कको आवश्यकता पर्दछ । त्यसैगरी सीमित स्रोतसाधनको कुशल विनियोजन, प्रभावकारी कार्यान्वयन र कानून बमोजिमको प्रतिवेदन प्रणालीले सार्वजनिक स्रोतको पारदर्शीता, वित्तीय अनुशासन दर्शाउँछ । तसर्थ, तथ्याङ्कमा आधारित योजना प्रणाली र अनुशासित विनियोजन र खर्च प्रणाली अवलम्बन गरिएमा सार्वजनिक वित्त प्रणाली स्वस्थ बन्न सक्छ । तथ्याङ्क प्रणाली र स्वस्थ सार्वजनिक वित्त व्यवस्थापन निर्माणका लागि समयमा पर्याप्त लगानी गर्न नसकिएमा कुनै पनि उत्कृष्ट योजना/आयोजना कार्यान्वयन नहुने जोखिम रहन्छ ।

## नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **सुशासन तथा सेवा प्रवाह** | | | | |
| | प्रतिफल | सेवा प्रवाह सन्तुष्टि सर्वेक्षण | संख्या | | |
| | प्रतिफल | सार्वजनिक सुनुवाई | संख्या | | |
| | प्रतिफल | अनुगमन | संख्या | | |
| | असर | पूँजीगत बजेट खर्च | प्रतिशत | | |
| | असर | लक्षित आयोजना सम्पन्न | प्रतिशत | | |
| | प्रतिफल | न्यायिक समितिबाट फछ्र्यौट मुद्दा संख्या (वार्षिक) | संख्या | | |
| | प्रतिफल | जनगुनासो संख्या | संख्या | | |
| | प्रतिफल | गुनासो सम्बोधन प्रणालीबाट सम्बोधन भएका गुनासा | संख्या | | |
| | प्रतिफल | कर्मचारी जनप्रतिनिधि तालिम अभिमुखीकरण | संख्या | | |
| | प्रतिफल | सूचना प्रविधिमा आबद्ध सूचना संख्या | संख्या | | |
| | प्रतिफल | स्थानीय रेडियो कार्यक्रम प्रसारण | संख्या | | |
| | प्रतिफल | निजी क्षेत्र अन्तरक्रिया | संख्या | | |
| २. | **मानव अधिकार तथा सामाजिक न्याय** | | संख्या | | |
| | प्रतिफल | जोखिममा परेका व्यक्तिको संख्या | संख्या | | |
| | प्रतिफल | मानव अधिकार सेल संख्या | संख्या | | |
| | प्रतिफल | लक्षित समूह आय आर्जन कार्यक्रम संख्या | संख्या | | |
| | प्रतिफल | न्यायिक समितिमा दर्ता भएका मानव अधिकार उल्लङ्घनका | संख्या | | |
| | प्रतिफल | मानव अधिकार घुम्ती कक्षा संख्या | संख्या | | |
| | प्रतिफल | निशुल्क कानूनी परामर्शबाट दर्ता भएका मुद्धा संख्या | संख्या | | |
| | प्रतिफल | यौन हिंसाका घटना (दर्ता संख्या) | संख्या | | |
| | प्रतिफल | मानव बेचविखनमा परेका संख्या | संख्या | | |
| ३. | **तथ्याङ्क व्यवस्थापन राजश्व परिचालन** | | | | |
| | प्रतिफल | तथ्याङ्क व्यवस्थापन प्रणालीमा आबद्ध सूचना प्रणाली संख्या | संख्या | | |
| | प्रतिफल | करदाता शिक्षा कार्यक्रम संख्या | संख्या | | |
| | असर | कूल बजेटमा आन्तरिक राजश्व वा करको हिस्सा | प्रतिशत | | |
| | असर | कूल स्वीकृत बजेटको खर्च प्रतिशत (वार्षिक) | प्रतिशत | | |
| | प्रतिफल | दर्ता भएका व्यवसाय संख्या | संख्या | | |
| | प्रतिफल | राजश्व संकलन हुने शिर्षक संख्या | संख्या | | |

*स्रोत: राप्ती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय*